जनप्रतिनिधिको

# २ वर्ष

## विशेष स्मारिका



# महालक्ष्मी नगरपालिका

ललितपुर

३ नं. प्रदेश, नेपाल





महालक्ष्मी नगरपालिका, ललितपुरद्वारा प्रकाशित

# जनप्रतिनिधिको २ वर्ष

**संरक्षक**
रामेश्वर श्रेष्ठ
निर्मला थापा

**सम्पादक**
लक्ष्मी प्रसाद रेग्मी

**सम्पादन मण्डल**
नन्दकुमार न्यौपाने
रामबहादुर केसी
कुवेर के.सी.
लक्ष्मण रोका
राजकुमार सिल्वाल
वासुदेव महर्जन
नकुल थापा
विश्वराज श्रेष्ठ
वासुदेव शर्मा गौतम
बलराम लामा

**संयोजन**
शेखर अधिकारी

**प्रिन्टिङ**
सदीक्षा अफसेट प्रेस प्रा. लि.
कालीमाटी, काठमाडौं

कृष्णलाल मर्हजन
सदस्य
प्रतिनिधि सभा
ललितपुर-२
नेपाल कम्युनिष्ट पार्टी(नेकपा)

Krishna Lal Maharjan
Member
House of Representatives
Lalitpur-2
Nepal Communist Party(NCP)



## शुभकामना

ललितपुर जिल्लाको महालक्ष्मी नगरपालिकामा जनप्रतिनिधिले जिम्मेवारी वहन गरेपछिका गतिविधिहरु समेटेर **'जनप्रतिनिधिका दुई वर्ष'** विशेष स्मारिका प्रकाशन गर्न लागेकोमा खुसी व्यक्त गर्दछु । स्मारिकामा प्रकाशित लेख रचनाहरु पठनीय र संग्रहरणीय हुने विश्वास लिएको छु ।

नगरपालिकाले अहिले गरिरहेका कार्यहरुप्रति मेरो सदैव साथ र समर्थन छ । अझै पनि स्थानीय तहमा भएका सम्भावनालाई समृद्धिमा रुपान्तरण गर्न महालक्ष्मी नगरपालिकाका जनप्रतिनिधिले अल्पकालीन, मध्यकालीन र दीर्घकालीन आवधिक योजना निर्माण गर्नुपर्ने आवश्यकता मैले महसुस गरेको छु ।

बिना योजना यथास्थितिमा नै स्थानीय तह सञ्चालन भए जनप्रतिनिधिको पाँचवर्षे कार्यकाल अलमलमै बित्ने तर्फ सजग रहनुपर्दछ । वार्षिक योजनाले अल्पकालीन योजनाका लक्ष्य पूरा गरे पनि आवधिक योजनाले स्थानीय तहको दीर्घकालीन योजना र लक्ष्यलाई सार्थकता प्रदान गर्दछ । स्थानीय तहप्रति आमनागरिकको अपेक्षा धेरै भएको र त्यसलाई व्यवस्थित रूपमा सञ्चालन गर्नुपर्ने आवश्यकता छ ।

महालक्ष्मी नगरपालिकाले आर्थिक वृद्धि र सामाजिक रुपान्तरण गर्न सेवा र सुविधालाई सर्वसुलभ र गुणस्तरीय बनाउन यथासम्भव कार्य गरेको मैले महसुस गरेको छु । आगामी दिनमा पनि जनतालाई प्रदान गर्ने सेवाहरुलाई चुस्त बनाउने, विकास निर्माणलाई तीव्रता दिने, आर्थिक पारदर्शितालगायतका कार्यमा नगरपालिका अब्वल हुने विश्वास लिएको छु । जनप्रतिनिधिको नेतृत्वमा रहेको नगरपालिकाका आगामी दिन पनि थप सुखद हुनेछन् भन्ने कामना गरेको छु ।

धन्यवाद ।

Maharjan

कृष्णलाल महर्जन

प्रतिनिधिसभा सदस्य

ललितपुर क्षेत्र नम्बर २

**माधव प्रसाद पौडेल**
सभापति
प्रदेश मामिला समिति
प्रदेश सभा
प्रदेश नं. ३

**MADHAV PRASAD PAUDEL**
Chairperson
State Affairs Committee
State Assembly
State No-3



# शुभकामना

मिति: २०७६।३।२३

यस महालक्ष्मी नगरपालिका प्रदेश नं. ३ ललितपुर ईमाडोल, निर्वाचन पश्चात प्रथम र दोस्रो वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गर्न लागेको जानकारी पाउँदा अत्यन्तै खुसी लागेको छ । यस नगरपालिकाले सम्पन्न गरेका हाल सम्मका विभिन्न योजनाहरू नगर स्तरिय जानकारी सहित आर्थिक विवरणहरू समावेश हुने यस प्रथम र दोस्रो वार्षिक प्रतिवेदनका बारेमा जानकारी लिन चाहने यस नगरबासीहरूका लागि उपयोगी हुने विश्वास लिएको छु ।

निर्वाचनको क्रममा जनतासंग गरिएका प्रतिबद्धतालाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न, संविधान र कानूनले मार्गदर्शन गरेका खाका भित्र रहि यस नगरपालिकाको दिर्घकालिन सोच सहितको प्रथम र दोस्रो वार्षिक प्रगति प्रतिवेदन नगरपालिका भित्र रहेका योजनाहरूको बारेमा नगरबासीहरूलाई सुसज्जित गराउने लोकतान्त्रिक शैली नगरपालिकाको सर्म्पूण जनतालाई पार्दशिता गराउन एउटा बलियो प्रमाण हो । यसबाट सर्म्पूण नगरबासीहरू र अन्य सरोकारवाला निकायहरूलाई ठूलो योगदान पुऱ्याउँछ । साथै यस प्रकाशनले नगरपालिकालाई समेत सहयोग पुऱ्याउँन विश्वास लिएको छु ।

अन्तमा प्रस्तुत प्रतिवेदन नगरपालिका सगं सम्वन्धित सम्पूर्ण नगरबासीहरूलाई जानकारी मूलक तथा उपयोगि हुने अपेक्षा समेत गरेको छु ।

माधव प्रसाद पौडेल
सभापति
प्रदेश मामिला समिति
प्रदेश नं.३

"स्वच्छ, सफा, समृद्ध, सुन्दर – महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
### नगर कार्यपालिकाको कार्यालय
### Office of the Executive

ललितपुर
Lalitpur
३ नं. प्रदेश, नेपाल
Province 3-, Nepal

फोनः ०१-५२०३५९२
Phone: 01-5203592



## शुभकामना

महालक्ष्मी नगरपालिकामा जनप्रतिनिधिले जिम्मेवारी सम्हालेको दुई वर्ष पूरा भएको अवसरमा 'जनप्रतिनिधिको २ वर्ष' विशेष स्मारिका प्रकाशन गर्ने खबर सुनाउन पाउँदा खुसी लागेको छ । जनताले विश्वास गरी सुम्पिएको जिम्मेवारी सम्हालेको दुई वर्ष पूरा भएको अवसरमा नगरपालिकाले गरेका प्रगति विवरणलाई पुस्तकमा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

स्थानीय सरकारको भूमिकामा रहेको नगरपालिकाले दुई वर्षमा गरेका कामहरुको फेहरिस्त विवरण प्रस्तुत गर्ने काम पक्कै पनि जटिल हो । किनभने नगरपालिकाको दायित्व र जिम्मेवारी बहुआयामिक छ तर, पनि सानो पुस्तकमार्फत हरसम्भव गतिविधिहरु समेट्ने प्रयास गरिएको छ ।

सिमित श्रोत, साधन, उच्च जन आकाक्षा, भर्खरै स्थापित नगरपालिकाको, कर्मचारी समायोजन लगायतका जटिलतका बीच सम्पूर्ण जनप्रतिनिधिहरुको विकास प्रतिको जागरुकता, ऐक्यवद्धता र लगनशिलताले समग्र नगरपालिकाको नीति निर्माण, योजना तर्जुमा र कार्यान्वयनमा लगनशिलता हासिल गरेको महशुस भएको छ ।

"स्वच्छ, सफा, समृद्ध, सुन्दर-महालक्ष्मी नगर" निर्माणको अभियानलाई सार्थक तुल्याउन बाँकी रहेको अवधि थप मेहनत र क्रियाशिल भई जनता माझ गरेका प्रतिवद्धता पूरा गर्ने तर्फ जनप्रतिनिधिहरु प्रयत्नशील रहेका छौं । दुई वर्षको अवधिमा नगरपालिका भित्र पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, खानेपानी ढल निकास, कृषि, पशु, सामाजिक विकासको क्षेत्रमा महत्वपुर्ण आधार तयार गरेका छौं ।

नगरपालिकाका नीति र योजनाहरुमा महालक्ष्मी नगरबासीले दिएको साथ समर्थन र सहकार्यप्रति हार्दिक अभार व्यक्त गर्दछु । विशेष स्मारिकामा प्रकाशन भएका सामाग्रीहरु पठनीय हुने विश्वास लिएको छु ।

धन्यवाद ।

रामेश्वर श्रेष्ठ
नगर प्रमुख

"स्वच्छ, सफा, समृद्ध, सुन्दर – महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

महालक्ष्मी नगरपालिका
Mahalaxmi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Executive
ललितपुर
Lalitpur
३ नं. प्रदेश, नेपाल
Province 3-, Nepal

फोनः ०१-५२०३५९२
Phone: 01-5203592



# शुभकामना

महालक्ष्मी नगरपालिकामा जनप्रतिनिधिले जिम्मेवारी वहन गरेपछिका दुई वर्षमा भए गरेका क्रियाकलाप समेटेर तयार पारिएको "जनप्रतिनिधिका दुई वर्ष" पुस्तक नगरबासी दाजुभाइ तथा दिदी बहिनीहरुसमक्ष प्रस्तुत गरेका छौं ।

पुस्तकमा प्रकाशित सामाग्रहरुले जनप्रतिनिधिले निर्वाह गरेका भूमिकाहरु र नगरपालिकाले सम्पादन गरेका क्रियाकलापबारे अवगत हुने अवसर हुनेछ । तर, यहाँ प्रस्तुत गरेका गतिविधिमा मात्रै नगरपालिका सीमित भएको छैन ।

महालक्ष्मी नगरपालिकाले शिक्षा, स्वास्थ्य, पूर्वाधारलगायतका क्षेत्रमा दुई वर्षमा ठूलो फड्को मारेको छ । सेवा प्रवाह, प्रविधि प्रयोगका क्षेत्रमा पनि नगरपालिकाले उत्साहजनक काम गरेको छ ।

स्थानीय सरकारको पहिलो अभ्यासकर्ता हुनु र लामो समय ऐन, कानुन र नियमहरुलाई व्यवस्थित गर्दै जानुपने बाध्यता कारण सुरुका दिन केही अलमलजस्तो भए पनि बाँकी दिनहरुमा मिहिनेतसाथ काम गरिएको छ । अधिकारसम्पन्न स्थानीय तहलाई सफल बनाउनु भनेको संघीयता कार्यान्वयनमा योगदान दिनु हो । अतः हाम्रो बाँकी कार्यकाल पनि योग्यता, क्षमता र स्रोतले भ्याएसम्म नमूना काम गरेर नै बित्ने प्रण गर्दछु ।

अन्त्यमा पुनः नगरबासी दाजुभाइ तथा दिदीबहिनी एवं शुभचिन्तकहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

..................

**निर्मला थापा**
नगर उपप्रमुख

"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
### नगर कार्यपालिकाको कार्यालय
### Office of the Executive

Lalitpur
३ नं. प्रदेश, नेपाल
Province 3-, Nepal

फोनः ०१-५२०३५९२
Phone: 01-5203592



## शुभकामना

ललितपुर जिल्लाको महालक्ष्मी नगरपालिकामा जनप्रतिनिधिहरुले जिम्मेवारी वहन गरेपछि "स्वच्छ, सफा, समृद्ध, सुन्दर-महालक्ष्मी नगर" भन्ने दुरदृष्टि निर्धारण गरी नगरको समग्र विकासका लागि उल्लेखनीय प्रयास भएका छन् । जनप्रतिनिधिहरु बहाल भएको दुई वर्षको अवधिभित्र नगर क्षेत्रको पूर्वाधार, सामाजिक, आर्थिक, शिक्षा, स्वास्थ्य, खानेपानी, ढल निकास, कृषि, पर्यटन विकासका साथै नगरपालिकाबाट प्रदान गरिने सेवा प्रवाहमा उल्लेखनीय सुधार भई विकासको आधार तय भएको छ । यी दुई वर्ष अवधिमा भएका मूख्य-मूख्य उपलब्धिलाई यो विशेष स्मारिकामा समेट्ने प्रयास गरिएको छ ।

यस स्मारिका मार्फत आम नगरबासीले जनप्रतिनिधिहरुले जिम्मेवारी बहन गरेपछि भएका महत्वपुर्ण कामको जानकारी हासिल गर्नुका साथै यस नगरपालिकाको पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व प्रर्वद्धन र नागरिकको सूचनाको हक सुनिश्चित हुने दिशामा सहयोग पुग्ने अपेक्षा गरिएको छ । आगामी दिनमा समेत महालक्ष्मी नगरपालिकाबाट सम्पादन भएका सम्पूर्ण गतिविधिहरु कुनै न कुनै माध्यमबाट आम नागरिक समक्ष पुर्‍याउने प्रतिवद्धता सहित यस नगरपालिकालाई "स्वच्छ, सफा, समृद्ध, सुन्दर-महालक्ष्मी नगर" बनाउने दृढ अठोट सहित अहोरात्र खट्नुहुने नगर प्रमुख, उपप्रमुख, वडाध्यक्ष लगायत सम्पूर्ण जनप्रतिनिधिज्यूहरु प्रति हार्दिक सम्मान व्यक्त व्यक्त गर्न चाहान्छु । साथै जनप्रतिनिधिज्यूहरु मार्फत पारित नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा महत्वपुर्ण सहयोग पुर्‍याउनु हुने यस नगरपालिकामा कार्यरत सम्पुर्ण कर्मचारीहरुलाई धन्यवाद सहित आगामी दिनमा समेत जनप्रतिनिधिज्यूहरुको समृद्ध नगर बनाउने उत्कृष्ट चाहनालाई मुर्तरुप दिन थप इमान्दार, लगनशील र कर्तव्यनिष्ठ भई जिम्मेवारी निर्वाह गर्न सफलताको लागि शुभकामना व्यक्त गर्दछु ।

लक्ष्मी प्रसाद रेग्मी
प्रमुख प्रशासकीय अधिकृत
महालक्ष्मी नगरपालिका कार्यालय
प्रदेश नं. ३, ललितपुर ।

# विषय सूची


| | |
|---|---|
| महालक्ष्मी नगरपालिकाका दुई वर्ष: धेरै काम भयो, अझै गर्न बाँकी छ | ५ |
| न्यायिक सम्पादनमा उपमेयरको अनुभव | ११ |
| वडाध्यक्षहरुको दुई वर्षे कार्य अनुभव | १२ |
| यातायात सुधारमा साझालाई महालक्ष्मी नगरपालिकाको साथ ४० लाख रुपैयँको शेयर खरिद | ६३ |
| विद्युतीय यातायात र हरित सहर प्रवर्द्धन गर्ने सम्बन्धी सहयोग सम्झौतामा हस्ताक्षर | ६४ |
| महालक्ष्मी नगरपालिका खुला दिसामुक्त | ६६ |
| स्वस्थ्य महालक्ष्मी नगरपालिका अभियान किष्ट अस्पताल र नगरपालिकाको २० बुँदे सम्झौता | ६७ |
| नगरपालिकाद्वारा  केयुकेएलको शेयर खरिद | ६९ |
| पानीको स्रोतको खोज्दै महालक्ष्मी नगरपालिका | ७० |
| प्रगति प्रतिवेदनहरु | ७३ |
| प्रधानमन्त्री युवा स्वरोजगार कार्यक्रमले ५९ जना लाभान्वित | ७९ |
| फोटो ग्यालरी | ८४ |

# महालक्ष्मी नगरपालिका, ललितपुरका निर्वाचित पदाधिकारीहरु



**रामेश्वर श्रेष्ठ**
नगर प्रमुख



**निर्मला थापा**
नगर उप-प्रमुख



**नन्दकुमार न्यौपाने**
वडा अध्यक्ष - १



**सरस्वती लामा**
वडा सदस्य - १



**विष्णु तिमिल्सना**
वडा सदस्य



**ज्ञानु खड्का**
महिला वडा सदस्य - १



**प्रमिला परियार**
दलित महिला सदस्य - १



**रामबहादुर के.सी.**
वडा अध्क्ष - २



**नवराज सुवेदी**
वडा सदस्य - २



**कृष्णकुमार के.सी.**
वडा सदस्य - २



**गंगा दाहाल**
महिला सदस्य - २



**ज्ञानु सुनुवार**
दलित महिला सदस्य - २



**कुवेर के.सी.**
वडा अध्यक्ष - ३



**हरिबहादुर कार्की**
वडा सदस्य - ३



**सानुकाजी महर्जन**
वडा सदस्य - ३



**सुनिता केसी**
महिला वडा सदस्य - ३



**लक्ष्मी मग्राती**
दलित महिला सदस्य - ३



**लक्ष्मण रोक्का**
वडा अध्यक्ष - ४



**नरदीप घिमिरे**
वडा सदस्य - ४



**अमृत खत्री**
वडा सदस्य - ४



**भक्तिमाया कार्की (थापा)**
महिला वडा सदस्य - ४



**संगीता भुसाल**
दलित महिला सदस्य - ४

# महालक्ष्मी नगरपालिका, ललितपुरका निर्वाचित पदाधिकारीहरू



**राजकुमार सिल्वाल**
वडा अध्यक्ष - ५



**रमेश थापा**
वडा सदस्य - ५



**प्रदीप पराजुली**
वडा सदस्य - ५



**कल्पना राना मगर**
महिला वडा सदस्य - ५



**सिता मिजार**
दलित महिला सदस्य - ५



**वासुदेव महर्जन**
वडा अध्यक्ष - ६



**सुरेन्द्र अमात्य**
वडा सदस्य - ६



**नन्द महर्जन**
वडा सदस्य - ६



**शोभा महर्जन**
महिला वडा सदस्य - ६



**लक्ष्मी त्रिखत्री**
दलित महिला सदस्य - ६



**नकुल थापा**
वडा अध्क्ष - ७



**दामोदरप्रसाद पौडेल**
वडा सदस्य - ७



**साधुराम श्रेष्ठ**
वडा सदस्य - ७



**रेश्मा के.सी. (कार्की)**
महिला सदस्य - ७



**रमा रम्तेल**
दलित महिला सदस्य - ७



**विश्वराज श्रेष्ठ**
वडा अध्यक्ष - ८



**अनिल श्रेष्ठ**
वडा सदस्य - ८



**आशिष के.सी.**
वडा सदस्य - ८



**अम्बिका श्रेष्ठ**
महिला वडा सदस्य - ८



**उमा मिजार**
दलित महिला सदस्य - ८



**वासुदेव शर्मा गौतम**
वडा अध्यक्ष - ९



**राजकुमार के.सी.**
वडा सदस्य - ९



**राजेन्द्र घिमिरे**
वडा सदस्य - ९



**अम्बु पोखरेल**
महिला वडा सदस्य - ९



**रिता पुकुर्टी**
दलित महिला सदस्य - ९

# महालक्ष्मी नगरपालिका, ललितपुरका निर्वाचित पदाधिकारीहरू



**बलराम लामा**
वडा अध्यक्ष - १०



**आलोककुमार तामाङ**
वडा सदस्य - १०



**छेवाङ तामाङ**
वडा सदस्य - १०



**निशा गुरुङ**
महिला वडा सदस्य - १०



**सरिता सुनार**
दलित महिला सदस्य - १०

## नगरसभाबाट निर्वाचित नगर कार्यपालिकाका सदस्यहरू



**रमेश मिजार**



**कुमार बयलकोटी**



**मिरा पौडेल**

हाम्रो टोल, बस्तीको सफाईले
हाम्रो सभ्यताको परिचय दिन्छ ।

आफ्नो घर, टोल र सार्वजनिक
क्षेत्र सदैव सफा राखौं ।

– महालक्ष्मी नगरपालिकाद्वारा जनहितमा जारी सन्देश



# महालक्ष्मी नगरपालिका, कार्यालयका कर्मचारीहरूको विवरण

| क्र स | नाम थर | पद/तह | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री लक्ष्मीप्रसाद रेग्मी | प्रमुख प्रशासकीय अधिकृत | ९८५१२५००१५ |
| २ | श्री रामबन्धु सुवेदी | अधिकृत स्तर दशौं (शिक्षा) | ९८४१५८४८२९ |
| ३ | श्री उषा कँडेल | रा.प.द्वितीय (उपसचिव) शिक्षा | ९८४१५५५६८० |
| ४ | श्री सुनिता योङहाङ | अधिकृत आठौं (शिक्षा) | ९८४१५९३६२८ |
| ५ | श्री राजु बज्राचार्य | इन्जिनियर (आठौं) सिभिल/इरिगेसन | ९८४१८५९७०७ |
| ६ | श्री विनोदकुमार खड्का | खोप अधिकृत (सातौं तह) स्वास्थ्य | ९८४१२१६९०६ |
| ७ | श्री दीपक भट्टराई | पशु चिकित्सक (अधिकृत सातौं) | ९८४१८७४१६६ |
| ८ | श्री पार्वती धामी | पशु चिकित्सक, रा.प.तृतीय | ९८५१०२१८७५ |
| ९ | श्री विवेकानन्द महत | कृषि प्रसार (तालिम अधिकृत) रा.प.तृतीय | ९८४९१२०७८१ |
| १० | श्री शिवकुमार घिमिरे | लेखा अधिकृत | ९८५११७५०७८ |
| ११ | श्री शारदाप्रसाद अधिकारी | अधिकृत छैटौं(प्रशासन) | ९८४१९२६४६६ |
| १२ | श्री पुष्पराज अधिकारी | अधिकृत छैटौं(प्रशासन) | ९८५११४८४०६ |
| १३ | श्री राजन कुमार आचार्य | अधिकृत छैटौं(प्रशासन) | ९८४१५९२५०१ |
| १४ | श्री खम्बा थापा | सि.अ.न.मि.(छैठौं) स्वास्थ्य | ९८४८२०९३३९ |
| १५ | श्री प्रशान्तसिंह थापा | इन्जिनियर (छैटौं) सिभिल | ९८४१६९७८७५ |
| १६ | श्री मनिष सुवेदी | इन्जिनियर (छैटौं) सिभिल | ९८४००९३८६९ |
| १७ | श्री विपुल कुमार यादव | रोजगार संयोजक (रा.प.तृतीय) | ९८४१७५६०६३ |
| १८ | श्री ताराकुमारी के.सी. | अधिकृत छैटौं(विविध) | ९८४९०२८३०७ |
| १९ | श्री शिवलाल अधिकारी | अधिकृत छैटौं(कृषि/भेट), ला.पो.डे.डे. | ९८४६०३८७६३ |
| २० | श्री टंक बहादुर अधिकारी | अधिकृत छैटौं (कृषि) | ९८४२४२४७४७ |
| २१ | श्री विमला पोखरेल कार्की | सहायक स्तर पाँचौ | ९८४२२६६१५४ |
| २२ | श्री अभिषेक घिमिरे | सहायक स्तर पाँचौ | ९८०४९४६१८० |
| २३ | श्री रामचन्□ पौडेल | सहायक स्तर पाँचौ | ९८४७६६८५७० |
| २४ | श्री संगम चाम्लिङ | स.म.बि.नि.( सहायक स्तर पाँचौ) | ९८४८१९४३४० |
| २५ | श्री कुवेर के.सी. | लेखा तथा प्रशासन सहायक (स. स्तर पाँचौ) | ९८५१०४२३२४ |

| | | | |
|---|---|---|---|
| २६ | श्री कैलाश खड्का | सब इन्जिनियर,सिभिल (सहायक स्तर पाँचौ) | ९८४१६२७५७२ |
| २७ | श्री श्रृजना घिमिरे | सामाजिक परिचालक (सहायक स्तर पाँचौ) | ९८५१०१६४६९ |
| २८ | श्री बोनस श्रेष्ठ | सब इन्जिनियर, सिभिल (सहायक स्तर पाँचौ) | ९८४१०६६२५५ |
| २९ | श्री सुमन चर्माकार | सब इन्जिनियर, सिभिल (सहायक स्तर पाँचौ) | ९८४३७१३३९२ |
| ३० | श्री मधुसुदन आचार्य | ना.प्रा.स.(सहायक स्तर पाँचौ) | ९८४३१९४५४६ |
| ३१ | श्री सानुकाजी थापा | न.प.स्वा.प्रा. (सहायक स्तर पाँचौ) पशु सेवा | ९८४१६२३९६९ |
| ३१ | श्री दिनेश के.सी. | (सहायक स्तर चौथो) | ९८४८४७६६३० |
| ३२ | श्री दिपेन्द्र नेम्कुल | खरिदार (सहायक स्तर चौथो) | ९८५१०००३३१ |
| ३३ | श्री सरस्वती श्रेष्ठ | अ.हे.व.(चौथो तह) | ९८४१८८८०७५ |
| ३४ | श्री प्रविना श्रेष्ठ | प्राविधिक (सहायक स्तर चौथो) | ९८४९०८८६९१ |
| ३५ | श्री गीता श्रेष्ठ | स.म.बि.नि. | ९८४१७३१२३८ |
| ३६ | श्री मिलन खड्का | प्राबिधिक (सहायक स्तर चौथो) | ९८५१२०६३७५ |
| ३७ | श्री प्रवेश खत्री | कम्प्युटर अपरेटर | ९८४९४१८३८२ |
| ३८ | श्री सञ्जु मैनाली | कम्प्युटर अपरेटर | ९८४३८६६७३८ |
| ३९ | श्री अष्टबहादुर श्रेष्ठ | सर्भेक्षक (सहायक स्तर चौथो) | ९८४१४९००२२ |
| ४० | श्री गोमा सापकोटा | कार्यालय सहयोगी | ९८४२२७६७७८ |
| ४१ | श्री शिबि पोखरेल | कार्यालय सहयोगी | ९८१३४१२५४३ |
| ४२ | श्री गोकुल सिजापती | कार्यालय सहयोगी | ९८५१२३४१८३ |
| ४३ | श्री भावना महर्जन | कार्यालय सहयोगी | ९८४०२२७८८६ |
| ४४ | श्री बुद्धि गिरी | कार्यालय सहयोगी | ९८४१७०२५३६ |
| ४५ | श्री विनिता के.सी. | कार्यालय सहयोगी | ९८४१६४७२७६ |
| ४६ | श्री पूर्ण मगर | हलुका सवारी चालक | ९८४९४९८७०२ |
| ४७ | श्री रत्नलाल महर्जन | हेभी सवारी चालक | ९८४१५५७२४० |
| ४८ | श्री निराजन खड्का | हेभी सबारी चालक | ९८०३३२५१४७ |
| ४९ | श्री बिनोद कार्की | हेभी सवारी चालक | ९८४९१९७८८९ |
| ५० | श्री सुवर्ण खड्का | हलुका सवारी चालक | ९८६५४६१७७५ |
| ५१ | श्री नन्दमान महर्जन | हलुका सवारी चालक | ९८१८३७००९६ |
| ५२ | श्री केशव कुमार कंडेल | हेभी सवारी चालक | ९८६३४०४७२० |

# महालक्ष्मी नगरपालिका, वडा कार्यालयका कर्मचारीहरुको विवरण

**वडा नं. १**

| | | | |
|---|---|---|---|
| ५७ | श्री सुदर्सन खत्री | (वडा सचिव) सहायक स्तर पाँचौ | ९८४९४०५३६३ |
| ५८ | श्री निजमकुमार चौधरी | सब इन्जिनीयर (सहायक स्तर पाँचौ) | ९८०३४१०००९ |
| ५९ | श्री राजुप्रसाद शर्मा | खरिदार (सहायक स्तर चौथो) | ९८४१४००९८५ |
| ६० | श्री परशुराम फुँयाल | कार्यालय सहयोगी | ९८४९१०३१४५ |

**वडा नं. ०२**

| | | | |
|---|---|---|---|
| ६१ | श्री आशीष पन्त | सब इन्जिनीयर (सहायक स्तर पाँचौ) | ९८४८०४४५७४ |
| ६३ | श्री बिष्णुप्रसाद पौडेल | सहायक स्तर चौथो | ९८४९००४०९६ |
| ६४ | श्री गीता थापा | कार्यालय सहयोगी | ९८१८९२८८७८ |

**वडा नं. ३**

| | | | |
|---|---|---|---|
| ६५ | श्री बालमुकुन्द श्रेष्ठ | (वडा सचिव) सहायक स्तर पाँचौ | ९८४९१२६५०१ |
| ६६ | श्री गंगा कट्टेल | कम्प्यूटर अपरेटर | ९८४९२४६०३० |
| ६७ | श्री रामकुमारी के.सी. | कार्यालय सहयोगी | ९८१८६०६७९७ |

**वडा नं. ४**

| | | | |
|---|---|---|---|
| ६८ | श्री मनीषा पहाडी | (वडा सचिव) सहायक स्तर पाँचौ | ९८६२२६८९०६ |
| ६९ | श्री सुलोचना नेपाल | सामाजिक परिचालक | ९८४१६४८८४२ |
| ७० | श्री सरिता विष्ट | कार्यालय सहयोगी | ९८१८४९७०८७ |

**वडा नं. ५**

| | | | |
|---|---|---|---|
| ७१ | श्री शिव बुढाथोकी | वडा सचिव (सहायक स्तर चौथो) | ९८४१२७७९७६ |
| ७२ | श्री इन्दु सेना खड्का | सामाजिक परिचालक | ९८४१६१५०२६ |
| ७३ | श्री मदन खड्का | कार्यालय सहयोगी | ९८४१८४२३२४ |

**वडा नं. ६**

| | | | |
|---|---|---|---|
| ७४ | श्री हित लाल श्रेष्ठ | वडा सचिब (सहायक स्तर चौथो) सह लेखापाल | ९८५१०९२६१२ |
| ७५ | श्री सुरेसप्रसाद डंगोल | सब इञ्जिनियर (सहायक स्तर पाँचौ) | ९८८०४१६५३९ |
| ७६ | श्री रिना विष्ट | कम्प्यूटर अपरेटर | ९८६०८१५९९१ |
| ७७ | श्री रिना महर्जन | सामाजिक परिचालक | ९८४३१२२१४१ |
| ७८ | श्री गंगाबहादुर महर्जन | कार्यालय सहयोगी | ९८४१८१३५२२ |

**वडा नं. ७**

| | | | |
|---|---|---|---|
| ७९ | श्री मुकुन्द भण्डारी | (वडा सचिव) सहायक स्तर पाँचौ | ९८१३७३६१०९ |
| ८० | श्री निरोज थापा | कम्प्यूटर अपरेटर | ९८४१६५०१३४ |
| ८१ | श्री प्रकाश खत्री | कार्यालय सहयोगी | ९८१३३७६९३४ |

**वडा नं. ८**

| | | | |
|---|---|---|---|
| ८२ | श्री हिमाल बस्नेत | (वडा सचिव) सहायक स्तर पाँचौ | ९८५१२३९४४१ |
| ८३ | श्री सुवास श्रेष्ठ | सब इन्जिनीयर (सहायक स्तर पाँचौ) | ९८४८८४३३०९ |
| ८४ | श्री राजु श्रेष्ठ | सहायक स्तर चौथो | ९८४१३५००३८ |
| ८५ | किशोर श्रेष्ठ | सामाजिक परिचालक | ९८५१०७०२३४ |
| ८६ | श्री सुमन श्रेष्ठ | कार्यालय सहयोगी | ९८४९२२०७४० |

**वडा नं. ९**

| | | | |
|---|---|---|---|
| ८७ | श्री नारायणकुमार श्रेष्ठ | वडा सचिव (सहायक स्तर चौथो) | ९७५१०२१८५६ |
| ८८ | श्री योगेशराज न्यौपाने जैसी | सब इञ्जिनियर (सहायक स्तर पाँचौ) | ९८४८८२५८२४ |
| ८९ | श्री निर्मला गौतम | सामाजिक परिचालक | ९८०३६१७९९७ |
| ९० | श्री श्रीधर पौडेल | कार्यालय सहयोगी | ९८४९३६३४३३ |

**वडा नं. १०**

| | | | |
|---|---|---|---|
| ९१ | श्री शरदचन्द्र पौडेल | (वडा सचिव) सहायक स्तर पाँचौ | ९८४१३८३०७४ |
| ९२ | श्री थानेश्वर पौडेल | रा.प. अन.प्रथम श्रेणी | |
| ९३ | श्री गोकुल खड्का | खा.पा.स.टे.(रा.प.अन. द्वितीय) | ९८४१२१०२७९ |
| ९४ | श्री रेणु कुमारी घले | कार्यालय सहयोगी | |

अपाङ्गता भएका व्यक्तिहरुप्रतिको
नकारात्मक सोच आजैदेखि अन्त्य गरौं ।

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ललितपुर, ३ नं. प्रदेश, नेपाल



## महालक्ष्मी नगरपालिकाका दुई वर्ष:

# धेरै काम भयो, अझै गर्न बाँकी छ

दुई वर्षअघि मैले नेतृत्व सम्हाल्दा महालक्ष्मी नगरपालिका पनि आफैँमा नयाँ नगरपालिका थियो । प्रशासनिकसँगै विकासका धेरै विषयमा काम गर्नुपर्ने दायित्वहरू थियो । शिक्षा, स्वास्थ्य, खानेपानी, ढल, पूर्वाधार विकाससहित चौतर्फी क्षेत्रमा सुधारको आवश्यकता थियो । नगरपालिकाले अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना तयार गर्‍यो । तत्काल गर्नुपर्ने कामहरू अल्पकालीनको सूचीमा राखेर गरिरहेका छौं, दीर्घकालीन कामहरूका योजनालाई व्यवस्थितरूपमा सञ्चालन गरिरहेका छौं ।

नगरपालिकाले पूर्वाधारको क्षेत्रमा विनियोजित रकममध्ये ८० प्रतिशत सामाजिक र क्षमता अभिवृद्धिमा २० प्रतिशत रकम छुट्याएको छ । त्यो भनेको हामीले पूर्वाधारको क्षेत्रमा गर्नुपर्ने कामहरू धेरै छन् । नयाँ नगरपालिका भएकोले पूर्वाधारको अवस्था ज्यादै कमजोर थियो । दुई वर्षको बीचमा धेरै योजनाहरूमात्र बनाइएको छैन, कार्यान्वयन सुरू भएको छ । महालक्ष्मी नगरपालिकाले वडा नम्बर ५ देखि ९

सम्मको लागि रू. तीन अर्ब बराबरको योजनाको डीपीआर तयार गरेको छ । ढल, सडक विस्तार तथा स्तरोन्नती लगायतको काममा मात्रै ४० करोड रूपैयाँ बराबरको काम भइरहेको छ ।

### वडाहरुलाई अधिकार प्रत्यायोजन

नगरपालिकाले विकासका कामहरूमा वडा कार्यालयहरूलाई नै अधिकार प्रत्यायोजन गरेको छ । विकास बजेट नगरपालिकाले वडाहरूमा नै वितरण गर्ने गरेको छ । सडकको सिमांकन, विस्तार र नामांकनको कामको जिम्मा वडालाई नै दिएका छौं । कालोपत्रे, ग्राबेलको काम उहाँहरूलाई नै दिएका छौं । केन्द्र सरकारले आर्थिक वर्ष २०७४/७५ का लागि विनियोजन गरेकोमध्ये विकासका लागि दिएको १० करोड बजेटमध्ये १० वडामा ७५ लाख रूपैयाँका दरले वितरण गरियो । आर्थिक वर्ष २०७५/७६ मा एक एक करोड वितरण गर्‍यौं । आगामी आर्थिक

वर्षमा पनि एक करोड भन्दा बढीका दरले वितरण गरेका छौं । चार वटा वडा कार्यालयको भवन निर्माणको

काम पनि भइरहेको छ ।

### खानेपानीमा सुधारका प्रयास

नगर क्षेत्रमा यातायातसँगै खानेपानीको धेरै अभाव छ । हामीले विभिन्न निकायहरूको समन्वयमा खाने पानी अभाव पूर्तिका लागि काम गरिरहेका छौं । काठमाडौं खाने पानी लिमिटेड (केयूकेएल)को कार्यक्षेत्र नपरेका कारण खानेपानी ल्याउन समस्या भइरहेको थियो । यही विषयमा नगर प्रमुखको हैसियतले मैले खानेपानी मन्त्रीज्यू, खानेपानी विभाग, उपत्यका खानेपानी व्यवस्थापन बोर्ड र केयूकेएलका अधिकारीहरूसँग निरन्तर संवाद गरेर अहिले डीपीआर सर्भेको काम पूरा भएको छ । वडा नम्बर १ देखि ४ सम्मलाई यसको कार्य क्षेत्रमा ल्याउने, मेलम्चीको पानी भित्र्याउने योजना बनाएका छौं । अरू वडामा डीप बोरिङको काम भएको छ । तीन वटा शिलान्यास भएका छन् । १७ वटा डिप बोरिङको सर्भे भएको छ । १० वटा वडामा नै खानेपानीको समस्या समस्या समाधान गर्न सहलगानीका योजनाहरू अघि सारेका छौं । कतिपय स्थानमा आलोपालो प्रणालीबाट पानी उपलब्ध गराउने काम भएका छन् । 'रेन वाटर हार्भेस्टिङ'को सम्भाव्यता अध्ययन भइसकेर डीपीआर बनाउने तयारी भइरहेको छ । लाकुरी भञ्ज्याङको खानेपानी योजनाको लागि डीपीआरको काम पनि भइरहेको छ ।

### शिक्षामा फड्को

महालक्ष्मी नगरपालिकाले गर्व गर्न लायक उपलब्धी शिक्षा क्षेत्रमा प्राप्त गरेको छ । दुई वर्षअघि करिव करिव बन्द हुने अवस्थामा पुगेका सामुदायिक विद्यालयहरूमा विद्यार्थीको आकर्षण यति वृद्धि भएको छ कि अब प्रवेश परीक्षा लिएरमात्रै भर्ना गर्ने अवस्था सिर्जना भएको छ । अहिले १५ वटा सामुदायिक विद्यालयमा विद्यार्थी संख्या भरि भराउ छ । २ सय विद्यार्थी भएका विद्यालयमा अहिले ६-७ सयसम्म विद्यार्थी पुगेका छन् । गुणस्तरीय शिक्षा कसरी दिन सकिन्छ भनेर प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, अभिभावक संघका अध्यक्षसँग पटक पटक छलफल गरेर योजना बनाएका छौं । विद्यार्थी संख्या बढाउन र शैक्षिक गुणस्तर सुधार गर्न नगरपालिकाले कार्यविधि बनाएको छ । अहिले बोर्डिङबाट सामुदायिक विद्यालयमा विद्यार्थीहरू गइरहेका छन् । हरेक विद्यालयका प्रधानाध्यापकसँग नगरपालिकाले एमओयु गरेका छौं । उहाँहरूले हरेक शिक्षकसँग एमओयु गर्नुपर्छ । नगरभित्रका सामुदायिक, गुठी र निजी विद्यालयमा एउटै शैक्षिक क्यालेन्टर बनाएका छौं । नगरभित्रका सबै विद्यालयमा एकै पटक एसईई स्तरमा परीक्षा गऱ्यौं । सामुदायिकमा २४ र निजीमा १२ प्रतिशतले नतिजा वृद्धि भएको छ । गत वर्ष सामुदायिक विद्यालयको उत्तीर्ण दर ५२ प्रतिशत र निजी विद्यालयको उत्तीर्ण दर ७८ प्रतिशत रहेकोमा यो वर्ष बढेर सामुदायिक विद्यालयमा ७८ प्रतिशत र निजी विद्यालयको उत्तीर्ण दर ९२ प्रतिशत पुग्यो । त्यसपछि हामीले नगरपालिकामा तीन( वटा प्राविधिक सामुदायिक विद्यालय भित्र्याउन सफल भयौं र यो वर्ष अरु थप दुईवटा प्राविधिक विद्यालय भित्र्याउँदै छौं । शिक्षकहरूलाई तालिम, शिक्षक एक्सेन्जको कार्यक्रम ल्याएका छौं ।

> **दुई वर्षअघि करिव करिव बन्द हुने अवस्थामा पुगेका सामुदायिक विद्यालयहरूमा विद्यार्थीको आकर्षण यति वृद्धि भएको छ कि अब प्रवे श परीक्षा लिएरमात्रै भर्ना गर्ने अवस्था सिर्जना भएको छ ।**

### यातायातमा सहजता

दिउँसै पनि यात्रुहरूको चाप बढी भएकाले यात्रुहरु कोचाकोच गरिएर, झुन्डिएर यात्रा गर्नुपर्ने बाध्यता थियो । अहिले त्यो समस्या समाधान भएको छ । बिहान ६ बजेदेखि राति आठ बजेसम्म नियमित रूपमा साझा बसले सेवा दिइरहेको छ । यस्तै, ढुंगिन र लुभुसम्म जाने बसले पनि अहिले आठ बजेसम्म सेवा दिन थालेका छन् । साझा यातायातका ७ वटा बसहरू अहिले महालक्ष्मी नगरपालिकाबाट चक्रपथसँगै रत्नपार्क, बुढानिलकण्ठ सम्मको रूट

बनाएर सञ्चालन भइरहेका छन् । भर्खरै मात्र हामीले काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिकासमेतको सहकार्यमा साझा यातायातसँग साझे दारी गरेका छौं । दुई निजी कम्पनीका यातायातबाट सानोगाउँको पानी ट्यांकी

देखि रत्नपार्कसम्म र लामाटारको

धाराचौर देखि रत्पार्क बुढानिलकण्ठ

सम्म यातायात पहुँच पुऱ्याएका छौं । यसैगरी मानेदोभान-लगनखेल र वडा नम्बर ५ को गोदावरी खोलादेखि नरेफाँट हुँदै रत्नपार्कसम्मको यातायात सञ्चालन भइरहेको छ ।

## स्वास्थ्य सेवा वडामै

नगरपालिकाले बन्द हुने अवस्थामा पुगे का प्राथमिक स्वास्थ्य केन्द्रको स्तरोन्नती गरेको छ भने ५ वटा स्वास्थ्य चौकीको क्षमता अभिवृद्धि गरेको छ । अहिले लुभु प्राथमिक स्वास्थ्य केन्द्रलाई सुविधा सम्पन्न बनाएको छ, सयौं बिरामीहरू स्वास्थ्य परीक्षणमा आउने गर्नुभएको छ । केन्द्रमा बर्थिङ सेन्टर, इसीजी, डेन्टल, विशेषज्ञ ल्याबलगायतका सेवाहरू दिने गरिएको छ । प्रत्येक वडामा हरेक महिना निःशुल्क स्वास्थ्य परीक्षण शिविरको व्यवस्था गरिएको छ । किस्ट मेडिकल कलेजमा सबै प्रकारका शुल्कमा १५ प्रतिशत छुटको व्यवस्था मिलाएका छौं । स्वास्थ्य स्वयंसेविकालाई १० हजार रूपैयाँ चाडबाड खर्चवापत दिएका छौं । उहाँहरूलाई चाहिने अत्यावश्यक सामानहरू छाता, ब्याग लगायतका सामाग्री उपलब्ध गराएका छौं । विद्यालयका छात्राहरूलाई स्यानिटरी प्याड वितरण गर्नेजस्ता काम पनि गरिएको छ ।

## पर्यटनमा पाइला

महालक्ष्मी नगरपालिकामा साँस्कृतिक र पुराना सहरहरू छन् । लुभु, सिद्धिपुर

> “अहिले लुभु प्राथमिक स्वास्थ्य केन्द्रलाई सुविधा सम्पन्न बनाएको छ, सयौं बिरामीहरू स्वास्थ्य परीक्षणमा आउने गर्नुभएको छ ।

लगायतका क्षेत्रलाई साँस्कृतिक सहर कोरूपमा विकास गर्ने लक्ष्य लिएका छौं । सिद्धिपुर, सानोगाउँ र लुभुमा पर म्परागत वस्ती बनाउन युएन ह्याबिटाट र लुमन्तीको सहयोगमा काम भइरहेको छ । लाकुरी भञ्ज्याङलाई इको सिटीको रूपमा विकास गर्ने योजनाहरू भएका छन् । लाकुरी भञ्ज्याङलाई पर्यटन क्षेत्रकोरूप्मा विकास गर्न पर्यटन व्यवसायी र उद्यमीसँग दुईपटक अन्तर्क्रिया कार्यक्रम गरिएको थियो । लाकुरी भञ्ज्याङमा पर्यटकको उपस्थिति बढाउन सडक स्तरोन्नती, यातायातको सुधार गर्ने काम भइरहेको छ । मनमोहन पार्कको काम भइरहेको छ । साइकल लेनको विकास गर्दै नगर क्षेत्रमा आन्तरिक र वाहृय पर्यटक भित्र्याउने योजना छ ।

## अपेक्षा धेरै, स्रोत साधन थोरै

सिंहदरवारको अधिकार गाउँगाउँमा ल्याउने नाराले जनताको अपेक्षा स्थानीय सरकारसँग धेरै थियो । निरास हुने अवस्था छैन, धेरै काम भएको छ । तर, अपेक्षाअनुसार काम हुन सकेको छैन ।

हामीसँग आर्थिक स्रोत र जनशक्तिको अभाव हिजो पनि थियो, आज पनि उत्तिकै छ । त्यसैगरी नेपालीहरूमा हुने प्रवृत्तिगत चुनौती त छँदै छ । घर घरसम्म पुग्ने कालोपत्रे र घरघर मा खानेपानी पुऱ्याउन सकेमात्रै विकास देखिने रहेछ । विकास बजेट सकेर २ किलोमिटर पिच गर्न त सकिन्थ्यो तर विकासका अरू क्षेत्र ज्यूँका त्यूँ रहने स्थिति छ । सरकारले ६२ हजार जनसंख्यालाई बजेट पठाउँछ तर नगरमा ३ लाखको संख्यमा रहेका जनतालाई पुऱ्याउने पर्ने अवस्था विद्यमान छ । समृद्ध नगर बनाउने अभियानमा बजेट ज्यादै कम छ । पहिलोपटक निर्वाचित भएकाले धेरै गर्नुपर्ने कामहरू छन् । छोटो अवधिमा धेरै काम गर्नुपरेको छ ।

कानुनी अड्चनहरू सुरुका दिनमा धेरै देखिएका थिए, अहिले कम भएका छन् । हामीले २२ वटा एकल अधिकार प्रयोगका लागि थुप्रै कानुन

बनाउनुपर्ने तर प्रदेश र संघीय सरकारसँग बाझिने भएकाले अहिले निर्देशिका र कार्यविधि बनाएर काम गरिरहेका छौं । अहिलेसम्म १० वटा ऐन बनाएका छौं, अरूलाई चाँही कार्यविधि बनाएर काम चलाएका छौं । कार्यविधि त बोर्ड बैठकबाट परिवर्तन गर्न सक्छौं । ऐन भनेको बाटो हो । स्थानीय सरकार, प्रदेश र केन्द्र सरकारका लागि बाटो कोरूपमा रहेको ऐन सबै बनिसकेको छैन ।

विकासको अर्को चुनौती भनेको अव्यवस्थित बसोबास हो । पहिले ८ फिटमा नक्सा पास हुन्थ्यो, अहिले १३ फिटबाहेक हुँदैन । वस्ती विकास गर्दा पूर्वाधारसहितको विकास हुनुपर्दथ्यो । त्यसले विकासको प्रक्रियालाई ढिला बनाएको छ ।

अर्को चुनौती संघीय सरकारमा पनि छ । संघीय सरकारमा रहनेहरूमा सुप्रिमेसी बढी छ । स्थानीय सरकारलाई अहिले पनि छुट्टै सरकारभन्दा पनि इकाईकोरूपमा हेर्ने गरिएको छ ।

संविधानमै तीन तहका सरकारको सम्बन्ध सहअस्तित्व, सहकारिता, समन्वयमा आधारित भन्ने छ तर केन्द्रीय सरकारमा बस्नेहरूमा त्यस्तो अनुभूति छैन । निर्देशिका जारी गरेर अबरोध गर्ने काम भएको छ । यो त आम नेपालीको प्रवृत्ति हो, सुधार गर्न केही समय लाग्छ । स्थानीय सरकारलाई हात बाँध्ने काम गर्नु हुँदैन ।

सुरू सुरूमा करका विषयमा नकारात्मक टिप्पणीहरू भए । त्यसले जनप्रतिनिधिप्रति नकारात्मकता हाबी भयो । महालक्ष्मी नगरपालिकाले करको दायरा बढाएको छ, तर करको दर कम गरेको छ । यहाँ कर तिर्ने प्रवृत्ति थिएन, अहिले कर लिएकोमा किन कर लगायौ भनेर निहुँ खोज्ने काम पनि भयो । हाम्रोमा कल कारखाना छैन, कर भनेको घर बहाल, व्यवसाय, नक्सापास नै हो । तर पनि नगरबासी कर तिर्नुपर्छ भन्ने मानसिकता बनाएर आउनु भएको छैन । कर नगरपालिकाले ब्याज लगाएर खाने होइन, विकासका नाममा जनतालाई नै फिर्ता गर्ने हो । आउँदैन ।

नगरपालिकाले विभिन्न दातृ निकायको सहयोगमा खानेपानी र वातावरणका क्षेत्रमा पनि काम भइरहेको छ । वान कि मुन अध्यक्ष रहेको जीजीजीआईसँग ग्रिनी सिटी निर्माणका लागि एमओयु भएको छ, मानव मुत्र व्यवस्थापनका लागि विल गेट्स फाउण्डेसनको सहयोगमा म्यापिङ भइरहेको छ । मानव मलमुत्र व्यवस्थापन प्लान्टका लागि काम भइरहेको छ ।

> **कतिपयले बुझ्नुभएको छ, कर तिर्न आइरहनु भएको छ । रिसाएर आउनेलाई सम्झाएर पठाउने गरेका छौं । चाहे संघीय होस्, प्रदेश वा स्थानीय सरकारले सपना बाँडेको भनिन्छ, तर यथार्थमा परिणत पनि गराइरहेको छ नि ।**

कतिपयले बुझ्नुभएको छ, अहिले कर तिर्न आइरहनुभएको छ । रिसाएर आउनेलाई सम्झाएर पठाउने गरेका छौं । चाहे संघीय होस्, प्रदेश वा स्थानीय सरकारले सपना बाँडेको भनिन्छ, तर यथार्थमा परिणत पनि गर इरहेको छ नि । नीतिगत आर्थिक सुधार गरेर प्रतिव्यक्ति आय ४ सय डलर वृद्धि भएको छ । केही नभएको होइन, भएको छ । आर्थिक समृद्धि र रोजगारीका आधार तयार भएको छ ।

आलोचनालाई सकारात्मकरूपमा लिनुपर्छ । यसले सचेत, प्रगति गर्न उत्साहित बनाउँछ । एकैपटक नतिजा कर्मचारीलाई मुस्कानसहितको सेवाका लागि तालिम दिने काम भएको छ । पारदर्शीता र सुशासनका कामहरू भएका छन् ।

सामाजिक सुरक्षा भत्ता चौमासिकरूपमा ५ सय रूपैयाँ थप गरी स्थान(ीय स्रोतको परिचालन गरी वितरण गरिरहेका छौं । दीर्घ रोग लागेका नगर बासीलाई यातायात खर्चवापत ७ हजार रूपैयाँ सहयोग दिइएको छ ।

नगरपालिकासहित सबै वडा कार्यालयमा नि:शुल्क वाईफाईको व्यवस्था गरिएको छ ।

## मिति २०७५ चैत्र सम्मको न्यायिक समितिमा दर्ता भएका विवादको अवस्था

| क्र.स. | विवादको प्रकृती | विवादको संख्या | फछ्र्योट | बाँकी | कैफियत |
|---|---|---|---|---|---|
| १ | घरजग्गा | २९ | ८ | २१ | |
| २ | सार्वजनिक सरोकार (बाटो,भवन) | १८ | ६ | १२ | |
| ३ | घरेलु हिंसा | ८ | ५ | ३ | |
| ४ | घरखाली | ५ | ५ | – | |
| ५ | अन्य | ८ | ३ | ५ | |
| **जम्मा** | **६८** | **२७** | **४१** | | |

## दर्ता भएका विवादको वडागत विवरण

| क्रम संख्या | वडा नम्वर | विवादको संख्या | | कुल जम्मा |
|---|---|---|---|---|
| | | आ.व.०७४/७५ | २०७५ श्रावण देखि ०७६ चैत्र सम्म | |
| १. | १ | – | ७ | ७ |
| २. | २ | ४ | ५ | ९ |
| ३. | ३ | – | ४ | ४ |
| ४. | ४ | ६ | ३ | ९ |
| ५. | ५ | २ | ९ | ११ |
| ६. | ६ | ६ | ३ | ९ |
| ७. | ७ | १ | – | १ |
| ८. | ८ | ५ | ५ | १० |
| ९. | ९ | २ | ६ | ८ |
| १०. | १० | – | – | – |
| | **जम्मा** | **२६** | **४२** | **६८** |




# महालक्ष्मी नगरपालिकाको संक्षिप्त परिचय

करिब २६ वर्ग कि.मि. फैलिएको महालक्ष्मी नगरपालिका ललितपुर जिल्लाको दक्षिण पूर्वतर्फका साविकाका ५ गाविसहरू इमाडोल, टिकाथली, सिद्धिपुर, लुभू र लामाटार समेटेर नेपाल सरकारले १६ मंसिर २०७१ को निर्णय अनुसार गठित नगरपालिका हो ।

यस नगरपालिकाको कुल जनसंख्या राष्ट्रिय जनगणना २०६८ अनुसार ६२,१७२ रहेको छ । जसमा महिला ३१,१०१ र पुरूष ३१०७१ रहेको छ । नगरको साक्षरता करिब ८२ प्रतिशत रहेको छ । नगरको कुल जनसंख्यामा नेवार ३३.७९, क्षेत्री २८.६९, ब्राह्मण १३.४७,तामाङ्ग ७.९३, मगर ४.६७ र अन्यजाति ११.४५ प्रतिशत, बसोबासको अवस्था रहेको छ ।

# न्यायिक सम्पादनमा उपमेयरको अनुभव



**निर्मला थापा**
उपमेयर

### नौलो अनुभव

धेरै समयसम्म जनप्रतिनिधि नभएको अवस्थामा पहिलोपटक निर्वाचित भएर जनताको सेवा गर्न पाउँदा हर्षित पनि भएँ । उपप्रमुख भएर काम गर्नु मेरो लागि सामाजिक कार्य हो । समाज सेवा पनि हो, जनताको सेवा हो । दाजुभाइ दिदीबहिनीहरूको सेवा हो । पहिलादेखि नै सामाजिक कार्यमा रूचि राख्ने गरेको थिएँ । धेरै सामाजिक संस्थामा अध्यक्ष, सचिव र कोषाध्यक्ष रहेर काम गरेको थिएँ । कतिपय धार्मिक संस्थामा पनि म आबद्ध छु । समाजसेवा गर्ने मेरो रूचिको विषय हो । जनताले विश्वासको मत दिएर पठाइसके पछि निर्विवादरूपमा तन, मन वचनले सेवा गर्नुपर्छ भन्ने लाग्छ । अञ्जानमा कुनै गल्ती गरेको रहेछु भने सच्याएर काम गर्ने र ढिलासुस्ती नहोस् भन्ने लाग्दछ ।

### चुनौती पनि उत्तिकै

नयाँ नगरपालिका भएकाले चुनौतीहरू पनि उत्तिकै छन् । त्यसै पनि जनप्रतिनिधिप्रति धेरै अपेक्षा छ । स्रोत साधन र कानुनको अभावमा जनताको अपेक्षाअनुसार काम गर्न सकिएको छैन । तर, जति गरिएको छ, आफ्नो बलबुताले भ्याएसम्म गरिएको छ ।

### महिलाका पक्षमा काम

म उपप्रमुख भएपछि महिलालाई सक्षम र सबल बनाउन पहलकदमी लिएको छु । आर्थिक उन्नतीको पाटोमा, रोजगार बनाउने, तालिम दिने विषयमा कामहरू गरिएको छ । अपांगता भएका व्यक्तिहरू र बालबालिकाका क्षेत्रमा पनि ठोस कामहरू भएका छन् ।

### न्यायिक समितिको चुनौतीपूर्ण जिम्मेवारी

संविधानतः उपप्रमुखलाई न्यायिक जिम्मेवारी दिइएको छ । महालक्ष्मी नगरपालिकामा मैले न्यायिक समितिको नेतृत्व गरेको छु । अहिलेसम्म ६५ वटा मुद्दा दर्ता भएका छन् । धेरै मुद्दा छिनोफानो गरेका छौं, कतिपय मुद्दा अदालतमा पठाउका छौं । अघिल्लो वर्ष घरेलु हिंसा र सम्बन्ध विच्छेदका मुद्दाहरू आउँथे । यस वर्ष भने घर जग्गा, साँधसिमानाका मुद्दाहरू बढि परेका छन् । दुई झगडालुमध्ये एकजनाले न्याय पाउँछ । त्यसो गर्दा एउटा पक्ष असन्तुष्ट हुन्छ । तर मैले न्याय सम्पादन गर्दा सकभर कसैलाई अन्याय पर्न दिने गरेको छैन ।

## वडा अध्यक्षको अनुभव



# 'बोलेका कुरा पूरा हुन्छन्'

**नन्दकुमार न्यौपाने**
वडा अध्यक्ष
वडा नम्बर १, महालक्ष्मी नगरपालिका




पहिले गाविस अध्यक्ष थिएँ । अहिले वडाअध्यक्ष भएर जिम्मेवारी निर्वाह गरिरहेको छु । मैले वडाध्यक्ष भएपछि मैले खानेपानीको समस्या समाधानका लागि पहल सुरू गरेको छु । एउटा एक लाख २५ हजार लिटरको खानेपानीको ट्यांकी निर्माण गरिसकिएको छ । अब पाइपलाइनको काम सुरू हुँदैछ । त्यसबाहेक सबै सडक र ढलको काम भइरहेको छ । सडक ढलान, कालोपत्रेजस्ता कामहरू भइरहेका छन् । जलाधारको बजेटले कोट्कु खोलाको किनारमा वाल निर्माण गर्ने काम भइरहेको छ । मैले चुनावका बेला जुन जुन खालको प्रतिबद्धता लिएर गएको थिएँ, ती कामहरू मेरो कार्यकालमा पूरा हुन्छन् । मुल कुरा खानेपानीको कुरा चाँही रामभरोशमा परेको अवस्था छ । मेलम्ची आयो भने त्यो प्रतिबद्धता पनि पूरा हुन्छ । त्यसलाई अब मेरो कमजोरी भन्ने कि समग्र मुलुककै हो । तर, पनि म जिम्मेवारी लिन्छु ।

पैसा नभएर होइन कि पानीको मुहान नै नभएर समस्या पैदा भएको छ । अहिलेका लागि हामीले गोदावरी खोलाको पानीलाई ल्याउने तयारी गरिरहेका छौं । खाने पानीसँगै फोहोर मैला व्यवस्थापन र वातावरण सम्बन्धी काम गर्नु पर्नेछ । अन्यथा मैले बोलेका सबै कुरा पूरा हुन्छन् ।

# वडा नम्बर १ का

## जनप्रतिनिधि निर्वाचित भएपछि गरेका गतिविधिहरू

१) मिति २०७४ साल चैत्र १० गते नगर प्रमुख ज्यूको प्रमुख आतिथ्यमा इमाडोल ब्यान्क्वेटमा वडा नं १ मा प्लाष्टिक जन्य पदार्थको प्रयोगमा नियन्त्रण सम्बन्धी अन्तरकृया कार्याक्रम सम्पन्न गरियो ।

२ मिति २०७४ साल चैत्र २६ गते सोमवारका दिन यस वडा कार्यालय अन्तर्गत रहेको जेष्ठ नागरिकहरूलाई डोलेश्वर,सूर्य विनायक मन्दिर, श्रीकृष्ण प्रणामी मन्दिर भक्तपुरको तिर्थाटन भ्रमण सम्पन्न गरियो ।

३) मिति २०७५ साल जेष्ठ २८ गते सोमवार ग्वार्को लुभु सडक अन्तर्गत सडक विस्तार सम्बन्धमा उपत्यका नगरविकास समिति, नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकमको प्रतिनिधिहरूको सहभागितामा सडक विस्तारका क्रममा आ-आफ्नो कार्यालयको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्य तदारूक्ताका साथ गर्ने सहमति गरियो ।

४) मिति २०७५ साल असोज २० गते नगर प्रमुखज्यूको आतिथ्यतामा "आफ्नो ठाउँ आफैं सफा राखौं" भन्ने मूल नाराका साथ कृष्ण मन्दिर देखि ग्वार्को पूलसम्म सरसफाई कार्यक्रम सम्पन्न गरियो ।

५) सम्मानित जिल्ला अदालत ललितपुरबाट यस महालक्ष्मी नगरपालिका वडा नं १ साविक इमाडोल गा.वि.स. वडा नं ६ मा बस्ने यदु कुमार भण्डारी र चन्द्र प्रसाद भट्टराईसंग भएको लेनदेन मुद्धामा यदु कुमार भण्डारीको घरजग्गाबाट असुल उपर गर्ने भन्ने फैसला भएकोमा दुबै पक्षलाई यस वडा कार्यालयमा उपस्थिति गराई छलफल गराउँदा रकम प्राप्त भए घर जग्गा छोड्ने मिति २०७५ साल पौष २० गते सहमति भएको र सहमति अनुसार रकम तिराई निज यदु कुमार भण्डारीको घरजग्गा टुक्रा हुनबाट बचाउने कार्य सम्पन्न गरियो

६) मिति २०७५ साल फाल्गुण १० गते शुक्रवारका दिन कर्मनाशा खोला करिडोर संचालन सम्बन्धमा किष्ट अस्पताल प्रतिनिधि, स्याकार कम्पनीका प्रतिनिधि, करिडोर नजिक रहेका जग्गाधनिहरूसंग सोहाद्रपूर्ण वातावरणमा करिडोर संचालन गर्ने विषयमा छलफल सम्पन्न गरियो ।

७) मिति २०७५ साल चैत्र १८ गते कृष्ण मन्दिर देखि ग्वार्कोसम्मको सडकमा जथाभावी रूपमा निर्माण सामाग्री थुपार्ने, जथाभावी सवारी साधन पार्क गर्ने, फुटपाथमा ब्यबसाय सामाग्री राख्ने लगाएतका विषयमा सडक ब्यबस्थित गर्न समिति नै गठन गरी जिल्ला ट्राफिक कार्यालयको समन्वयमा एकतर्फि रूपमा सवारी साधन पार्क गर्ने र निर्माण सामाग्री सडकमा नथुपार्ने हुन भनि सम्बन्धीत सबैको जानकारी गराउने कार्य सम्पन्न भई हाल उक्त सडकको उत्तर तर्फ मात्र सवारी साधन पार्क गर्ने गरियो ।

## वडा अध्यक्षको अनुभव



# 'खानेपानीको समस्या समाधान गर्न सक्षम भएको छु'

**रामबहादुर केसी**
वडा अध्यक्ष
वडा नम्बर २, महालक्ष्मी नगरपालिका




मेरो वडामा मुख्यगरी सडक, ढल, खानेपानीलगायतको समस्या मुख्य छ । ढल र पिच नहुँदा बालबालिकाहरू लड्ने समस्या थियो । त्यो बाटो पिच गरेको छु । वडामा अर्को भनेको पानीको समस्या थियो । वडा नागरिक मञ्चको अध्यक्ष भएका बेला मैले ७ वर्ष अगाडि नै बो रिङ मेसिन किनेका थियौं । अहिले २५ हजार दरले प्रत्येक घरबाट उठाएर पानी निकाल्न थालिएको छ । अहिले ४ सय परिवारले पानी पिइरहनुभएको छ । नगरमै अर्को ठाउँमा पनि बोरिङ गरिएको छ । अहिले ओभरहेड ट्यांकी बनिरहेको छ । अब सायद खानेपानीको समस्या समाधान हुन्छ । यो मैले गर्व गर्ने काम हो । अब बाटोघाटोको समस्या छ । धेरै बाटोको चौडाई सानो छ । पाँच मिटरको एउटा, अर्को ६ मिटरको छ । बाँकी सबै साना छन् । ठूलो बाटो भएको भए कलकारखाना र बैंकहरू आउँथे । मुआब्जा दिएर बाटो विस्तार गर्न पाए राम्रो हुने थियो । अब सुरक्षाको लागि वडाभरी बत्ती बाल्ने र सीसीटीभी राख्ने योजना छ । मेरो कार्यकालमा जनताको धेरै इच्छा पूरा गर्न सफल भएको छु ।

उहाँहरूले विश्वास गर्नुभएको छ । त्यसमा म खुसी छु । जनताले सहयोग गर्नुभएको छ । जनसहभागिताबाटै कामहरू गर्दै आएको छु । मेरो वडामा रैथाने धेरै र नयाँबासिन्दा थोरैमात्रै हुनुहुन्छ । कतिपयमा विकास त सरकारले गर्ने भन्ने भावना पनि छ । तर पनि आवश्यक सरसहयोग गरिरहनुभएको छ । हिजो पनि साथ दिनुभएको थियो । फेरि पनि दिनुहुनेछ । उहाँहरूको अनुभव र सहयोगको अपेक्षा राखेको छु ।

# वडा नम्बर २ का

## जनप्रतिनिधि निर्वाचित भएपछि गरेका गतिविधिहरू

| क.स. | योजना/कार्यक्रम | समन्वय | कैफियत |
|---|---|---|---|
| १. | एक दिने स्वास्थ्य शिविर सञ्चालन | गौतम बुद्ध कार्डियाक हस्पिटल | मुटु, सुगर, प्रेसर, पायल्स सम्बन्धि |
| २. | गाँजा क्षेत्र फँडानी | महानगरीय प्रहरी प्रभाग | विभिन्न समयमा वडा नं. ०२ को विभिन्न क्षेत्रमा |
| ३. | वडा सरसफाई अभियान (नगरपालिका, समुदाय र विभिन्न वडाको समन्वयमा) | महालक्ष्मी नगरपालिका, समुदाय, गैसस र विभिन्न वडा | विभिन्न समयमा वडा नं. ०२ को विभिन्न क्षेत्रमा |
| ४. | बाल क्लब सञ्जाल गठन | भ्वाइस अफ नेपाल | ११ सदस्यीय बाल क्लब सञ्जाल |
| ५ | ज्येष्ठ नागरिक भ्रमण | महालक्ष्मी नगरपालिका र वडा नं. ०२ | २ दिने देवघाट, त्रिवेणीधाम, सिजी टेम्पल दर्शन |
| ६ | सरसफाई कार्यक्रम | महालक्ष्मी नगरपालिका र वडा नं. ०२ | एन्फोसंगको समन्वयमा कार्यक्रम संचालन |
| ७ | गंमिभर समुन्द्र सेतु मा.वि.देखि दृवचन्द्रको घर नजिक पिच कार्य सम्पन्न | महालक्ष्मी नगरपालिका र वडा नं. ०२ | |
| ८ | शिव मार्ग सडक राजेन्द्रको पसलदेखि रविन्द्र घर हुंदै बासु तिवारी घरसम्म र रविको घरदेखि सुन्दरको घरसमम पिच कार्य सम्पन्न गरियो । | महालक्ष्मी नगरपालिका र वडा नं. ०२ | |
| ९ | ढुङ्गेधारा गणेश मन्दिरदेखि भगवानस्थान सम्मको ओरालोबाट ढलान कार्य सम्पन्न गरियो । | महालक्ष्मी नगरपालिका र वडा नं. ०२ | |
| १० | शरणको घर अगाडीको उकालो हुँदै श्याम सुवेदीको घरसम्म ढलान कार्य सम्पन्न गरियो । | महालक्ष्मी नगरपालिका र वडा नं. ०२ | |
| ११ | हेमन्तको घरदेखि श्यामको घर हुँदै गोकुलको घरसम्म र माईला सुवेदीको घरदेखि श्यामको घरसम्म र अर्जुनको घरदेखि उत्तम अधिकारीको घर हुँदै ओम शान्ताको भवनसम्म ब्लक हाल्ने कार्य सम्पन्न गरियो । | महालक्ष्मी नगरपालिका र वडा नं. ०२ | |
| १२ | अशोकटोलको बाटोहरुमा ढलान कार्य सम्पन्न गरियो । | महालक्ष्मी नगरपालिका र वडा नं. ०२ | |
| १३ | भगवानस्थान देखि गनओपीसम्मको करिब ५०० मिटर सडक पिच कार्य सम्पन्न गरियो । | महालक्ष्मी नगरपालिका र वडा नं. ०२ | |
| १४ | गंभिर समुन्द्र सेतु मा.वि.को लागि ६० सेट बेन्च र टेबुल खरिद गर्ने कार्य सम्पन्न गरियो | महालक्ष्मी नगरपालिका र वडा नं. ०२ | |
| १५ | देवराज पाण्डेको घर माथि देखि ढुङ्गेधारा गणेशस्थानसम्म ढल पिच ग्रावेल गर्ने कार्य सम्पन्न गरियो । | महालक्ष्मी नगरपालिका र वडा नं. ०२ | |
| १६ | सुवेदी मार्ग देवचन्द्रको घर नजिकै देखि रमेश सुवेदीको घर हुँदै होप भ्यालीसम्म पिच कार्य सम्पन्न गरियो । | महालक्ष्मी नगरपालिका र वडा नं. ०२ | |
| १७ | सुवेदी टोल गोविन्द सुवेदीको घर देखि सावित्रीको घरसम्म ढल ब्लक हाल्ने कार्य सम्पन्न गरियो । | महालक्ष्मी नगरपालिका र वडा नं. ०२ | |
| १८ | (हरि प्रसाद मार्ग) हरि प्रसाद चोक देखि देवी मन्दिर हुँदै होम भ्याली हुदै वडा नं ३ को सिमानसम्म पिच कार्य सम्पन्न गरियो | महालक्ष्मी नगरपालिका र वडा नं. ०२ | |
| १९ | श्रीगणेश नवोदित मार्ग सहायक मार्ग मंगाल बिस्तार गरी ढल नयां फेरी ग्रावेल वेस राख्ने कार्य सम्पन्न गरियो । | महालक्ष्मी नगरपालिका र वडा नं. ०२ | |
| २० | शिवशरणको घर हुँदै श्यामदासको घर नजिक र चौधरीको घर देखि बाँनियाको घरसम्म ढल राख्ने कार्य सम्पन्न गरियो । | महालक्ष्मी नगरपालिका र वडा नं. ०२ | |
| २१ | उर्मिलाको घर देखि इश्वरीको घरसम्म ब्लक हाल्ने कार्य सम्पन्न गरियो । | महालक्ष्मी नगरपालिका र वडा नं. ०२ | |
| २२ | गंभिर समुन्द्र मा.वि नजिक रहेको जेष्ठ नागरिक अधुरोध भवन ढलान गर्ने कार्य सम्पन्न गरी कोठा–२ वटाको झ्याल,ढोका र वाल निर्माण कार्य सम्पन्न गरियो । | महालक्ष्मी नगरपालिका र वडा नं. ०२ | |
| २३ | गंभिर समुन्द्र सेतु स्कूलमा बालक्लब संजाल गठन गर्ने कार्य सम्पन्न गरियो । | महालक्ष्मी नगरपालिका र वडा नं. ०२ | |
| २४ | मनोहरा किनारमा ब्याटमेन्टिन कोर्डको छत हाल्ने कार्य सम्पन्न गरियो । | महालक्ष्मी नगरपालिका र वडा नं. ०२ | |

## वडा अध्यक्षको अनुभव



# 'अतिक्रमित जग्गा नगरपालिकाको स्वामित्वमा ल्याउँदैछौं'

**कुवेर केसी**
वडा अध्यक्ष
वडा नम्बर ३, महालक्ष्मी नगरपालिका




स्थानीय सरकार सुरूमा आफैं नयाँ अनुभव थियो । अहिले कम्तिमा सिस्टममा बसेको छ । नगरपालिका पनि नयाँ भएकाले जनप्रतिनिधि आएपछि वडा कार्यालय आफैंले व्यवस्थित गर्नुपर्ने भयो । विकासका लागि कर प्रणाली व्यवस्थित गर्नैपर्छ । वडाबासीलाई करको दायरामा ल्याउन सुरूमा केही समस्याहरू आए । पहिलो साल गाह्रो भयो । अहिले भने विकासले एउटा गति लिएको छ ।

ऐन कानुनको अभाव हामीसँग छैन । कानुनसम्मत, विधिसम्मत नै वडा कार्यालयले आफ्ना गतिविधि सञ्चालन गरिरहेको छ । वडामा खाली जग्गा नभएकाले वडा कार्यालयको भवन तत्काललाई मन्दिरमा व्यवस्थित गरेका छौं । हाम्रो वडामा बाक्लो वस्ती भएकाले बाटो विस्तार गर्ने अवस्था छैन । मात्रै व्यवस्थापन गर्ने हो । खानेपानीको समस्या समाधान गर्ने र बाटोलाई कालोपत्रे गर्नुपर्ने दायित्व जनप्रतिनिधिलाई छ । सम्भव भएसम्म हामी यो कार्य पूरा गर्छौं । हामीसँग पर्यटकीय क्षेत्र बोजेपोखरी छ । २५ रोपनीमा फैलिएको यस पोखरीमा खानेपानीको ट्यांकी निर्माण गरेका छौं । प्रदेश र केन्द्र सरकारसँगको समन्वयमा पर्यटकीय क्षेत्रको रूपमा विकास गर्ने हाम्रो योजना छ ।

हनुमन्ते करिडमेरको सार्वजनिक जग्गा अतिक्रमणको समस्या थियो । त्यसलाई छुट्याएर वडा कार्यालयको स्वामित्वमा ल्याउने काम भइरहेको छ । वडाबासी जनताले दुई वर्षसम्म जनप्रतिनिधिलाई सहयोग र साथ दिनुभएको छ । आगामी दिनमा सहयोग र साथ दिनुहुन्छ भन्ने अपेक्षा लिएको छु । उहाँहरूको अनुभव र सहयोगको अपेक्षा राखेको छु ।

# वडा नम्बर ३ का

## जनप्रतिनिधि निर्वाचित भएपछि गरेका गतिविधिहरू

**आ.व.२०७५/०७६ मा महालक्ष्मी नगर पालिका वडा न. ३ मा जन प्रतिनिधिहरु बहाल भए पश्चात विकास निर्माणमा संचालन भएका योजनाहरु**

| सि.न. | | कुल रकम |
|---|---|---|
| १. | देविस्थान मार्गमा ब्लक छाप्ने | १,२५,०००।- |
| २. | सत्य नारायण मन्दिर जाने बाटो सिमाङ्कन र ग्रावेल | २,५०,०००।- |
| ३. | सत्यनारायण मन्दिर पूर्व सत्यनारायण मार्ग ढलान गर्ने | ७,५०,०००।- |
| ४. | गणेश मन्दिर, बाटो पश्चिमपट्टि रिटेनिङ्ग वाल निर्माण | १,२५,०००।- |
| ५. | बोझ्रेपोखरी मार्गमा बोझ्रेपोखरी देखि अर्जुन के.सी.को घर सम्म पिच गर्ने | ८,७५,०००।- |
| ६. | अमनटोल मार्गमा ट्रेनिङ्ग सेन्टरनिर वाल निर्माण गर्ने | १,२५,०००।- |
| ७. | अमनटोल मार्गमा ट्रेनिङ्ग सेन्टर देखि अमनटोल जाने बाटोमा पिच गर्ने | १५,००,०००।- |
| ८. | श्री कृष्ण मार्गमा पिच गर्ने ( क्रमागत ) | ६,२५,०००।- |
| ९. | र्सजना मार्गमा राजन महर्जनको घरबाट न्हुछे महर्जनको घरसम्म ढल निर्माण गर्ने | ५,००,०००।- |
| १०. | नवराज शाहीको घरबाट दुर्गा बहादुर खड्काको घरसम्म बाटोमा ढल निर्माण गने (क्रमागत) | २,५०,०००।- |
| ११. | एकता मार्ग पिच गर्ने | ७,५०,०००।- |
| १२. | मिलीजुली मार्गमा मनोज भट्टराईको घरबाट परशुराम कार्कीको घर सम्म पिच गर्ने | ६,२५,०००।- |
| १३. | मर्मत संभार कोष | ४,००,०००।- |
| १४. | सृजना मार्गको भित्र चेत बहादुर कार्कीको घर देखि कैलाशपति निरौलाको घर सम्म जाने गोरेटो बाटोमा ब्लक छाप्ने | १,२५,०००।- |
| १५. | लिलन थापाको घरबाट पुरुषोत्तम थापाको घर सम्म जाने गोरेटो बाटोमा ब्लक छाप्ने | १,२५,०००।- |
| १६. | प्रेम के.सी. को घरबाट सरस्वती मुक्तानको घर सम्म जाने गोरेटो बाटोमा ब्लक छाप्ने | १,२५,०००।- |
| १७. | जित बहादुर सापकोटाको घरबाट हरि प्रसाद घिमिरेको घर सम्म जाने गोरेटो बाटोम ब्लक छाप्ने | १,२५,०००।- |
| १८. | पैनाचल महादेव मन्दिर रंगरोगन,मर्मत तथा संम्भार | १,२५,०००।- |
| १९. | जेष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन | ३,००,०००।- |
| २०. | सार्वजनिक स्थानहरुमा फोहरमैला व्यवस्थापनको लागि डष्टविन राख्ने | १,००,०००।- |
| २१. | महिला रोजगारीका लागि सिप विकास तालिम | २,००,०००।- |
| २२. | हनुमन्ते मनहरा किनारामा सार्वजनिक जग्गा संरक्षण घेराबेरा तथा बाल उद्यान निर्माण | ३,००,०००।- |
| २३. | नाग मन्दिर संरचना निर्माण | ६,२५,०००।- |
| २४. | मिलिजुली मार्गमा पिच | ३,७५,०००।- |
| २५. | पैनाचल महादेव मन्दिर संरक्षण तथा संभार कार्यक्रमका लागि | १,२५,०००।- |
| २६. | सार्वजनिक शौचालय निर्माण | ३,१२,५००।- |
| २७. | वडा न. ३ भरिका स्थानहरुमा सडक बत्ती राख्नका लागि | ५,००,०००।- |
| २८. | जेष्ठ नागरिक दिवा सेवा केन्द्र निर्माण तथा संचालनका लागि | ३,००,०००।- |
| २९. | प्रकाश केसीको घरबाट पूर्व बस्नेतको घर सम्म जाने बाटोमा ब्लक हाल्ने | ६२,५००।- |
| ३०. | विश्व खड्काको घरबाट दक्षिण जाने सडक पिच गर्ने कार्य | १,८७,५००।- |
| ३१. | बोझ्रेपोखरी मार्गमा पिच गर्ने | ४,३७,५००।- |

## आ. व. २०७४/०७५ मा महालक्ष्मी नगरपालिका वडा न. ३ मा जनप्रतिनिधिहरु बहाल भए पश्चात विकास निर्माणमा संचालन भएका योजनाहरु

| सि.न. | | कुलरकम |
|---|---|---|
| १. | बालकुमारी बालकोट सडकबाट दक्षिण तर्फ थापा टोल हुँदै खड्का टोल सम्म पुग्ने बाटोमा ढलान कार्यको लागी | ५००,०००।- |
| २. | भगवती चोकबाट खत्री टोल हुदै सुनिल ज्योतीको घरसम्म जाने बाटो पिच गर्नको लागि | १,०००,०००।- |
| ३. | महर्जन चोक देखि दुङ्गे साघु जाने बाटोमा पिच गर्नका लागि | १,३००,०००।- |
| ४. | अमनटोलमा विमलाको घरबाट दगल सरको घरसम्म जाने गोरेटो ४ फुटको बाटोमा ब्लक छाप्नका लागि | १००,०००।- |
| ५. | मुइयाँ नेपालको घरदेखि रुपा जोशीको घरसम्म जाने बाटो ( अमनटोल) ब्लक छाप्ने कार्यका लागि | १००,०००।- |
| ६. | राजेन्द्र के.सी.को घरदेखि भरतमान थापाको घरसम्म हुँदै सत्यनारायण मन्दिर सम्म ग्राभेल गर्नका लागि | २००,०००।- |
| ७. | साविक इमाडोल २ न. वडामा विभिन्न स्थान/सडक/बाटोहरुमा ग्राभेल गर्ने कार्यका लागि ग्राभेल गर्नका लागि (अमन टोलका भित्रि बाटोहरु) | १००,०००।- |
| ८. | कोडकु चोकबाट बालकुमारी बालकोट सडक जोड्ने बाटो पिच गर्नका लागि | १,०००,०००।- |
| ९. | सिर्जना मार्ग, लोकेश्वर मार्गमा ग्राभेल गर्नका लागि | १००,०००।- |
| १०. | बोझेपोखरी श्याम महर्जनको घरबाट विष्ट गाँउ जाने बाटोमा रिटेनिगं वाल निर्माण गर्नका लागि | २००,०००।- |
| ११. | इन्द्रेश्वर महादेव मन्दिरबाट लोकेश्वर मार्गमा रिटेनिगं वाल निर्माण कार्यका लागि | २००,०००।- |
| १२. | बगैचा पार्टि प्यालेसको छेउबाट वडा न.२ र ३ को सिमानामा पर्ने बाटोमा ढलान कार्यका लागि | २००,०००।- |
| १३. | बुद्ध धाराको छेउबाट मिना श्रेष्ठको घरसम्म जाने गोरेटो बाटोमा ब्लक छाप्ने कार्यका लागि | १००,०००।- |
| १४. | वडा न.३ भरिका स्थानहरुमा सडक बत्ति राख्नका लागि | ५००,०००।- |
| १५. | ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र निर्माण तथा संचालनका लागि | ३००,०००।- |



## वडा अध्यक्षको अनुभव

# 'वडा कार्यालय बनाउन चुनौती छ'

**लक्ष्मण रोका**
वडा अध्यक्ष
**वडा नम्बर ४, महालक्ष्मी नगरपालिका**




जनतासँग प्रत्यक्ष निर्वाचित हुँदा खुसी लागेको छ । जनताको घर घरमा पुगेर सेवा गर्न पाउँदा आनन्द महसुस भएको छ । स्थानीय जनताको सबै सुखदुःखमा साथ दिन पाउनु मेरो लागि अहोभाग्य हो । दुई वर्षमा बेथिति अन्त्य गरेका छौं, भ्रष्टाचार न्यून बनाएका छौं । घरघरमा खानेपानी, गोरेटो बाटो बाटोलाई मोटर बाटो बनाएका छौं । मोटर बाटोलाई ग्राबेल गरेका छौं । ग्राबेल बाटोलाई कालोपत्रे गरिरहेका छौं ।

खानेपानीका लागि डिपबोरिङ गरेका छौं, २ सय ५० घरमा घरघरमा पाइपबाट खानेपानी पुऱ्याएका छौं । सार्वजनिक धारालाई व्यवस्थित गरेका छौं । मुख्यगरी खानेपानी नै जनताको मुख्य माग छ । वडास्तरीय चक्रपथ निर्माण गर्ने, ५ किलोमिटरजति ढल बनाएका छौं । वडा कार्यालयले युवा, महिला, ज्येष्ठ नागरिकलक्षित कार्यक्रमहरू पनि आयोजना गरिरहेको छ ।

वडा नम्बर ४ ले विशेषगरी वडा कार्यालय बनाउनुपर्ने दायित्व छ । तर, हामीसँग सार्वजनिक जग्गाहरू छैन । भएका जग्गा पनि पायक पर्ने ठाउँमा छैन । वडा कार्यालयसँगै बाटो बिस्तारमा चुनौती छ । अव्यवस्थित संघ संस्था, एनजीओ, आईएनजीओलाई व्यवस्थित गर्नुपर्ने अवस्था छ । मैले आफ्नो वडालाई उदाहरणीय र नमूना बनाउने प्रयत्न गरेको छु । देशभरबाट आउनुभएका दाजुभाइहरू मेरो वडामा हुनुहुन्छ । उहाँहरूको अनुभव र सहयोगको अपेक्षा राखेको छु ।

# वडा नम्बर ४ का

## जनप्रतिनिधि निर्वाचित भएपछि गरेका गतिविधिहरू

**क. भौतिक पूर्वाधार तथा विकास निर्माणतर्फ :**

१. आफ्नै वडा कार्यालय भवन नभएकोले भाडामा कार्यालय खोजेर व्यवस्थापन गरियो ।

२. वडा वासिन्दहरूलाई सके सम्म छिटो, छरितो एवं व्यवस्थित सेवा सुविधा प्रदान गर्ने लक्ष्य अनुरूप निरन्तर सेवा प्रदान गरिएको छ ।

३. वचु सर्वेश्वर मार्गको विच भागबाट पूर्वतर्फ राजकुलो सम्म निस्कने छोटो सडक १० फिटको खोलियो र ग्रावेल गरियो ।

स्रोत :- जनप्रतिनिधी, वचु महिला टोल सुधार समिति र स्थानीय उपभोक्ताहरुबाट रु. १४०,०००/- करिव

**लाभान्वित संख्याः ५०० जना ।**

४. निरंकारी टोल सितापाखामा दिपक श्रेष्ठको घरदेखि दक्षिणपूर्व-दिनेश श्रेष्ठको जग्गाको सिमानाबाट पूर्वतर्फ मोटरबाटो सम्म १० इन्चको ह्युमपाईप हालि १५ घर धुरीको ढल - पानीको निकासा गरियो ।

स्रोत :- जनप्रतिनिधी र निरंकारी टोलका स्थानीय उपभोक्ताहरुबाट करिव १,८५,०००/- खर्च

**लाभान्वित संख्या : २०० जना**

५. सामुदायिक भवन सितापाखाको पश्चिम तर्फबाटो सार्वजनिक जग्गा संरक्षण गर्दै ढुङ्गाको रिटेनिङ, वाल लगाई गौंडो बाटो खोलियो ।

स्रोत :- जनप्रतिनिधीको पहल, उपत्यका विकास प्राधिकरण ललितपुरको रु. ५,०००००/- र स्थानीय उपभोक्ताहरु ।

**लाभान्वित संख्या : ३०० जना, ३० घरधुरीको ।**

६. वर्षातको पानी निकासाका लागि नागरीक पब्लीक प्रेसको कार्यालयको पश्चिम, महालक्ष्मी नगरपालीकाको कार्यालयको पूर्वपट्टीको गहिरीमा ह्युमपाईप हाली पानी निकासा गरियो ।

स्रोतः जनप्रतिनिधीको पहल, स्थानीय उपभोक्ताहरुको लगानी करिव २,५०,०००/-

**लाभान्वीत संख्याः २० घरधुरीको २०० जना ।**

७. कपुरकोवोट पम्भुधारा बाट उत्तरतर्फ कनक सिंहको घर हुंदै सूर्योदय साई स्कुलसम्मको गोरेटो बाटोलाई ४ मिटरको मोटरबाटो खोली १८ ईन्चको ढल विछ्याईयो ।

स्रोत :- महालक्ष्मी नगरपालीकाको रु. ५,०००००/- र स्थानीय उपभोक्ता रु. १,५०,०००/- गरी जम्मा रु. २०,०००००/-

**लाभान्वित संख्याः४० घरधुरीको ४०० जना ।**

८. ढुङ्गा साँघुदेखि दक्षिणतर्फ वल कुवरको घरहुंदै कलकट दोवाटो सम्मको कच्ची बाटोमा २४ ईन्चको ढल हालीयो ।

स्रोतः- महालक्ष्मी न.पा. को रु ५,०००००/- ( पाँच लाख), स्थानीय उपभोक्ताबाट रु. १२,०००००/- (बाह्र लाख) गरी जम्मा १७,०००००/- (सत्र लाख)

**लाभान्वितः ३० घरधुरीको ३०० जना ।**

९. कलकटदोबाटोबाट कमलपोखरी आउने कच्ची मोटरबाटोमा २४ ईन्चको ढल हालीयो ।

स्रोतः महालक्ष्मी न.पा. रु. १०,०००००/- (दश लाख) र स्थानिय उपभोक्ताबाट रु. ७,०००००/- (सात लाख) गरी जम्मा १७,०००००/- ( सत्र लाख)

**लाभान्वित संख्याः २५ घरधुरीका २०० जना ।**

१०. एस.एम. भट्टा चोकबाट उत्तर तर्फ सर्वेश्वर महादेव मन्दिरसम्मको कच्ची मोटर बाटोलाई सफागरी १४ फिटको चौडा बनाई ग्रावेल गरियो ।

स्रोत :- जनप्रतिनिधीको पहलमा उपत्यका विकास प्राधिकरण ललितपुरको रु. ५,०००००/- (पाँच लाख)

**लाभान्वित: ४० घरधुरीको ४०० जना ।**

११. पुरानो खड्कामार्गको कच्ची सडकलाई व्यवस्थित गरी कालो पत्रे (पिच) गरियो ।

स्रोत: महालक्ष्मी न.पा. रु. ५,०००००/- ( पाँच लाख) र स्थानीय उपभोक्ताबाट रु. ३,०००००/- (तिन लाख) गरी जम्मा ८,०००००/- (आठ लाख)

**लाभान्वित: २५ घरधुरीको १५० जना ।**

१२. खानेपानी घर घरमा निजीधारा दिने उद्देश्यले सितापाखा युवाक्लव भएको सार्वजनिक जग्गामा पानी ट्याङ्की २,००००० ली. को निर्माण कार्य अघि बढेको ।

स्रोत: महालक्ष्मी न.पा.को रु. १५,०००००/- (पन्ध्र लाख) र स्थानीय उपभोक्ताबाट रु.४,०००००/- ( चार लाख ) गरी जम्मा १९,०००००/- ( उन्नाइस लाख)

१३. पम्भुधारादेखि उत्तरतर्फ मर्हजन टोलमा १८ इन्चको ह्युमपाइप हालीयो ।

स्रोत: महालक्ष्मी न.पा. बाट रु. ५,०००००/- (पाँच लाख) र स्थानीय उपभोक्ताबाट रु. ८,०००००/- (आठ लाख) गरी जम्मा रु. १३,०००००/- (तेह्र लाख)

**लाभान्वित संख्या: १४ घरधुरीको १५० जना ।**

१४. वचुको उकालो (साघु) देखि दक्षिण तर्फ, वचुटोल, सर्वेश्वर मार्ग, चिसापानी धारा (शिखर टोल) अल्पाइनटोल वचुराजकुलो, सुर्योदय टोल, नवजागृतिटोल हुदै सितापाखा युवा क्लवसम्मको सम्पूर्ण वस्तीहरूमा ह्यूमपाईप हाली ढल निकासा गर्ने काम सुरू भइरहेको ।

स्रोत: जनप्रतिनिधीको पहलमा डिभिजन खानेपानी तथा सरसफाइको कार्यालय ललितपुरको करिव ५ करोड र स्थानीय उपभोक्ताबाट रु. १ करोड गरी जम्मा ६ करोड ।

**लाभान्वित संख्या: ३०० घरधुरीका १०,००० जना ।**

१५. सितापाखामा विभु दाहालको घरको उकालो देखि पूर्व तर्फ नकुल राउतको घरसम्मको कच्ची मोटर बाटोलाई चोडा गरी १८ ईन्चको ढल हाली ढल निकासा गरी उक्त बाटोमा खोलाको ग्रावेल गरिएको ।

स्रोत: महालक्ष्मी नगरपालीकाबाट रु. १०,०००००/- (दश लाख) र स्थानिय उपभोक्ताबाट रु. १०,०००००/- (दश लाख) गरी जम्मा रु. २०,०००००/- (विस लाख)

**लाभान्वित: ५० घरधुरीका ५०० जना ।**

१६. सितापाखामा राजेन्द्र राउतको घरदेखि दक्षिण वुद्ध रोक्काको घरसम्मको मोटर बाटोमा ढलान गरियो ।

स्रोत: महालक्ष्मी नगरपालीकाको रु. १,५०,०००/- ( एक लाख पचास हजार ) र स्थानीय उपभोक्ता बाट रु. ५०,०००/- ( पचास हजार ) गरी जम्मा रु. २,०००००/- ( दुई लाख)

**लाभान्वित संख्या:१० घर धुरीका १०० जना ।**

१७. गोदावरी मेनरोडबाट पूर्वतर्फ सितापाखा आउने मुख्य बाटोलाई ७ मि. चौडा गरी विस्तार कार्य र स्तरउन्नतीको कार्य करिव ६०० मि. भईरहेको र पिचको लागि तयारी अवस्थामा रहेको ।

स्रोत: व्यक्तिगत पहुंचको आधारमा डिभिजन सडकको कार्यालय, ललितपुरबाट करिव २ करोड र स्थानीय उपभोक्ताहरुको जग्गा र निर्माण र सहयोग ।

**लाभान्वित: १००० घरधुरीका परिवारहरु ।**

१८. सुर्योदय स्कुल चोकबाट पश्चिम भोला थापाको घर सम्मको १४ फिटको बाटोलाई चौडा गरी ७ मिटरको बनाई रिटेनिङ वाल र ग्रावेल करिव ४०० मिटर गरियो ।

स्रोत: व्यक्तिगत पहुँचको आधारमा डिभिजन सडकको कार्यालय, ललितपुरको १ करोड ५० लाख र स्थानीय उपभोक्ताको जग्गा र मिहिनेत ।

**लाभान्वित: ५०० घरधुरीका वासिन्दाहरु ।**

१९. नव सृजना टोल भित्रका सडक कालोपत्रे - पिच) गरी व्यवस्थित गरियो ।

स्रोत: नवसृजना टोल सुधार समितिका सदस्यहरुबाट जनसहभागीतामा करीव ४ लाख ।

२०. कमल पोखरीमा खानेपानीको निजीधारा वितरण गर्नका लागि डिप वोरीङ कार्य अगाडी बढाई काम सुरू भईरहेको ।

स्रोत: काठमाडौं उपत्यका खानेपानी लिमीटेड, स्थानीय जनप्रतिनीधिको पहलमा ।

**लाभान्वित: १000 घरधुरीका वासिन्दाहरु ।**

२१. कृष्ण मन्दिरबाट टिकाथली जाने मेन बाटोमा पिच गर्न सडकको विभाग कार्यालय ल.पु.बाट आउनु भएका ठेकेदार र कर्मचारीलाई सहयोग गरी गुणस्तरीय पिच करीव ८०० मि.गर्न सहयोग गरियो ।

२२. कृष्ण मन्दिर पूर्व मेन रोडमा १०० मि. ह्युमपाईप २० ईन्चको हाली अनिल के.सी. को घर दक्षिणपट्टीका करिव १५ घर धुरीहरूको ढल निकासा गरियो ।

**स्रोत: स्थानीय उपभोक्ताबाट रु. २ लाख ५0 हजार ।**

लाभान्वित: १५ घरधुरीका १५0 जना ।

२३. ४ नं. वडा भित्र रहेका १० वटा गोरेटो बाटोहरूलाई मोटर बाटो हुनेगरी खोलियो, करिव ३ कि.मि.

**स्रोत: जनप्रतिनीधीको पहल र स्थानीय उपभोक्ताको विशेष सहयोग ।**

२४. ४ नं. वडाको आफ्नै वडा कार्यालय नभएकोले वडा कार्यालय बनाउने उपयुक्त स्थान छनौट गरी चिसापानी धारा रहेको सार्वजनीक ०-२-०-० क्षेत्रफलको जग्गामा नक्सा डिजाइन भइरहेको ।

## ख. स्वास्थ्य तर्फ :

१. वर्ष भरीमा विभिन्न अस्पतालहरूमा छुट सुविधा र अन्य सुविधाका लागि मुटु रोग, क्यान्सर, पर्किन्सन, मृगौला लगायतका ३० जना विरामीका लागि सिफारीस गरियो र छुट सुविधा दिलाईयो ।

२. विभिन्न अस्पतालमा अन्य विरामीहरूलाई जनप्रतिनीधीको हैसियतले र व्यक्तिगत पहुंचको आधारमा २० जना अन्य रोगीहरूलाई पुर्ण छुट र आशिंक छुट सुविधा दिलाईयो ।

३. २ जना विद्यार्थीलाई ५० प्रतिशत छुटमा वडाकै सिफारीसको आधारमा चिकित्सा शास्त्र अध्ययन गराईएको । (छात्र १, छात्रा १)

४. निरंकारी मण्डलद्धारा १५० जनाको सहभागीतामा रक्तदान कार्यक्रम सञ्चालन गरी १५० पाउण्ड रगत संकलन गरियो ।

५. सुर्यनगर टोल सुधार समिति क्षेत्रमा वरिष्ट मुटुरोग विशेषज्ञ डा. प्रकाश रेग्मीको टिमद्धारा मुटुरोग शिविर र ७५ जनाको सहभागीतामा रक्तदान कार्यक्रम सञ्चालन भयो र २०० जना लाभान्वित भएको ।

६. वर्षभरीमा २० वटा टोल सुधार समितिहरूको सहभागीतामा ४ नं. वडा भरी एकैपटक सरसफाई कार्यक्रम गरियो ।

७. प्लाष्टिक प्रयोगमा कमि ल्याउन जनचेतना कार्यक्रम वडा कार्यालयले सञ्चानलन गरियो ।

८. महिलाहरूको स्वस्थ्य सम्बन्धित सचेत गराउन प्रसुति सम्बन्धी ३० जना विवाहीत महिलाहरूको सहभागीतामा कार्यक्रम गरियो ।

स्रोत: जनप्रतिनीधिको पहलमा, शहकारीको सहयोगमा ।

९. ४ न. वडा भित्र सञ्चालीत औषधी पसलहरूको अनुगमन गरी ५ वटा मध्ये १ वटा पसल( लाई १५ दिन बन्द गरी पून: व्यवस्थित भएपछी सञ्चालन गर्ने सहमती सहितको कारवाही गरी ४ नं. वडाका जनताको स्वास्थ्य हितको काम गरियो ।

स्रोत: जनप्रतिनीधिहरुको पहलमा ।

## ग. शिक्षा तर्फ :

१. महालक्ष्मी नगर शिक्षा समितिमा जनप्रतिनीधीहरूको विशेष भूमिका सहीतको कार्यविधी तयार गरियो र लागु गरियो ।

२. ४ नं. वडा भित्रका आर्थिक अवस्था कमजोर भएको पढाईमा अब्बल ४० जना विद्यार्थीहरूलाई नजिकका विद्यालयहरूमा अध्ययन गर्न छात्रवृत्ति (आशिंक र पूर्ण) का लागि सिफारीस गरिएकोमा १५ जनाले आंशिक र १० जनाले पूर्ण छात्रवृत्ती सुविधा लिई अध्ययन गरीरहेको ।

३. मोन्टेश्वरी (प्री. स्कुल) ४ नं. वडा भरी १२ वटा रहेकोमा स्थलगत निरीक्षण गरी बालमैत्री बनाउन निर्देशन दिई सुधार गर्न लागाइयो ।

४. ४ नं. वडा रहेको २ वटा समुदायीक विद्यालयमा प्रतिनिधीत्व गर्दै व्यवस्थापन सुधारमा प्रमुख भुमिका खे लीएको र महेन्द्र आर्दश मा.वि. मा CTEVT अर्न्तगतका Civil Engineering कक्षा सञ्चालन कार्य अगाडी बढाईएको ।

५. ४ नं. वडा बाट उच्च शिक्षाका लागि विभिन्न देशमा जानुहुने विद्यार्थीहरू ९८ जनालाई सिफारीस गरिएकोमा ६० जनालाई भिषा लागि बैदेशिक उच्च शिक्षा हासील गर्न सफल हुनुभएको छ ।

६. जन प्रतिनीधिहरूको व्यक्तिगत खर्चमा १ छात्र १ छात्रालाई छात्रवृत्तीमा पढाउने व्यवस्था मिलाईएको छ ।

**घ. खानेपानी तर्फ :**

१. वडा नं. ४ को सम्पूर्ण घरहरूमा निजी धारा वितरण गर्ने उद्देश्यले डि.पी.आर. गराई सकिएको ।

स्रोत :- डिभिजन खानेपानी कार्यालय ललितपुरको जम्मा लगानी काम सिध्याउनका लागि २४ करोड फाईल खानेपानी मन्त्रालयमा पुगेको ।

२. हाल चलिरहेको सार्वजनिक खानेपानीलाई व्यवस्थित गरी सञ्चालनमा ल्याईएको र निम्न ठाउँमा धारा र पाईप विस्तार गरिएको ।

- राजकूलो श्रोतमा - ४ वटा धारा ख वचु क्षेत्रमा - २ वटा धारा
- सितापाखामा मञ्जरी वस्ती तिर - ५ वट धारा ख सूर्योदय टोल तिर - ३ वटा धारा
- महेन्द्र आर्दश स्कुलको दक्षिण तर्फ - २ वटा धारा ख कमल पोखरीमा डिप बोरीङ गर्न व्यवस्था मिलाईएको ।
- निरंकारी टोल र आनन्द वस्ती क्षेत्रमा ७०० मी. पाईप बाट निजी धारा वितरण गर्ने गरी ३०० धारालई व्यवस्था मिलाइएको ।

स्रोत : जन प्रतिनीधीहरुको पहलमा डिभिजन खानेपानी ललितपुर ।

३. ईमाडोल खानेपानीद्वारा सञ्चालीत पानीको इन्टेकको क्षमता वृद्धि र पाईप लाईनको साईज वृद्धि गरी १० ईन्चको एच. डि. पाईप हाल्न डि.पी.आर. गरिएको ।

स्रोत: डिभिजन खानेपानीको कार्यालय, ललितपुर, विशेष पहल : जनप्रतिनीधिहरु ।

**ङ. अन्य कामहरु :**

१. ४नं. वडाको भाडाको कार्यालयमा सेवाग्राहीको सुविधाका लागि २० × ३० को फलामे ट्रस निर्माण गरियो र उक्त ठाउँमा बस्नको लागि ५० वटा कुर्सी खरिद गरियो ।

स्रोत: जनप्रतिनीधिहरुको व्यक्तिगत

२. ४ नं. वडा कार्यालयमा वडा दशैं २०७४ सालको उपलक्ष्यमा २०० जना भन्दा वढिको सहभागीतामा सुभकामना आदान प्रदान एवं चियापान कार्यक्रम गरियो ।

स्रोत: जनप्रतिनिधिहरु र सहयोगी हातहरु ।

३. जेष्ठ नागरीकहरू १५० जनालाई १ वटा ब्लाङ्केट र नगद रू. २०० प्रदान गरियो ।

स्रोत:- जनप्रतिनिधिहरु र महालक्ष्मी नगरपालीका ।

४. ४ नं. वडा भरी २०० वटा सडक वत्ति हालीयो, (नियमीत विद्युत लाईनलाई प्रयोग गरी)

स्रोत: जनप्रतिनिधिहरुको व्यक्तिगत पहलमा जम्मा खर्च रु. २००×२००० = ४,०००००/-

५. वडामा आएको निम्न विवादहरू समाधान गरियो ।

- साँध सिमाना - ३० वटा

- अंश सम्बन्धी - ५ वटा
- सामान्य झै झगडा - १५ वटा
- घर निर्माण सम्बन्धी - २५ वटा
- बाटोको सिमाना र बाटो - खोल्ने - १५ वटा
- घरायसी वादविवाद - १५ वटा
- मदिरा सेवन सम्बन्धी - ५ वटा
- अन्य विवाद - १० वटा
- न्यायिक समितिमा पठाइएको विवाद - ३ वटा

६. विद्युतको पोल २५० वटा ल्याई विद्युत लाईन वोझेपोखरी न्युरोड टोल, महेन्द्र आर्दश स्कुल चोक, सितल हाईट, शिखर टोल, सितापाखा, वचु राजकूलो र सुर्यनगरमा व्यवस्थित गरियो ।

७. विद्युतको पावर कमी भएकोले २ वटा ट्रान्सफरमर ल्याई जडान गरिसकिएको र २ वटाको पावर परिर्वतन गरिएको ।

स्रोत: जनप्रतिनीधिहरुको पहलमा, नेपाल विधुत प्राधिकरण ललितपुर, ८ लगनखेल ।

८. ४ नं. वडा वासिन्दाहरूलाई यातायातमा सहज पहुंच होस भन्ने उद्देश्यले कमलपोखरी देखि ग्वार्को - कोटेश्वर हुँदै वुढानिलकण्ठ सम्मको साझा वस र हात्तिवन महाकाली मन्दिर - सात दोबाटो - लगनखेल हुँदै सभा वस - ४ - ४ वटा सञ्चालनमा ल्याईयो र अनुगमन समेत भईरहेको ।

स्रोत: जनप्रतिनीधिहरुको पहल र साझा यातायातको व्यवस्थापन

९. ४ नं. वडा भित्र सस्कारी परम्परालाई व्यवस्थित गर्नका लागि ५ वटा कृयापुत्री भवन बनाउने लक्ष्य भएकोमा निम्न कार्य भइरहेको छ ।

**सितापाखाको पुरानो ढुङ्गेधारामा क्रियापुत्री भवन वनाउन उपभोक्ता समिति गठन भई काम भईरहेको ।**

- वचु दोबाटोमा क्रियापुत्री भवन बनाउन आर्थीक संकलन भईरहेको ।
- सितापाखा सामुदायीक भवन भएको ठाउँमा आवासीय क्रियापुत्री भवन बनाउन अध्ययन भई काम अगाडी बढिरहेको ।

स्रोत: जनप्रतिनिधीहरु, स्थानीय उपभोक्ताहरु

१०. सिपमुलक आय आर्जनका लागि ४ नं. वडा भरिका ३० जना महिलाहरूलाई ड्राईभिङ तालीम दिई सक्षम बनाइएको छ ।

स्रोत: महालक्ष्मी नगरपालीका

११. ४ नं. वडा भरिका युवा युवतीहरूलई मध्यनजर गरी चरित्र निर्माण एवं सक्षम युवा युवती तयार गर्ने मुख्य उद्देश्यले दुर्वेसन विरूद्ध जनचेतना कार्यक्रम सञ्चालन गरी सचेत गराईयो ।

स्रोत: महालक्ष्मी नगरपालीका - ४ नं. वडा

**लाभान्वित संख्या : वडा भरीका १२ वर्ष देखी - ४० वर्ष सम्मका व्यक्तिहरु**

१२. ४ नं. वडा भरिको सरसफाईका लागि वर्षमा ३ पटक चेतनामुलक कार्यक्रम सञ्चालन गरियो ।

स्रोत: महालक्ष्मी न.पा., ४ नं. वडा कार्यालय

**लाभान्वित: वडा भरिका वासीन्दाहरु**

१३. ४ नं. वडामा रहेको बालक्लवका सम्पूर्ण बालबालीकाहरूलाई खेलकुद र विभिन्न जनचेतनामुलक कार्यक्रम सञ्चालन गरी योग्य बालकहरू बनाउने कार्य गरियो ।

स्रोत: महालक्ष्मी नगरपालीका, ४ नं. वडा कार्यालय, नमूना बाल क्लव

१४. ४ नं. वडाको संकास्पद क्षेत्रहरूमा चोरी, डकैती, लागु पदार्थ सेवन, वेचविखन एवं अन्य अपराधमा कमी गर्ने उद्देश्यले प्रहरी प्रभाग ईमाडो लसँग सुरक्षा निती बनाएर अपराध नियन्त्रणमा विशेष कार्यक्रम सञ्चालन गरिएको ।

स्रोत: जनप्रतिनिधीहरुको पहल, प्र. प्र. इमाडोलको सहयोग ।

१५. ४ नं. वडा वासिन्दहरू मध्ये भू-कम्पबाट पूर्ण क्षतिमा पर्नुभएको पिडितहरूको नक्सा पास शुल्कमा ५० प्रतिशत छुट गरियो ।

१६. ४ नं. वडाको वातावरणीय प्रभाव न्यूनीकरण गर्ने उद्देश्यका साथ वडा भित्र सञ्चालीत ३ वटा ईट्टा भट्टाहरू क्रमशः सत्यनारायण ईट्टा भट्टा, सन्तोषीमाँ ईट्टा भट्टा, आर. के. ईट्टा भट्टा र छिमेकी वडा नं. ६ मा रहेको ऊँ ईट्टा भट्टामा स्थलगत निरीक्षण गरी धुँवाजन्य र ध्वनीजन्य प्रदुषण नियन्त्रणमा विशेष भुमिका निर्वाह गरिएको छ ।

१७. ४ नं. वडा भित्र सञ्चालीत भाडा बनाउने कारखाना फर्निचर र मुर्ती बनाउने घरेलु कारखानाहरूमा हुने प्रदुषणहरूको स्थलगत निरीक्षण गरी सुधार गर्न निर्देशन दिइएको र हाल व्यवस्थित भईरहेको ।

१८. सत्य नारायण ईट्टा भट्टामा कार्यरत मजदुहरूमध्ये विपन्न ३० जनालाई सुद्ध खानेपानीको व्यवस्थाहोस भन्ने उद्देश्यले ३० वटा वाटर फिल्टर (५ ली.) को वितरण गरियो ।

स्रोतः जनप्रतिनिधिहरु

१९. ४ नं. वडाको सितापाखाको जेहेन्दार फूटवल खेलाडी आशिष राउतको असामयीक निधन भएकाले उहाँको सम्झनामा आशिष मेमोरीयल फूटवल प्रतीयोगीता सञ्चालनमा विशेष सहयोग गरी सम्पन्न गरियो ।

स्रोतः स्थानीय खेलप्रेमी, जनप्रतीनिधीहरु ।

२०. १ वर्ष भरीमा काम गरिएको जम्मा १३४० घण्टा

२१. १ वर्षभित्र वडा भरीका मृत्यु हुनेको संख्या – १३, जसमध्ये १ जना विष सेवन गरी र २ जना झुण्डिएर ।

२२. विभिन्न अस्पतालमा वडावासी विरामीसँग भेटघाट ६० जना ।

२३. व्रतवन्ध, विवाह, पास्नी अन्य भोजमा सहभागी – ४० वटा ।

२४. विभिन्न कार्यक्रमहरूमा सहभागी भईयो :-

- प्रमुख अथितीको रूपमा – ३० वटा ख विशेष अतिथिको रूपमा – १५ वटा
- अतिथीको रूपमा – २० वटा ख सहभागी मात्र – १०० वटा

२५. यस वडामा बसोवास गर्ने विशिष्ट व्यक्तीत्वहरू : –

- प्रोफेसर – २० जना ख डाक्टर – १६ जना ख नर्स – ३० जना
- पाईलट – २ जना ख संगितकार – ४ जना ख गायक – १३ जना
- फिल्म कलाकार – १३ जना खपत्रकार – ८ जना ख सार्कमा गोल्ड मेडलिष्ट – २ जना
- खेलाडी – २६ जना ब्ल्याक वेल्ट थर्ड डन खेलाडी – ६ जना

सवारी साधन चलाउँदा र बाटो काट्दा नियमहरु पालना गरौं,
आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ललितपुर, ३ नं. प्रदेश, नेपाल

## वडा अध्यक्षको अनुभव



# 'डुबानमुक्त बनाउने अभियान जारी छ'

**राजकुमार सिल्वाल**
वडा अध्यक्ष
वडा नम्बर ५, महालक्ष्मी नगरपालिका




बाटोहरू साँघुरा थिए । अहिले ती साँघुरा बाटोहरूलाई २० फुटे, १६, १४ र १३ फुटेसम्म स्तरोन्नती गरेको छु । बाटोबाहेक ढलको काम पनि गरिरहेको छु । बाटो पिच गर्ने, ढलान गर्ने र ढल निर्माणको कामलाई तीब्रता दिएको छु । जनसहभागितामा अहिलेसम्म तीन किलोमिटर ढल निर्माणको काम पूरा गरेको छु । कतिपय टोलहरू ढल नभएका कारण डुबानमा परिरहेका थिए । अझै पनि केही टोललाई डुबानमुक्त गर्नुपर्ने आवश्यकता छ ।

अहिले साल साबिकको काम भइरहेको छ । हाल साबिकमा धेरै समस्याहरू छन् । कतिपयले सडक मिचेको, ओभरल्यापिङ गरेको समस्या छ । ती समस्या मिलाउन लागिरहेका छौं । हाम्रो नगरपालिका नयाँ भएकाले आर्थिक समस्या छ । सरकारले जनसहभागितामा आधारित विकास निर्माणका कामहरू ल्याउन सके अझै राम्रो हुने थियो ।

म मेरा वडाबासीलाई के भन्न चाहन्छु भने- एकताबद्ध भएर हामी लाग्यौं भने सुन्दर वडा र सुविधासम्पन्न वडा निर्माण गर्न सक्षम हुनेछौं । विकासका लागि जनसहभागिता महत्वपूर्ण रहन्छ । तपाईं हामी सबै मिलेर वडाको विकास र उत्थानमा क्रियाशील होऔं ।

उहाँहरूको अनुभव र सहयोगको अपेक्षा राखेको छु ।

# वडा नम्बर ५ का

## जनप्रतिनिधि निर्वाचित भएपछि गरेका गतिविधिहरू

## आ.व.२०७५/०७६ मा सञ्चालित योजनाहरु

### भौतिक पुर्वाधार तर्फ

| सि.नं | योजनाको नाम | रकम (रु) | कैफियत |
|---|---|---|---|
| १ | सुन्दर मार्ग तथा राधाकृष्ण मार्ग ग्रावेल तथा रिटेनिङ वाल | १५,००,००० | कार्य सम्पन्न |
| २ | साविक टिकाथली ४ मा सामुदायिक भवन निर्माण | ४,००,००० | कार्य सम्पन्न |
| ३ | सिद्धेश्वर मार्गमा ग्रावेल | ९,००,००० | कार्य सम्पन्न |
| ४ | सिद्धेश्वर अडुली राजकुलोमा हिमपाईप | १०,००,००० | कार्य सम्पन्न |
| ५ | साविक टिकाथली २ ट्रासफर्मर चोक देखि राजकुलो सम्म ढल निर्माण | ४,००,००० | कार्य सम्पन्न |
| ६ | मोतेश्वर सामुदायिक भवन निर्माण | ४,००,००० | कार्य सम्पन्न |
| ७ | मोतीज कुलो मार्ग बाकी भागमा ढल विस्तार | ४,००,००० | ५० प्रतिशत कार्य सम्पन्न |
| ८ | मोतेश्वर घुम्ती सडकमा ढुङ्गा ओछ्याउने | २,००,००० | |
| ९ | देउराली मार्गमा ग्रावेल तथा ढल | ५,००,००० | कार्य सम्पन्न |
| १० | पञ्चदेव मार्गमा ग्रावेल तथा रिटेनिङ वाल | ४,००,००० | कार्य सम्पन्न |
| ११ | चपाखर्क खानेपानी ट्याङ्की | १०,००,००० | बाकी |

### लक्षित तर्फ

**१ महिला लक्षित**

| | | | |
|---|---|---|---|
| १ | महिलाको लागी झुम्के थैली बनाउने तालिम | रु,६०,०००/- | कार्य सम्पन्न |
| २. | कपडाको झोला बनाउने तालिम | रु,५०,०००।- | कार्य सम्पन्न |
| ३ | महिला स्वास्थ्य शिविर | रु,१२५,०००/- | बाकी |

### बालबालिका लक्षित

| | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | श्री महेन्द्र ग्राममा विद्यालयमा पुस्तकालय व्यवस्थापन गर्न | रु,१,००,००० /- | कार्य सम्पन्न |
| २ | बाल क्लबलाई सामाग्री व्यवस्थापन | रु,५०,००० /- | बाँकी |
| ३. | गोदावरी खोला सरसफाई कार्यक्रम | रु,१,७५,०००।- | कार्य सम्पन्न |
| ४ | सार्वजनिक स्थानहरुमा फोहोर .... | १,००,००० | |

### अन्य लक्षित

| | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | वडा स्तरिय टोल बिकास | रु,१,२५,००० /- | बाकी |
| २ | वडा कार्यालय मर्मत | रु,३,००,००० /- | ५० प्रतिशत |
| ३ | राजकुलो सिमांकन | रु,२,२५,००० /- | **कार्य सम्पन्न** |
| ४ | कृषक अवलोकन भ्रमण | रु,३,५०,००० /- | बाकी |

## एकिकृत सम्पति कर तर्फको योजना

| | | |
|---|---|---|
| १ | झीकुचा ढल र वाटो विस्तार | रु ६२५०००/- |
| २ | टयाङकी लिकं रोड ग्रवेल | रु ६२५००/- |
| ३ | समृदि मार्ग ग्रवेल | रु १८७५००/- |
| ४ | मोतेश्वर घुम्ती मार्ग विस्तार | रु १८७५००/- |

## आ.व.२०७४/०७५ मा सञ्चालित योजनाहरु

### भौतिक पुर्वाधार तर्फ

| सि.नं | योजनाको नाम | रकम (रु) | कैफियत |
|---|---|---|---|
| १ | सुन्दर मार्ग तथा राधाकृष्ण मार्ग ग्रावेल तथा रिटेनिङ वाल | १५,००,००० | कार्य सम्पन्न |
| २ | साविक टिकाथली ४ मा सामुदायिक भवन निर्माण | ४,००,००० | कार्य सम्पन्न |
| ३ | सिद्धेश्वर मार्गमा ग्रावेल | ९,००,००० | कार्य सम्पन्न |
| ४ | सिद्धेश्वर अडुली राजकुलोमा हिमपाईप | १०,००,००० | कार्य सम्पन्न |
| ५ | साविक टिकाथली २ ट्रासफर्मर चोक देखि राजकुलो सम्म ढल निर्माण | ४,००,००० | कार्य सम्पन्न |
| ६ | मोतेश्वर सामुदायिक भवन निर्माण | ४,००,००० | कार्य सम्पन्न |
| ७ | मोतीजकुलो मार्ग बाकी भागमा ढल विस्तार | ४,००,००० | ५० प्रतिशत कार्य सम्पन्न |
| ८ | मोतेश्वर घुम्ती सडकमा ढुङ्गा ओछ्याउने | २,००,००० | कार्य सम्पन्न |
| ९ | देउराली मार्गमा ग्रावेल तथा ढल | ५,००,००० | कार्य सम्पन्न |
| १० | पञ्चदेव मार्गमा ग्रावेल तथा रिटेनिङ वाल | ४,००,००० | कार्य सम्पन्न |
| ११ | चपाखर्क खानेपानी ट्याङ्की | १०,००,००० | बाँकी |

### सामाजिक तर्फ

| | | | |
|---|---|---|---|
| १ | झिकुचा राजकुलो बाटो र ढल | रु.७०००००- | कार्य सम्पन्न |
| २. | कृषि अवलोकन भ्रमण | रु.१५०००।- | कार्य सम्पन्न |

| | | | |
|---|---|---|---|
| १ | महेन्द्र ग्रम मा. वि. भवन फर्निचर | रु.१५०००० /- | सम्पन्न |

### भौतिक तर्फ

| | | |
|---|---|---|
| भिमसेन मार्ग रिटेनिङ वाल | १०००००० | कार्य सम्पन्न |
| पंचदेव मार्ग | ५००००० | कार्य सम्पन्न |
| राधाकृण्ण मार्ग रिटेनिङ वाल तथा ग्रावेल | रु २०००००० | कार्य सम्पन्न |
| वडा नं ५ ग्र्यावेल | रु १०००००० | कार्य सम्पन्न |
| सामुदायिक भवन निर्माण | रु १५००००० | कार्य सम्पन्न |
| | | कार्य सम्पन्न |



## वडा अध्यक्षको अनुभव

# सम्पदा संरक्षणमा मास्टर प्लान बनाएको छु

**वासुदेव महर्जन**
वडा अध्यक्ष
वडा नम्बर ६, महालक्ष्मी नगरपालिका




सुरुका दिनमा २० वर्ष जनप्रतिनिधि नभएको अवस्थामा ट्र्याकमा ल्याउन समय लाग्यो । शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रलाई ध्यानमा राखेर काम गरेका छौं । मेरो वडा सिद्धिपुर क्षेत्रमा साँस्कृतिकरूपमा धनी छ । कला संस्कृति जोगाउने र संरक्षण गर्ने विशेष दायित्व मेरो वडालाई छ । नगरपालिकाको विकास बजेटले हामीलाई धेरै अपुग हुन्छ । अब प्रदेश र केन्द्र सरकारको सहयोगमा काम गर्नुपर्नेछ । अहिले मेरो वडामा रहेको कोतघरलाई नेवारी संग्रहालय बनाउने योजनाअनुसार काम भइरहेको छ । मेरो वडामा दुई वटा सरकारी विद्यालय छन् । फ्रान्सको एउटा संस्थाले सिद्धिमंगल विद्यालयमा भवन निर्माणको काम गरिरहेको छ ।

मेरो वडामा अव्यवस्थित घरहरू वृद्धि भएको छ । मलाई के चिन्ता छ भने यहाँका रैथाने कुनै दिन विस्थापित हुनुपर्ने त हो इन भन्ने लागेको छ । त्यसैले अहिले प्लटिङ गर्न दिइएको छैन । मैले मास्टर प्लान बनाएर सम्पदा संरक्षणको काम गरिरहेको छु । जनतासँग प्रत्यक्ष जोडिएर काम गर्न पाउँदा म धेरै खुसी छु । जनतासँग सधैं मिलेर काम गर्न पाउँ भन्ने लागेको छ । मेरो स्वार्थ भनेको वडाको सुखी र समृद्धि नै हो । मसँग वडाको स्वार्थबाहेक अरू केही छैन ।

उहाँहरूको अनुभव र सहयोगको अपेक्षा राखेको छु ।

# वडा नम्बर ६ का

## जनप्रतिनिधि निर्वाचित भएपछि गरेका गतिविधिहरू

| क्र.स. | योजना | बजेट |
|---|---|---|
| | **नगरपालिका स्तरिय योजनाहरु** | |
| १ | दे छे निर्माण | १,०००,०००/- |
| २ | छाउनीखुसिलहुदै छ दोबाटो सम्म सडक स्तरोन्नती | १,०००,०००/- |
| ३ | शान्तिपोखरीबाट मंगलचौर सिद्धि मंगल स्कुल सम्म बाटो फराकिलो तथा ढल निर्माण | ५,००,०००/- |
| ४ | छाउनी दर्शनधारीको घर देखि तफाखल सम्मबाटो स्तरोन्नती | १०,००,०००/- |
| ५ | वरपाच, दुरूघाट पानी ट्यांकी तपाखेल वचको गोरेटो बाटो फराकिलो | ५,००,०००/- |
| ६ | सिरूख्यो चिहान डाडामा नुहाउने धारा,भवन, कालो ट्यांकी आदि निर्माण | ५,००,०००/- |
| ७ | थसीक्वान्हुफल्चा वाटो कालोपत्र | ५,००,०००/- |
| ८ | सिद्धिपुर खानेपानी योजना मुहान, प्रशोधन केन्द्र पाईपलाईन सुधार तथा विस्तार | १०,००,०००/- |
| ९ | देःछे कोटघर निर्माण क्रमागत | १०,००,०००/- |
| १० | सिद्धि मंगल बुद्ध विहार मर्मत सुधार | ५,००,०००/- |
| ११ | खुसिलबाट वरचा हुदै बुद्धमार्ग सडक स्तरोन्नती | ५,००,०००/- |
| १२ | वरपाचउकालो तेल मिल अगाडि बाटो स्तरोन्नती | ५,००,०००/- |
| १३ | थसिक्वाबाट न्हुफल्चा बाटो कालोपत्रे गर्ने | ५,००,०००/- |
| १४ | कोतघर दे छे निर्माण | ६,००,०००/- |
| १५ | छाउनी खुसीलहुदैछ दोबाटो सडक स्तरोन्नती | ७,००,०००/- |
| १६ | सत्यटोल सामुदायिक भवन | २,००,०००/- |
| १७ | सिद्धिपुर सामुदायिक भवनगच्छे | १,००,०००/- |
| | **लुमन्ति मार्फत संचालित योजनाहरु** | |
| १ | १०८ घर भूकम्प पीडितको घर निर्माणमा सहयोग प्रति घर रू. | ३,००,०००/- |
| २ | मर्मत ११ घर | |
| ३ | देववनीमाता सतह (पाटी) कलात्मक शैलीमा निर्माण | ३७,००,०००/- |
| ४ | सामुदायिक स्वास्थ्य केन्द्र निर्माण | ३०,००,०००/- |
| ५ | सामुदायिक स्वास्थ्य केन्द्र फुटपाट निर्माण | ५,००,०००/- |
| ६ | निचिहिटी निर्माण चिहान डाडामा पाटी निर्माण | ५,००,०००/- |

| | | |
|---|---|---|
| ७ | यंगल टोलमा वाटो ढलान | ५,००,०००/- |
| ८ | तधननीमा ढुङा छपाई कार्य | |
| ९ | सिद्धिरोडमा पेटि निर्माण (फुटपाट) | |
| १० | छ दोवाटोमा ह्युम पाइप विछ्याने कार्य | |
| ११ | तफाखलमा ढल निर्माण कार्य | |
| | **प्रदेश न.घ मार्फत (प्रदेशीय स्तरीय योजना)** | |
| १ | दे: छे कोटघर निर्माण | ५०,००,०००/- |
| २ | सिद्धिपुर विष्णुडोल सडक | ५०,००,०००/- |
| | **केन्द्रीय स्तरको योजना** | |
| १ | सिद्धि मंगल बुद्ध विहार सुधार | १०,००,०००/- |
| | **सडक विभाग** | |
| १ | सिद्धिपुर ठैव सडक | १०,०००,०००/- |
| | **काठमाडौं उपत्यका विकास प्राधिकरण कार्यालय, ललितपुर आ.व. २०७४/०७५, २०७५/०७६** | |
| १ | छाउनी ईन्टरलक छाप्ने कार्य | ५०००००/- |
| २ | रामढोका ईन्टरलक छाप्ने कार्य | ५०००००/- |
| ३ | इंगल टोलमा ईन्टरलक छाप्ने कार्य | ५०००००/- |
| ४ | तधननीमा ईट्टा छाप्ने कार्य | ५०००००/- |
| ५ | मुल सडक देखि सिद्धिमंगल बाटो ग्राभेल | ५०००००/- |
| ६ | इंगलबाट भिमसेन टोल सम्म पि. सि. सि. ढलान कार्य | ५०००००/- |
| | **फ्रान्सबाट** | |
| १ | सामुदायिक स्वास्थ्य केन्द्र निर्माण | २८,००,०००/- |
| | **अन्य गतिविधि** | |
| १ | सताब्दी पुरूष सत्यमोहन जोशी तथा सगरमाथा आरोही कल्पना महर्जनलाई सम्मान कार्यक्रम | |
| २ | तधननीमा बुद्धको मुर्ति प्रतिस्थापन | |
| ३ | गोदावरी खोला सरसफाई कार्यक्रम | |
| ४ | एम्बुलेन्स संचालन | |
| ५ | स्वास्थ्य शिविर | |

# आ.व. ०७४/७५ को लागी पूर्वाधार विकास विषय क्षेत्र अन्तर्गतका कार्यक्रमहरुको प्रगति

| सि.नं. | योजनाको नाम | इकाई | लम्बाई प्रगती |
|---|---|---|---|
| वडा नं. १ | | | |
| १ | सुन्दर वस्ती ढल निर्माण | मि. | १० (१६वटा म्यानहोल) |
| २ | पिस प्वाईन्ट हुदै लुभु जाने मुल सडक जोड्ने सडक ढलान | | १३०.०० |
| ३ | कर्णाली हाईट लुभु जाने सडक पिच गर्ने कार्य | मि. | १३०.०० |
| ४ | चिनको टोल बालकुमारी फर्निचर देखि उत्तर बासुकी बस्ती जाने सडक कालोपत्रे | मि. | १२३.०० |
| ५ | शिवटोल अधुरो पिच कार्य | मि. | १३३.०० |
| ६ | स्विमिंग पुल हुदै सरस्वती टोल जाने सडक कालो पत्रे | मि. | २१०.०० |
| ७ | अफल फाँट मुल सडक अधुरो भाग कालोपत्रे | मि. | १४०.०० |
| ८ | सितल बिनायक टोल कालोपत्रे | मि. | १३८.०० |
| ९ | नमुना टोल ढल निमाण कार्य | मि. | १६७.०० |
| १० | खानेपानी ट्याङकी निमाण | नं | १.०० |
| ११ | बुद्ध स्तुपा रंग रोगन | ब.मि | १६८.०० |
| १२ | सडक सुरद्दा कार्यक्रम | मि. | ४३३.०० |
| | | | |
| वडा नं. २ | | | |
| १ | गम्भिर समुन्द्र सेतु मा.बि. देखि होप भ्याली स्कुलसम्मको सडकको लागी ढल निर्माण ग्राभेल हाल्ने कालोपत्रे गर्ने | मि. | १५०.०० |
| २ | शिवमार्ग सडक राजेन्द्रको पसलदेखि रबिको घर हुदै बासु तिबारीको घर सम्म र रविको घरदेखी सुन्दरको घर सम्म पिच गर्ने | मि. | १६६.०० |
| ३ | गणेश मन्दिर देखि भगवानस्थान सम्मको बाटो ढलान | मि. | ६१.६० |
| ४ | शरणको घरदेखि उकालो सडक ढलान, नारायण भण्डारीको घरदेखि प्रकाश सापकोटाको घरसम्म र प्रकाश सापकोटाको घरदेखि नागस्थानसम्म र प्रकाश सापकोटाको घरदेखि मुकुन्दजिको घरसम्म ढलान वा ब्लक छाप्ने | मि. | ८९.०० |

# आ.व. ०७४/७५ को लागी पूर्वाधार विकास विषय क्षेत्र अन्तर्गतका कार्यक्रमहरुको प्रगति

| | | | |
|---|---|---|---|
| ५ | हेमन्तको घरदेखि श्यामको घरसम्म श्यामकृ घरदेखि गोकुल सुबेदीको घरसम्म अर्जुनको घरदेखि गंगा पौडेलको घरसम्म, गंगा पौडेलको घरदेखि तण्डुकारको घरसम्म, गोबिन्दको घरदेखि तिर्थको घरसम्म ब्लक छाप्ने | मि. | ३१४.५० |
| ६ | अशोक टोलस्थित ढलान भएको बाटोको मर्मत संभार गर्ने, यही टोलबाट पुलसम्मको कोरिडोरमा ढकन सहित ढलान गर्ने र ढलको मंगल छोप्ने | मि. | १८०.०० |
| ७ | भगवानस्थानबाट गनोपीसम्म पतन्जली मार्ग खोली ग्राभेल हाल्ने र करिब ५०० मि. सम्म सडक कालोपत्रे गर्ने | मि. | १३१.५० |
| ८ | गम्भीर समुद्र सेतु मा.वि को फर्निचरको लागि | | |
| ९ | देवराज पाण्डेको घर माथि देखि गणेश मन्दिर सम्म ढल विस्तार, ग्रावेल र पिच | मि. | ७९.३० |
| १० | शरणको घरदेखि उकालो सडक ढलान, नारायण भण्डारीको घरदेखि प्रकाश सापकोटाको घरसम्म र प्रकाश सापकोटाको घरदेखि नागस्थानसम्म र प्रकाश सापकोटाको घरदेखि मुकुन्दजिको घरसम्म ढलान वा ब्लक छाप्ने | मि. | २८.०० |
| ११ | शिवमार्ग सडक राजेन्द्रको पसलदेखि रबिको घर हुदै बासु तिबारीको घर सम्म र रविको घरदेखी सुन्दरको घर सम्म पिच गर्ने | मि. | ६१.०० |
| १२ | गणेश मन्दिर देखि भगवानस्थान सम्मको बाटो ढलान | मि. | २४.५० |
| | | | |

वडा नं. ३

| | | | |
|---|---|---|---|
| १ | वालकुमारी वालकोट सडक बाट **दक्षिण** तर्फ थापा टोल हदै खड्का टोल सम्म पुग्ने बाटोमा ब्लक छाप्ने कार्यको लागि | मि. | १४९.०० |
| २ | महर्जन चोक देखि दुगँ साघु जाने बाटोमा पिच गर्नका लागि | मि. | ३०५.०० |

# आ.व. ०७४/७५ को लागी पूर्वाधार विकास विषय क्षेत्र अन्तर्गतका कार्यक्रमहरुको प्रगति

| | | | |
|---|---|---|---|
| ३ | अमनटोलमा विमलाको घरबाट दग्ल सरको घरसम्म जाने गोरेटो ४ फुटको बाटोमा ब्लक छाप्नका लागि | मि. | |
| ४ | मुइयाँ नेपालको घरदेखि रुपा जोशीको घरसम्म जाने बाटो (अमनटोल ) ब्लक छाप्ने कार्यका लागि रु | मि. | |
| ५ | राजेन्द्र के.सीको घरदेखि भरतमान थापाको घरसम्म हुदै सत्यनारायण मन्दिर सम्म ग्राभेल गर्नका लागि | मि. | ३०० |
| ६ | साविक इमाडोल २ नं. वडामा विभिन्न स्थान/सडक/बाटोहरुमा ग्राँभेल गर्ने कार्यका लागि ग्राभेल गर्न का लागि ( अमन टोलका भित्रि बाटोहरु ) | मि. | १३९.०० |
| ७ | कोडकु चोकबाट बालकुमारी वालकोट सडक जोडने बाटो पिच गर्नका लागि | मि. | २३० |
| ८ | सिर्जना मार्ग, लोकेश्वर मार्गमा ग्राभेल गर्नका लागि | मि. | ९८.०० |
| ९ | बोझेपोखरी श्याम महर्जजको घरबाट विष्ट गाउ जाने बाटोमा रिटेनिगं वाल निर्माण गर्नका लागि | मि. | २९.०० |
| १० | इनद्रेश्वर महादेव मन्दिर बाट लाकेश्वर मार्गमा रिटेनिगं वाल निर्माण कार्यका लागि | मि. | ३१.७० |
| ११ | बँगैचा पार्टि प्यालेसको छेउबाट वाडा नं. २ र ३ को सिमानामा पर्ने बाटोमा ढलान कार्यका लागि | मि. | ३२.०० |
| १२ | बुद्ध धारको छेउबाट मिना  को घरसम्म जाने गोरेटो बाटोमा ब्लक छाप्ने कार्य का लागि | मि. | ५०.०० |
| १३ | कोडकु चोकबाट बालकुमारी वालकोट सडक जोडने बाटो पिच गर्नका लागि | मि. | ३८ |
| १४ | संस्थागत बिकास तर्फ सिर्जनशिल महिला समूहका लागि भवन  मर्मत | | |
| | | | |
| वडा नं. ४ | | | |
| १ | सितापाखा मनहरि थापाको घर देखि पूर्वको मेनरोडमा १८ इनचको ढल निर्माण कार्य [illegible] | मि. | १३७.०० |

# आ.व. ०७४/७५ को लागी पूर्वाधार विकास विषय क्षेत्र अन्तर्गतका कार्यक्रमहरुको प्रगति

| | | | |
|---|---|---|---|
| २ | वल कुवरका घर देखि दीण शरण बहादुर थापाको घर हुदै कमलपोखरी सम्मको बाटोमा २४ इनचको ढल निर्माण कार्य | मि. | १२५.०० |
| ३ | कपुरको बोट चौतारोवाट उत्तर भोलासिहको घरहुदै राज कपुर खड्काको घर सम्म २४ इनच को ढल निर्मार्ण कार्य | मि. | २०५.०० |
| ४ | पम्फु धारा देखि उत्तर महर्जन वस्ति हुदै न्यूरोड टोल सम्म २४ इनचको ढल निर्माण कार्य | मि. | १४०.०० |
| ५ | नकुल राउत घर देखि पश्चिम पटिको कच्चि मोटरबाटो रविन्द्र दाहालको पुरानो घर देखि एल.ए सिमाना सम्मको बाटोमा २४ इनचको ढल निर्माण कार्य | मि. | १३०.०० |
| ६ | कलकट दोबाटो देखि डबलेको पसल चोक सम्मको बाटोमा २४ इनचको ढल निर्माण कार्य | मि. | १२०.०० |
| ७ | पुरानो खड्का मार्ग (साबिक ७ नं) हुदै रघुनाथ खड्काको घरसम्म पिच कार्य | मि. | १२५.०० |
| ८ | सितापाखा युवाक्लव भवन भएको सार्वजनिक स्थानमा खानेपानीको वभर हेड टेकी वनाउन ( साविक ९ नं. वडामा निजि धारा वितरणका लागि ) | नं | १.०० |
| ९ | राजेन्द्र राउतको घर देखि दक्षिण तर्फ व'द्ध रोक्का को घर सम्म बाटो ढलान | क | ३५ |
| १० | नकुल राउत घर देखि पश्चिम पटिको कच्चि मोटरबाटो रविन्द्र दाहालको पुरानो घर देखि एल.ए सिमाना सम्मको बाटोमा २४ इनचको ढल निर्माण कार्य | मि. | १७२.०० |
| ११ | बल कुवर को घर देखि शरण वहादुर थापाको घर हुदै कमलपोखरि सम्मको बाटोमा २४ इनचको ढल निमाण | मि. | १२५.०० |
| | | | ६५.०० |
| वडा नं. ५ | | | |
| १ | सुन्दर मार्ग तथा राधाकृष्ण मार्ग सिमांकन तथा रिटेनिंग वाल तथा ग्राबेल | मि. | ७०६.३० |

# आ.व. ०७४/७५ को लागी पूर्वाधार विकास विषय क्षेत्र अन्तर्गतका कार्यक्रमहरुको प्रगति

| | | | |
|---|---|---|---|
| २ | साबिक टिकाथली ४ स्थित हनुमन्ते खाला सँगैको सार्वजनिक जग्गा संरक्षण तथा सामुदायिक भवन निर्माण | मि. | १.०० |
| ३ | पंचदेब मार्ग रिटेनिंग वाल तथा ग्राभेल | मि. | १७०.०० |
| ४ | भिमसेन मार्गमा टेवा पर्खाल | मि. | ३४.०० |
| ५ | झिकुचा राजकुलो बाटो तथा ढल निर्माण ५ र ३ को दुई वडा बाट विनियोजित रकम | मि. | ५७.५० |
| ६ | गोलभट्टा सडक अधुरो पिच कार्य | मि. | १०७०.०० |
| | | | |
| वडा नं. ६ | | | |
| १ | दे छे निर्माण | भवन | १.०० |
| २ | छाउनी खुसिल हुँदै छ दोबाटो सम्म सडक स्तरोन्नती | मि. | १५९.१० |
| ३ | शान्ति पोखरी वाट मगंलचौर सिद्धि मंगल स्कुल सम्म बाटो फराकिलो तथा ढल निर्माण | मि. | ७८.०० |
| ४ | छाउनी दर्शनधारीको घर देखि तफाखल सम्म बाटो स्तरोन्नती ( अर्को योजना शंशोधन भई थप बजेट रु ५००००० ) | मि. | १५९.१० |
| ५ | वरपाच, दुरुघाट पानी ट्यांकी तपफाखेल, वचको सडक फराकिलोका साथै ग्राभेल समेत गर्ने | मि. | २९२.०० |
| ६ | थसीःवा फल्चा देखी न्हु सडक स्तरोन्नती ( कालोपत्रे) | मि. | १४८.०० |
| ७ | सिरुख्यो चिहान डाडामा नुहाउने धारा, भवन ,कालो टयाकीं आदि निर्माण | संख्या | १.०० |
| | | | |
| वडा नं. ७ | | | |
| १ | नर्कटे चोकबाट यती ब्रिकसम्म उकालो ढलान | मि. | ४५.०० |
| २ | नर्कटे चोकबाट यती आवास सडक स्तरन्नोती | मि. | ४४०.०० |
| ३ | पन्चकन्या मार्गमा पर्खाल लागाउनेकार्य | मि. | ११५.०० |
| ४ | उदय बिनायक मार्ग ४ मि. कायम गरी स्तरोन्नती | मि. | २२२.०० |
| ५ | नारायणी नि.मा.बि. बाट गोपालचोक जाने बाटो ढलान तथा सडक स्तरोन्नती | मि. | ८७.०० |
| ६ | खर्गा दोबाटोदेखी बालकोट जोड्ने बाटो बिस्तार | मि. | ३२.०० |

# आ.व. ०७४/७५ को लागी पूर्वाधार विकास विषय क्षेत्र अन्तर्गतका कार्यक्रमहरुको प्रगति

| | | | |
|---|---|---|---|
| ७ | सच्चितानन्द मार्गमा रेटेनिंग वाल निर्माण | मि. | २२०.०० |
| ८ | दुईकुलाको मुहानबाट केडिसि ट्याकीं हुदै कृष्ण प्रसाद दाहालको घरसम्म सडक गाभेल तथा बाटो बिस्तार | मि. | ५८५.०० |
| ९ | नारायणी नि.मा.बि. अगाडी ढलान तथा ड्रेन ब्यवस्थापन | मि. | ८७.०० |
| १० | बुद्धबिहार निर्माण | मि. | १.०० |
| | | | |
| वडा नं. ८ | | | |
| १ | लुभु खानेपानी सुधार तथा मर्मत | वटा | १.०० |
| २ | मुलपानी शखादेवी खानेपानी आयोजना | मि. | ५४.०० |
| ३ | मा.बि.को उकालो ढलान | मि. | ४९.५० |
| ४ | शंखादेवीबाट सौडोल बाटो सिमाङ्कन तथा ग्राभेल शंशोधन भै शंखादेवी बाट सौडोलसम्मको बाटो फराकीलो गरी ठाउँठाउमा निकासका लागी ह्युम पाईप हाल्ने कार्य | मि. | ३३५.५० |
| ५ | तल चौताराबाट तल्लो गच्छे को बाटो मर्मत सुधार | मि. | ११५.०० |
| ६ | टाउनप्लान धन्सार बाटो ग्राभेल तथा पुल निर्माण शंशोधन भै टाउनप्लान धन्सार बाटो पुलसम्म ग्राभेल | मि. | ४५७.०० |
| ७ | राउत गाउँ देखी अन्डोल सम्मको बाँकी बाटो | मि. | ५७.०० |
| ८ | खड्का गाउँ बाट पौडेल गाँउ हुँदै सिरुटार निस्कने बाटो | मि. | १०३.०० |
| ९ | यती आवासको बाटो ग्राभेल ( शशोधित ढलान गरिएको) | मि. | ७०.०० |
| १० | खोप केन्द्र निर्माण | संख्या | १.०० |
| ११ | शंखादेवी विशंखुनारायण उकालो ढलान तथा वाल निर्माण | मि. | ८४.०० |
| | | | |
| वडा नं. ९ | | | |
| १ | शहिद चन्द्र बयलकोटी मार्ग तिनचल हुँदै शुभतारासम्म सडक स्तरोन्नती | | |
| २ | लामाटारचोक रामचन्द्र मन्दिर हुँदै पाठकटोल सडक स्तरोन्नती | मि. | २००.०० |
| ३ | तिल्पखोला गणेशस्थान सडक स्तरोन्नती | मि. | १३५.०० |

# आ.व. ०७४/७५ को लागी पूर्वाधार विकास विषय क्षेत्र अन्तर्गतका कार्यक्रमहरुको प्रगति

| | | | |
|---|---|---|---|
| ४ | लुभुखोला ढुंगेकोट नेपालचौर सडक ड्रेन तथा ग्राभेल | मि. | ५६.०० |
| ५ | ढुगिंन गैरीगाँउ बिरुवा सडक ढलान तथा ड्रेन निर्माण | | ३७.५० |
| ६ | काफ्लेबन गैरीगाँउ तेर्साबाटो स्तरोन्नती | | २३.५० |
| ७ | डाँडाथोक नेवारटोल जंगली खोला ओरालोमा सडक निर्माण | मि. | ३४.२५ |
| ८ | मेन सडक बुलालटोल शिवपार्वतीचोक बस्नेतगाँउ खोलाडील भिमेश्वर सडक स्तरोन्नती र ग्राभेल | | |
| ९ | स भुजुंगे सडक स्तरोन्नती | | |
| १० | ज्यागटा आरुबोट खोपानी योजना | | |
| ११ | दिर्घकालिन खानेपानी योजना निर्माण सर्भे तथा दुईवटा कुवा निर्माण | | |
| | | | |

वडा नं. १०

| | | | |
|---|---|---|---|
| १ | बुद्ध मुर्ती स्थापना र पार्क निर्माण | | |
| २ | नारायण डाडा सडकमा ह्यम पाइप ढलान | मि. | |
| ३ | फेदीखोला ३ फिटे पक्की पुल निर्माण | | |
| ४ | मानेदोभान विष्ट टोल पक्कीपुल निर्माण | | |
| ५ | योञ्जन डाडा विष्ट टोल शिडार टोल खानेप वस्थापन | | |
| ६ | वासुकी मा.वि भौतिक पूर्वाधार विकास | | |
| ७ | कालि देवि मा.वि भौतिक पूर्वाधार विकास | मि. | १५.६० |
| ८ | हलिचौर कार्त्तिके डाडा हेल्थपोष्ट सडक मर्मत सुधार | | |
| ९ | मानेचैते गुम्बा मर्मत सुधार | मि. | |



## वडा अध्यक्षको अनुभव

# 'नगरपालिकाकै नमूना वडा बनाउँछु'

**नकुल थापा**
वडा अध्यक्ष
वडा नम्बर ७, महालक्ष्मी नगरपालिका




पहिला पनि म वडाध्यक्ष भएर जिम्मेवारी निर्वाह गरेको थिएँ । त्यतिबेला धेरै जिम्मेवारी थिएन, अहिले धेरै जिम्मेवारी छ । जनप्रतिनिधिलाई धेरै अधिकार छन्, कतिपय त हामीलाई पनि थाहा छैन । हामीले आफ्ना सबै अधिकार कार्यान्वयनसमेत गर्न सकेका छैनौं । हामी अभ्यासका क्रममा सिक्दैछौं ।

म वडाध्यक्ष भएपछि धेरै नयाँ कामहरू सुरु गरेको मेरो दाबी छ । सबैभन्दा पहिला वडा भवन सुरूवात गरेको हुँ । सायद दसैंसम्म नयाँ भवनमा सर्छौं । मैले बिना बजेट पहिलोपटक वडा कार्यालय, प्रहरी चौकीसहित १६ ठाउँमा सीसी क्यामेरा जडान गरेको छु । मुख्य बाटोमा सडक बत्ती राखेका छौं ।

गोरेटो बाटो फराकिलो गर्न सक्षम भएको छु । मेरो पालोमा सायद सबै कालोपत्रे हुन्छ । संघ, प्रदेश सरकार पहल गरेर काम गरिरहेको छु । अरूभन्दा भिन्नै चलेकोजस्तो लाग्छ ।

स्थानीय तहमा काम गर्ने क्रममा जनप्रतिनिधि र कर्मचारीबीच कामको तादम्यता मिलेको छैन । कर्मचारीले जनप्रतिनिधिलाई थाहा छैन भन्नेजस्तो व्यवहार गर्ने गरेका छन् । जनप्रतिनिधिमा पनि केही कमी छ । राम्रो समन्वय नहुँदा काम गर्न अप्ठ्यारो भएको छ । यद्यपि मलाई स्थानीय जनता र कर्मचारीले सहयोग गर्नुभएको छ । मलाई विपक्षी राजनीतिक दलले पनि सकारात्मक सहयोग गर्नुभएको छ ।

# वडा नम्बर ७ का

## जनप्रतिनिधि निर्वाचित भएपछि गरेका गतिविधिहरू

नेपाली जनताले विभिन्न समयमा गरेको आन्दोलनको फल स्वरूप देशको शासकीय स्वरूप र राज्यको भौगोलिक पुन संरचना भएको छ । नेपाली जनताको मागलाई सम्बोधन गर्दै नेपालको संविधान, २०७२ ले पनि यसलाई प्रतिविम्वित गरेको छ । संविधानमा उल्लेख भए अनुरूप नेपाललाई हाल, ७ प्रदेश र ७५३ स्थानिय तहमा विभाजन गरी, राजनीतिक र भौगोलिक संरचना तयार गरिएको छ ।

ललितपुर जिल्ला भित्रका, सिद्धिपुर, टिकाथली, इमाडोल, लुभू, लामाटार लगायतका गा.वि.स. समेटी महालक्ष्मी नगरपालिकाको निर्माण गरिएको छ । यहि महालक्ष्मी न.पा. अन्तर्गत रहेको महालक्ष्मी न.पा. वडा नं. ०७ को कार्यालय (साविक टिकाथली गा.वि.स. वडा नं. ६, ७, ८ र ९) नगरपालिकाको करिब मध्य भागमा अवस्थित छ । विविध जातजाति र भाषाभाषीका जनताको बसोबास रहेको यस क्षेत्र प्राकृतिक, धार्मिक, सांस्कृतिक सुन्दरताले भरिपूर्ण रहेको छ ।

विकासको दृष्टिकोणले केहि पछाडि परेको भएतापनियहाँविकास निर्माण कार्यका लागिअपार सम्भावना रहेको पाईन्छ ।

स्थानिय विकासको चुनाव भएपछि जनप्रतिनिधिहरूको साथ पाएको यस वडाले गरेका काम, तिनको हालको अवस्था र भविष्यमा गर्नुपर्ने कार्यको विवरण देहायअनुसार उल्लेख गरिएको छ ।

**१) सडक :**

**क) अवस्था :**

- वडाका अधिकांश सडक कच्ची रहेका छन् ।
- सडकमा राम्रो ढलको व्यवस्था नहुनाले वर्षाद्को समयमा ठुलो समस्या सृजना हुने गरेको ।
- सडक साँघुरा र अव्यवस्थित छन् ।

**ख) सुधारका प्रयास :**

- वडाकै पहलमागोरेटो बाटोलाई कम्तिमा १३ फिट गरिएको, कच्ची मोटर बाटोलाई विस्तार गरी चौडा बनाइएको, ग्रावेल, पिच गर्ने कार्य अगाडि बढाइएको ।
- वडाकै पहलमानर्कटे चोक देखि बसपार्क सम्मको बाटो २० फिट कायम गरी उक्त बाटोको छेउमा रिटेनिङ्वालको निर्माण गरिएको, ढलान, पिच गर्ने कार्य सम्पन्न गरिएको ।
- पन्चकन्यामार्गलाई १३ फिट चौडा बनाई रिटेनिङ्वाल तथा ग्राबेल गरिएको ।
- लुभु-चाङ्गाथली-बालकोट सडक खण्ड २८ फिट चौडा पारी हाल उक्त सडकको किनारमा कुलो तथा रिटेनिङ्वाल बनाई ग्राबेल गर्ने कार्य सम्पन्न भईसकेको र ३७७ मिटर पिच र दायाँबायाँ वाल लगाउने कामको टेन्डर भई काम सुरू भईरहेको ।आगामीबर्ष सम्पूर्ण पिचको लागि रकम छुट्टाई सकेको अवस्था रहेको ।
- बाटो मिचेर बनाईएको अस्थाई संरचना वडा भरिनै हटाउन लगाईएको ।
- खर्क दोबाटोबाट बालकोट जोड्ने गोरेटो बाटोलाई १३ फिटमा बिस्तार गरी, रिटेनिङ्वाल तथा ग्राबेल भईरहेको ।
- सचितानन्द मार्ग १३ फिट चौडा गरी उत्तमार्गमा ग्राबेल र कल्भर्ट निर्माण गरी पिच गर्ने कार्य सुरू गरिएको ।
- वडा भित्रको सबै कच्ची मोटर बाटोमा ग्राभेल गरी मर्मत संभार गरिएको ।
- हिमालय टोल स्थित बाटोमा ग्राबेल तथा ब्लक छाप्ने कार्य सम्पन्न गरिएको ।

- नारायणी आधारभूत विद्यालयको दक्षिण र पश्चिम तर्फको उकालो ढलान सम्पन्न गरिएको ।
- उदयविनायक मार्ग १३ फिट चौडा गरी उत्तमार्गमा वालतथा ग्राबेल गर्ने कार्य भइरहेको र आगामी वर्ष पिच हुने अवस्थामा रहेको ।
- न्याउराको दोबाटोबाट धारापाटी जाने गोरेटो बाटो १३ फिटमा विस्तार गरिएको ।
- न्याउराको दोबाटोबाट पूर्व पट्टी एकताग्राम जाने गोरेटो विस्तार गरी १३ फिट कायम गरिएको ।
- यस वडा भित्र रहेका सम्पूर्ण स्थानमा रहेका ढलहरूको सर्भे गरिएको ।

**२) खानेपानी :**

**क) अवस्था :**

- पिउनकालागिमूलको पानीआउ( नबन्दभएकाले, खानेपानीकिनेर खाने

गरिएको ।

- चाङ्गाथली खानेपानी उपभोक्ता समिति निर्माण गरि खानेपानीको ट्यांकी निर्माण गरी, धाराका पाइप घरघरमा पुऱ्याईएको भएतापनि त्यसलाई शुद्धिकरण गरि वितरण गर्न नसकिएको ।
- धाराको पानी कपडा धुने, भाँडा माझ्ने लगायतको काममा प्रयोग भएता पनि, खानका लागि प्रयोग गर्ने अवस्था नभएको ।
- चाङ्गाथली खानेपानी खान योग्य बनाउन फिल्टर गर्न १,१०,००,०००/- टेन्डर भई काम सुचारू हुने अवस्था र हको र आगामी वर्ष पनि खाने पानीलाई १,५०,००,०००/- छुट्टाई सकेको अवस्था रहेको ।

**ख) सुधारका लागि गरिएको प्रयास:**

- खानेपानीको अवस्था सुधारका लागि वडाले वार्षिक रूपमा वजेट विनियोजन गर्न विशेष पहल गरिएको ।
- पानी शुद्धिकरण गर्न आवश्यक पर्ने उपकरणका लागि आवश्यक पहल भइरहेको ।
- चाङ्गाथली खानेपानी उपभोक्ता समितिद्वारा संचालित खाने पानी सुधारका लागि प्रदेश सरकारबाट १ करोड १० लाख बजेट विनियोजन गरी हाल उक्त पानी खान योग्य बनाउनका लागि काम अगाडि बढाइ सकेको र आगामी वर्षको लागि पनि १,५०,००,०००/- सुधारको लागि रकम छुट्टाई सकेको अवस्था रहेको ।

**३) शिक्षा :**

**क) अवस्था:**

- वडामा सामुदायिक तर्फ १ नि.मा.वि. र ३ वटा निजि क्षेत्रबाट संचालित मन्टेश्वरी विद्यालय रहेको ।
- ठूला र उच्च शिक्षा प्राप्त गर्न सकिने विद्यालय नरहेको ।
- दक्ष जनशक्ति उत्पादन गर्न सक्ने प्राविधिक शिक्षालयको कमि रहेको ।

**ख) सुधारका लागिभएकाप्रयास:**

- वडाका तर्फबाट वार्षिक रूपमा एक मात्र सामुदायिक विद्यालय नारायणी आधारभूत विद्यालयका लागि बजेट विनियोजन गरिएको ।
- बालबालिकाका लागि लक्षित कार्यक्रम संचालन गरिएको ।
- विपन्न बालबालिकालाई पुस्तक बोक्ने झोला, खेलौना वितरण गरिएको ।
- प्राविधिक शिक्षालय खोल्नका लागि पहल गरिएको ।
- शिक्षाको उज्यालो घामबाट कोहि पनि बालबालिका विमुख नहुन् भनि आवश्यक पहल गरिएको ।
- विद्यालयका विभिन्न समस्या समाधानका लागि आवश्यक सहजीकरणको लागि अभिभावक र शिक्षक शिक्षिका र विद्यार्थीहरूसँग छलफल गरिएको ।
- विद्यालयको अवस्था, गुणस्तरका बारेमा जानकारी लिनका लागि समय-समयमा

अनुगमन गरिएको ।

- विद्यार्थीको लागि ई. पुस्तकालयको व्यवस्थाका लागि पहल गरिएको ।

**४) स्वास्थ्य क्षेत्र:**

**क) अवस्था :**

- वडामा १ स्वास्थ्य चौकी र ४ वटा निजि क्लिनिक संचालनमा रहेका छन् ।
- राजधानीबाट नजिक भएपनि मानिसमा स्वास्थ्य चेतनाको अभाव रहेको ।
- पानीजन्य र अन्य प्रकारका रोगहरू पटक-पटक देखिने समस्या ।

**ख) सुधारका लागि भएका प्रयास :**

- वडाबाट स्वास्थ्य चौकिका लागि वार्षिक बजेट विनियाजन गर्ने गरिएको ।
- वडा सरसफाई, जनचेतना जगाउने, लगायतका कार्यक्रम संचालन गरिएको ।
- गोदावरी खोला सरसफाई र अन्य सरसफई मुलक कार्यक्रम संचालन गरिएको ।
- एम्. बि. बि. एस्., डाक्टर रहने प्राथमिक स्वास्थ्य केन्द्र वा अस्पताल खोल्नका लागि पहल गरिएको ।
- बेलाबेलामा नि:शूल्क स्वास्थ्य शिविर संचालन गरिएको ।
- चाङ्गाथली क्लबद्वारा संचालित एम्बूलेन्सका लागि इन्धन तथा मर्मत खर्च स्वरूप हरेक वर्ष बजेट विनियोजन गरिएको ।

**५) विद्युततर्फ:**

**क) अवस्था:**

- वडा भरिनै विद्युतविस्तार गरिसकिएको, वडामा सबै भन्दा बढी, जलविद्युत र के हि मात्रामासौर्य विद्युतप्रयोग गरिएको ।
- विद्युत प्रसारणका लागिप्रयोग गरिएको पोल र तारको अवस्थाकमजोर बन्दै गएको ।
- एउटै पोलमा, विद्युत, टेलिफोन, केवल टि.भि., नेटलगायतकातार राखिदिनाले पोल कमजोर बन्दै गएको, वडाको सुन्दर तामाह्रास आउनुका साथै सुरक्षा संवेदनशीलतामापनिखतरा उत्पन्नभएको ।

**ख) सुधारका लागि भएका प्रयास :**

- वडाको पहलमा पुराना काठका पोलविस्थापन गरी, नयाँ कंक्रिट तथाफलामकापोलहरू राखिएको ।
- विद्युत, केवल, टेलिफोन लगायतको तार व्यवस्थित गर्नका लागिआवश्यकपहलथाि( लएको ।
- नारायणी आधारभूतविद्यालयक्षेत्रमाथपपोल जडान गरिएको ।
- सचितानन्दमार्गमा नयाँविद्युतल( ाईनको विस्तार गरिएको ।
- पन्चकन्यामार्गमा विद्युतको नयाँपोल राखिनयाँलाईन विस्तार गरिएको ।
- यतिआवास र हिमालय टोलमा ट्रान्समिटर राखिनयाँलाईन विस्तार गरिएको ।
- नर्कटेमा बाटो विस्तारसँगै पोल सारी विद्युतलाईन विस्तार गरिएको ।
- वडाभरी लगभग ७५ वटा नयाँ फलामे पोल जडान गरिएको ।

**६) कृषितथा सहकारी तर्फ :**

**क) अवस्था :**

- वडा भित्र ५ वटा कृषि सहकारी रहेको साथै २ वटा कृषिफर्म, १ वटा गाईपालन, १ वटा कुखुरापालन फर्म रहेको ।
- परम्परागत रूपमा खेतिपाति गर्ने अवस्था विद्यमान रहेको ।
- कृषिलाई व्यवसायिकरण गर्न सकिएको छैन ।

**ख) सुधारका लागि गरिएको प्रयास:**

- व्यवसायिक कृषिका लागि विभिन्न तालिम संचालन गरिएको ।
- सिंचाई व्यवस्थाका लागि आवश्यक पहल गरिएको ।
- कृषि उपजको बजार व्यवस्थापनका लागि आवश्यक पहल गरिएको ।
- महिलाहरूको लागि महिला शिप विकास तालिम अन्तर्गत

टपरी बनाउने, अचार बनाउने, क्रिस्टलको माला बनाउने लगायतका तालिम संचालन गरिएको ।

- उन्नत जातको विउको खरिद बिक्रिका लागि आवश्यक पहल भएको ।
- उन्नत जातको धानको विउ नि:शूल्क वितरण गरिएको ।
- वडाबासीहरूलाई वेसार को विउ ५०% अनुदानमा वितरण गरिएको ।
- कृषिका लागि कृषि सम्बन्धी जनचेतना मुलक कार्यक्रम र विभिन्नतालिमहरू,नगरपालिकाको समन्वयमा गरिएको ।

**७) अन्यविविधगतिविधि** :

यी बाहेक वडाले आफ्ना दैनिक कार्यक्रमलाई व्यवस्थित रूपमा संचालन गर्नका लागि पनि विभिन्न प्रयास गरेको छ ।

- प्रशासनिककाम छिटो छरितो बनाईएको छ ।
- राजस्व संकलनलाई अनलाइन बनाइएको छ, जसले गर्दा संकलन कार्य पारदर्शी भई, जनताले छिटो छरितो र भरपर्दो सेवाप्राप्त गर्न सकेका छन् ।
- व्यक्तिगत घटना दर्ता (पञ्जिकरण) कार्य अनलाईन गराईएकोले, जनताले आफ्नो घटना दर्ता फाराम घर वसी वसी भर्न सक्नेछन् ।
- पुराना र मापदण्ड विपरित बनेका घरलाई अभिलेखिकरण गर्ने, नयाँ बन्ने घरलाई अनिवार्य रूपमा नक्सा पास गराई मापदण्ड अनुसार नक्सा पास गराउनुपर्ने व्यवस्था गरिएको छ ।
- समय समयमा वडा भेला र सार्वजनिक सुनुवाईको व्यवस्था गरिएको ।
- वडामा संचालितउद्योगलाई अनिवार्य रूपमादर्ता गर्नुपर्ने व्यवस्था गरिएको र हालसम्म ७९ वटा उद्योग दर्ता भएको ।
- वडा भरिनै भवन निर्माण मापदण्ड अनिवार्य रूपमा लागु गरिएको ।
- न.पा.को समन्वयमा वैज्ञानिक र समय सामेक्ष कर प्रणाली लागु गरिएको ।
- न.पा. को समन्वयमा वडा भवनको निर्माण कार्यलाई नयाँ बन्ने वडा भवनहरू मध्ये पहिलो वडा भवनको रूपमा अगाडी बढाईएको । लगभग काम अन्तिम चरणमा पुगेको ।

**८) समग्रमा वडा भित्रभएका समस्या र चुनौतिहरू** :

वडा भित्र विभिन्न प्रकृतिका समस्या र चुनौति विद्यमान रहेका छन्, जसलाई देहाय अनुसार उल्लेख गर्न सकिन्छ ।

**क) अव्यवस्थित शहरीकरण रोक्ने**:

- विशेषगरि काठमाडौंबाट नजिक भएकोले देशका विभिन्न भागबाट बसाईसराई गरि आउने संख्या दिन प्रतिदिन बढ्दै गएकाले अव्यवस्थित शहरीकरण बढ्दै गएको देखिन्छ ।
- आधिकारीक रूपमा बसाई सराई प्रमाण-पत्रन लिई आउँदा वडाले जनसंख्या अनुपात अनुसारको आफ्नो योजनानिर्माण गर्न असहज भएको स्थिति विद्यमान छ ।

**९) महालक्ष्मी न.पा. वडा नं. ०७ भित्रका समस्या र चुनौति**:

**क) आवश्यकता अनुसार स्रोत जुटाउने**:

- विकास निर्माणको काम धेरै छ, जनताको इच्छा आकांक्षा पनि धेरै छन् । त्यो आवश्यकता पूरा गर्ने वजेट योजना भने सिमित छ । उक्त सिमित वजेटले सबै आवश्यकता पुरा गर्नुपर्ने अवस्थाविद्यमान रहनु ।
- वडाले संकलन गरेको राजस्व पनि वडाले खर्च गर्न नपाउने अवस्था विद्यमान रहेको ।
- न.पा.ले उपलब्ध गराउने समपुरक वजेट मात्र आर्थिक स्रोतका रूपमा रहेको ।
- वैकल्पिक स्रोतको पहिचान गर्ने र प्राप्ती गर्ने, राजस्व संकलन

हुने, तुलनात्मक लाभको क्षेत्र पहिचानहुननसक्नु ।

ख) नगरपालिकाले २० % जन श्रमदान ब्यहोर्नु पर्ने बाध्यताले गर्दा विकास निर्माणमा सहजिकरण गर्नुपर्ने अवस्था रहेको ।

ग) सबै जातजाति भाषाभाषिका धार्मिक समुदायका व्यक्तिलाई समेटी विकास निर्माणका कार्यक्रम संचालन गर्ने ।

घ) केन्द्रिय, प्रादेशिक र स्थानिय योजनालाई एक अर्काको परि पूरक हुने गरि संचालन गर्ने ।

ङ) पुराना रितिरिवाज चाल, चलन, धर्म संस्कृतिको संरक्षण गर्दै, आधुनिक विकास निर्माणका कार्यक्रम संचालन गर्ने ।

च) नेपाल सरकारले उपभोक्ता समिति निर्माण गरि विकास आयोजना संचालन गर्ने निर्णयले विकास निर्माणका काममा पारदर्शिता त आएको पाईन्छ । तर वडामा प्राविधिक दक्ष शक्तिको अभावमा विकास निर्माणका काम समयमा नसकिने अवस्था रहेको ।

छ) वडामा प्राविधिक कर्मचारी (विशेषगरि ईन्जिनियर) नहुँदा विकास निर्माणको अनुगमन लगायतका काममा नगरपालिकाको भर पर्नु पर्ने अवस्था रहेको ।

ज) विकासकाकाममा जन श्रमदान गर्ने परम्परा हट्दै गएको, आश गर्ने, र अरूकै मुख ताक्ने प्रवृत्ति बढ्दै गएको ।

झ) सीमित बजेटको आवश्यकताले विकास निर्माणका कार्य हुननसकेको ।

ञ) वडा भित्र ठूला लगानी गर्ने र रोजगारी सिर्जना गर्ने वातावरण निर्माण गर्ने ।

१०) वडा भित्र भएका अवसर र सिर्जना:

- वडा भित्रका मानिस विभिन्न पेशामा आवद्धहुन, विशेषगरी कृषि, व्यापार, नोकरी, साना तथा घरेलु उद्योग संचालन यहाँको प्रमुख अर्थ-उपार्जनको माध्यम हो ।
- सिचाईको राम्रो व्यवस्थापन गर्न सकेको खण्डमा यहाँ राम्रो कृषि उत्पादन गर्न सकिन्छ। बजारको अभाव नभएकाले व्यवसायिक कृषिका लागि राम्रो सम्भावना बोकेको छ ।
- यस वडा भित्र रहेका बुद्ध विहार, गुप्तेश्वर महादेवको मन्दिर लगायतका धार्मिक स्थलले धार्मिक पर्यटकको सम्भावना बढाएको छ । विशेष गरी बौद्ध र हिन्दू धर्मावलम्बीहरूलाई यसमा समेट्न सकिन्छ ।
- देशको राजधानीबाट नजिक, सुन्दर, सफा र शान्त क्षेत्रको रूपमा रहेको यस ठाउँलाई आवासीय क्षेत्रको रूपमा विकास गर्न सकिन्छ ।
- धेरै थरी जातिको वसोवास रहेको यस क्षेत्रमा, नेवारी जातिले निकाल्ने महा भैरवको जात्रा विशेष रहेको छ, त्यस्तै राई, लिम्बू, समुदायको चण्डि नाच, थारू समुदायको माघी पनि यहाँको आकर्षण बनेको छ । सांस्कृतिक विविधताको दृष्टिकोणले यस क्षेत्रलाई सानो नेपाल भन्दा फरक पर्दैन, कुनै पनि संस्कृतिको बारेमा बुझ्न चाहनेका लागि यो क्षेत्र राम्रो गन्तव्य हुन सक्छ ।

**११) वडा भित्रको संस्कृतितथा सम्पदा :**

यस वडामा करिव ९३३ घरधुरी र करिव ४,९२६ जना मानिसको वसोवास रहेको छ । जातिगत रूपमा हेर्दा यस क्षेत्रमा ब्राह्मण, क्षेत्री, नेवार, राई, लिम्बू, थारू, लगायतका जातिहरूको वसोवास रहेको पाइन्छ । प्राय अधिकांश जातिले दशै, तिहार जस्ता चाडपर्व पनि मनाउने गरेको भएता पनि आफ्नै जातअनुसारको चाडपर्व मनाउने गरिएको पाईन्छ ।

नेवार समुदायले निकाल्ने

"महालक्ष्मी महाभैरव जात्रा" बैशाखशुक्लअक्षयतृतीयाकोदिनमन( ाईन्छ ।महालक्ष्मीनगरपालिकाले उक्तजात्राअन्तर्गत, सरकारी पुजाको दिन यस क्षेत्रमा सार्वजनिकविदादिने गरेको छ । त्यस्तै राई, लिम्बू, समुदायले मनाउने चण्डी नाच, थारू समुदायले मनाउने माघी, ब्राम्हण-क्षेत्री समुदायले मनाउने जनैपुर्णिमा, तिज, लगायतका चाडपर्व यहाँको प्रमुख आ( कर्षण हुन ।

**१२) सांस्कृतिक सम्पदा :**

- यस वडाको दक्षिण पश्चिम भागमा रहेको बुद्ध विहार, बौद्ध धर्मावलम्बीहरूको आकर्षणको केन्द्रविन्दु रहेको हुनाले उक्तविहारमा बुद्ध जयन्तीका दिन विशेष भेला लाग्छ ।
- त्यस्तै वडाको उत्तर पूर्वमा अवस्थित गुप्तेश्वर महादेव पनि यहाँको आकर्षण बनेको छ । महा शिवरात्री, तीज र श्रावण महिना भरी यहाँ दर्शानार्थीको भिड लाग्ने गरेको छ । करीव १०० वर्ष पुरानो यो मन्दिरमा "वच्चाहरूलाई रून्चे लाग्यो भने दर्शन गराउने र नुहाउँदा ठिक हुन्छ" भन्ने विश्वास छ ।
- यी वाहेक वडामा अरू पनि साना ठूला सांस्कृतिक सम्पदा रहेका छन् । जस्तैः पन्चकन्या मन्दिर, उदय विनायक मन्दिर आदि पनि यहाँका विशेष आकर्षणको केन्द्र बनेको छ । वडाबाट वार्षिक रूपमायी सांस्कृतिक सम्पदा संरक्षणका लागि वजेट विनियोजन गर्ने गरिएको छ ।
- भूकम्पबाट क्षती भएको यस क्षेत्रको सांस्कृतिक वस्ती शेरा आवासलाई व्यवस्थापन गर्नका लागि वडाबाट बजेट विनियोजन गरिएको ।
- आत्मा ज्ञान प्रचार संघ भवनको मर्मत संभार गरिएको ।
- वुद्ध विहारमा बृद्धहरूको लागि दिवा सेवा केन्द्रको स्थापना गरिएको र तल्ला थपको लागि रू ५,००,०००/- वडाबाट छुट्टाई सकेको अवस्था।
- गुप्तेश्वर महादेव मन्दिर परिसर मा बृद्धहरूको लागि दिवा सेवा केन्द्रको स्थापना गरिएको ।

**१३) नगर स्तरीय स्थानीय रूपमा वडा क्षेत्र भित्र सम्भावित गौरवका परियोजना:**

वडाको पहलमा नगरपालिकाको पूरै क्षेत्रलाई प्रभावपार्ने खालका परियोजना पनि बनेका छन् र यसका लागि वडाले पहल पनि अगाडि बढाएको छ । जसलाई देहाय अनुसार उल्लेख गर्न सकिन्छ -

- ढुङ्गेखोला करीडोर : यसका लागि डि.पि.आर. रिपोर्ट तयार पारी काम अगाडि बढाउन सम्बन्धीत निकायमा पहल गरिएको छ । ढुङ्गेखोला करीडोरको मापदण्ड ६ मिटर कायम गरिएको ।
- गोदावरी खोला करीडोरः यसका लागि डि.पि.आर. रिपोर्ट तयार पारी काम अगाडि बढाउन सम्बन्धीत निकायमा पहल गरिएको । गोदावरी खोला करिडोरको मापदण्ड १० मिटर कायम गरिएको ।
- चापाखर्क खानेपानीको लागि पहल भएको ।
- वडाले नगरको लागि र वडाका लागि समेत उपयोगी हुने योजनालाई केन्द्रिय स्तर र नगर स्तरिय योजना समेत वर्गीकरण गरि सिफारिस गर्ने गरेको छ ।
- यस वडाको मेरूदण्डको रूपमा रहेको लुभु-चाङ्गाथली-बालकोट सडक खण्ड स्तरोन्नतीको लागि नगरपालिकालाई नगरस्तरीय योजनामा समेट्न पहल गरिएको साथै न्याउराको दोबाटोबाट नारायणी आधारभूत विद्यालय जाने बाटो र दुई कुलाको मुहानबाट के.डि.सि. ट्यांकी सडक खण्ड स्तरोन्नतीको लागि पनि नगरपालिकालाई नगर

स्तरीय योजनामा समेट्नको लागि पहलभएको ।

**१४) अन्य:**

- यस वडा भित्र रहेका विभिन्न १५ वटा स्थानहरूमा सि.सि.टि.भि. क्यामेरा जडान गरी आमजन समुदायको सुरक्षामा पनि ध्यान दिइएको ।
- नर्कटे स्थित समाज सेवा युवा क्लबमा ट्रस्ट राखिएको ।
- नर्कटे चोकदेखि चाङ्गाथली क्लबसम्म पोल-पोलमा सडक बत्ति जडान गरिएको ।
- उदयविनायक मार्गमा पोल पोलमा सडक बत्ति जडान गरिएको ।
- सामाजिक विकासका लागि महिला अभियान कार्यक्रम अन्तर्गत महिला "सीप विकास भवन"निर्माणका लागिप्रदेशद्वारा रू ५०,००,०००/- विनियोजन गरी काम सम्पन्न लगभग अन्तिम चरणमा पुगेको ।
- महालक्ष्मी नगरपालिका वडा नं ०७ र महानगरीय प्रहरी प्रभाग लुभु ललितपुर को आयोजनामा अपराधको जालो - सुरक्षित सभ्य समाज बनाउन यस वडामा हुने चोरी, डकैती, कुटपिट, लुटपाट, लागु औषध सेवनतथाओसार पसार बिक्री वितरण, महिला हिंसा एवम् संगठित अपराध लगायत विभिन्न अपराधिक कृयाकलाप नियन्त्रण तथा रोकथाम गर्नका लागि यस वडाका विनावर्दी प्रहरी तथा वर्दीवाला प्रहरी समेत रहने गरि वडा सुरक्षा समिति गठन गरिएको ।
- मिति २०७५।०१।०७ र ०८ गते यस महालक्ष्मी न.पा. वडा नं. ०७ कार्यालयमा हाल साविकमा दर्ता भएका पुर्जा वितरण गर्ने कार्यक्रम गरिएको ।
- महालक्ष्मी न.पा. वडा नं. ०७ मा २०७५।०२।२५ देखि वडा स्तरीय जनसंख्या सम्बन्धी तथ्यांक संकलन तथा घरभाडा दिएको सम्बन्धी तथ्यांक संकलन गर्ने कार्यक्रम गरिएको ।
- बाटोमा जथाभावी फोहोर मैला फ्याल्ने र निर्माण सामाग्री नराख्नका लागि बेलाबेलामा सूचना प्रकाशित गरिएको ।
- २०७५ मंसिर ०४ गते इन्से न र महालक्ष्मी न.पा. वडा नं. ०७ कार्यालयको संयुक्त आयोजनामा भूकम्प पीडितको समस्या र समाधानका उपायबारे सार्वजनिक सुनुवाइ कार्यक्रम गरिएको ।
- २०७५।१०।०५ गते महालक्ष्मी न.पा. वडा नं. ०७ को आयोजना तथा "सामुदायिक प्रहरी साझेदारी वडा समिति" र "स्वास्थ्य चोकी" को सहकार्यमा वडा कार्यालय ०७ वरपरका क्षेत्र, टिकाथली स्वास्थ्य चौकीको क्षेत्र र नारायणी आधारभूत विद्यालय वरपरका क्षेत्रमा सरसफाई कार्यक्रम गरिएको ।
- महालक्ष्मी न.पा. वडा नं. ०५ र ०७ "पूर्ण खोप सूनिश्चित वडा" घोषणा भएको दोस्रो वार्षिकोत्सवको अवसरमा र्‍याली कार्यक्रमको आयोजना गरिएको ।
- यस वडाका जनप्रतिनिधीहरू, महानगरीय प्रहरी प्रभाग, लुभू र यस वडाका बुद्धीजिवी, अभिभावक र युवाहरूलाई भेला गरी जनचेतनामुलक कार्यक्रमहरू संचालन गरिएको।
- लुभू चौताराबाट चाँगाथली हुँदै बालकोट जोड्ने सडकमा पुल बनाउनको लागि आवश्यक र कम छुट्याइ सकेको ।
- वडा नं. ७ र ५ जोड्ने फलामे पुललाई पुलबनाउन टेण्डर भई निर्माणको अवस्थामा रहेको ।
- लुभू गोदावरी खोलामा पुल निर्माण कार्य ५०% निर्माणाधिन अवस्थामा रहेको ।
- न्यौराको दोबाटोबाट नारायणी आधारभूत विद्यालय हुँदै वडा नं. ५ जोड्ने पुल अन्तिम चरणमा निर्माण कार्य भइरहेको ।
- महिला भवन निर्माण अन्तिम चरणमा निर्माण भइरहेको ।



वडा अध्यक्षको अनुभव

# 'मेरो कार्यकालमा न्यूनतम पूर्वाधारयुक्त वडा बनाउँछु'

**विश्वराज श्रेष्ठ**
वडा अध्यक्ष
वडा नम्बर ८, महालक्ष्मी नगरपालिका




मेरो वडा महालक्ष्मी नगरपालिकाको सबैभन्दा धेरै जनसंख्या भएको छ । भूगोल पनि ठूलो छ । बजेट बाँडफाट समान हुँदा आर्थिक स्रोत भने अलि कम छ । तर व्यक्तिगतरूपमा म रमाएरै काम गरिरहेको छु ।

मैले वडाध्यक्ष भएपछि शिक्षा, स्वास्थ्य, बाटोघाटो, ढल, पूर्वाधार र पर्यटनमा प्रतिबद्धता गरेको थिएँ ।शिक्षामा राम्रो प्रगति देखिएको छ । तीनवटै विद्यालयले उल्लेखय प्रगति गरेका छन् । लुभु माविमा जर्मनीको सहयोगमा भवन निर्माण भइरहेको छ । सिभिल इञ्जिनियरिङको डिप्लोमा कोर्स सञ्चालन भइरहेको छ । कोरियन संस्थाले भवन बनाइरहेको छ । महालक्ष्मी माविमा पनि जर्मन एक संस्थाले भवन निर्माण गरिरहेको छ । त्यहाँ पनि सिभिल इञ्जिनियरिङ, सव ओभरसियरको कोर्सहरू भइरहेका छन् ।

विश्वमित्र गणेश माविमा शिक्षा मन्त्रालयको सहयोगमा भौतिक पूर्वाधारको तयारी भइरहेको छ । लुभु प्र(ाथमिक स्वास्थ्य केन्द्रलाई भौतिक पूर्वाधारयुक्त बनाइएको छ । २० वर्ष जनप्रतिनिधि नहुँदा विकास ठप्प जस्तै थियो । विकास बजेट आए पनि काम भएको थिएन । तर, अहिले पनि काम गर्ने शैलि पुरानै छ । वडाबासीले मलाई राम्रो सहयोग गरिरहनुभएको छ । दुई वर्ष इमान्दारितापूर्वक काम गरेको छु, अबको तीन वर्षमा म न्यूनतम पूर्वाधारयुक्त वडा बनाउँछु । उहाँहरूको अनुभव र सहयोगको अपेक्षा राखेको छु ।

# वडा नम्बर ८ का

## जनप्रतिनिधि निर्वाचित भएपछि गरेका गतिविधिहरू

१. लुभु प्राथमिक स्वास्थ्य केन्द्रमा बन्द अवस्थामा रहेको एम्बुलेन्स सेवा सहयोगी बहुउद्देश्य सहकारी संस्था लि. सँगको रू २५००० आर्थिक सहयोग प्राप्त गरी मर्मत संभार पछि सञ्चालन गरेको ।

२. लुभु मुलबाटोबाट थली जाने गोरेटो बाटोलाई जिल्ला आयुक्तको कार्यालय ल.पु. को बजेटबाट १३ फिटे सिंमाकन गरी ग्राभेल गरिएको ।

३. महालक्ष्मी न.पा. वडा नं. ८ मा खाल्डा खुल्डी भएका विभिन्न स्थानमा मिति २०७४/०६/२५ देखि टाउन प्लानमा-२ टिप, अनडोल-३ टिप, इन्बाहल- २ टिप, पौडेल गाँउ-२ टिप, चारघरे मा -२ टिप गरी जम्मा ११ टिप ग्रोभेलिङ महालक्ष्मी न.पा. सँगको समन्वयमा सम्पन्न गरियो ।

४. सुन्दर बस्तिबाट न्यातिचा जाने बाटो ग्राभेलिङ कार्य सम्पन्न साथै उक्त स्थानमा ४ ठाँउमा हिम पाइप समेत राख्ने कार्य जिल्ला आयुक्तको कार्यालय ल.पु. को बजेट बाट सम्पन्न गरियो ।

५. २०७४/०३/२६ माहालक्ष्मी नगरपालिका वडा नं.८ बाट आयोजना सामुदायिक विद्यालयका प्रधानाध्यापकहरू, श्रोत व्यक्ति व्यक्ति हिम बहादुर थापा र राजेन्द्र विक्रम थापा सहितको उपस्थितीमा १ दिने अभिमुखीकरण कार्यक्रम र ाखी आ आफ्ना विद्यालयका SIP र अन्य गतिविधि सम्बन्धी जानकारी लिई सम्पन्न गरियो ।

६. टाउन प्लानको ८ मिटरको बाटो मा ग्राभेलिङ गर्ने कार्य जिल्ला आयुक्तको कार्यालय ल.पु. को बजेटबाट सम्पन्न गरियो ।

७. अनडोलबाट सन्डोल जाने बाटो ग्राभेलिङ गर्ने कार्य जिल्ला आयुक्तको कार्यालय ल.पु. को बजेटबाट सम्पन्न गरियो ।

८. २०७४/०४/०६ गते शुक्रबार का दिन विहान ७ बजे देखि विभिन्न संघ संस्थाहरू प्रा.स्वा.के., रेडक्रस, महिला समुह, डोजो, घाफल देखि तल चौतारा सम्म सर सफाई अभियान संचालन अभियान संचालन गरियो ।

९. २०७४/०५/३१ गते शुनिबार का दिन महालक्ष्मी न.पा., लुभु प्रा. स्वा. के., वडा नं. ८ मा बहृत नि:शुल्क स्वास्थ्य शिविर EGBOSA को समन्वयमा १ दिने नि:शुल्क स्वास्थ्य शिविर संचालन गरियो । उक्त शिविर मा जम्मा महिला ४२५ र पुरूष ४५० गरि जम्मा ९७५ जनालाई विभिन्न रोग सम्बन्धी नि:शुल्क औषधी समेत वितरण गर्ने कार्यक्रम सम्पन्न गरियो ।

१०. २०७४/०७/०४ मा महालक्ष्मी नगरपालिकामा प्रमुख, उपप्रमुख, विज्ञ शशिजंग थापा,सामुदायिक विद्यालयका प्र. अ. तथा प्रतिनिधिहरू, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यहरू, उपस्थितिमा परिचायात्मक कार्यात्रम साथै विद्यालय गतिविधि सम्बन्धी नगरपालिकाबाट गर्न सकिने सहयोग सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम वडा नं. १ को सभाहलमा संचालन गरियो ।

११. २०७४।०४।२९ गते देखि भाद्र ३ गते सम्म वडा नं. ८ को कार्यालयमा मतदाता परिचय पत्रका लागि नयाँ फोटो खिचाउने कार्य सम्पन्न गरियो । उक्त कार्यक्रममा जम्मा ११५६ जनाको फोटो खिच्ने कार्य सम्पन्न गरियो ।

१२. २०७४/०७/१९ मा लुभू बजारबाट दुर संचार हुदै टाउन प्लानको मुल बाटो सम्म ग्राभेलिङ गर्ने काय जिल्ला आयुक्तको कार्यालय ल.पु. को बजेट बाट सम्पन्न गरियो ।

१३. २०७४/०७/१९ लुभू क्याम्पस पानी ट्याकी देखि देखि प्रहरी परिसर जाने बाटो ग्राभेलिङ गर्ने कार्य जिल्ला आयुक्तको कार्यालय ल.पु. को बजेटबाट सम्पन्न गरियो ।

१४. देविस्थान वरिपरी वाल लगाउने रू २२,००,०००/- काम बराबरको जिल्ला आयुक्तको कार्यालय ल.पु. को बजेटबाट सम्पन्न गरियो ।

१५. देविस्थान खानेपानी ट्यांकी पछाडी रू ५,००,००० रकम बरावरको वाल लगाउने काम सम्पन्न गरियो ।

१६. इन्वहाल वरीपरी रू ५,००,००० बराबरको पेटी बनाउने काम सम्पन्न गरियो ।

१७. इन्वहालमा बगैचाको पोखरीको वरिपरी रू. ५,००,००० बराबरका पेटी बनाउने काम सम्पन्न गरियो ।

१८. मिति २०७४/११/२३ लुभु ८ मा नेपाल रेडक्रस उपशाखा, प्रा. स्वा. के. लुभु र वडा कार्यालयको सक्रियतामा सरसफाई कार्यक्रम संचालन गरियो ।

१९. मिति २०७४/११/२४ महालक्ष्मी न.पा. वडा नं. ८, ९, १० मा खुल्ला दिसा मुक्त घोषणा गर्ने कार्य सम्पन्न गरियो ।

२०. मिति २०७४/११/२६ महालक्ष्मी न.पा. वडा नं. ८ मा जेष्ठ नागरिक सम्मान तथा निशुल्क स्वास्थ्य शिविर प्रा. स्वा. के. लुभु, जिल्ला जन स्वास्थ्य कार्यालय, ग्रोभ्राटेश्वर बृद्धि समाजको सयुक्त आयोजना संचालन गरियो । उक्त कार्यक्रममा जम्मा २५ जना जेष्ठ नागरिकहरूलाई सम्मान एवं करीव ७० जनाको नि:शुल्क स्वास्थ्य जाँच गर्ने कार्य सम्पन्न गरियो ।

२१. जिविकोपार्जन कार्यक्रम अन्तर्गत साविक लुभू वडा नं. ५ र ८ का जम्मा २१९ जनालाई (दुई पटक गरी) रू २,००,००० चेक वितरण कार्यक्रम नेपाल रेडक्रस जिल्ला शाखा, ललितपुर र लुभू वडा कार्यालयको संयुक्त प्रयासमा सम्पन्न गरियो ।

२२. यस वडामा छुट भएका सम्पूर्ण भुमम्प पिडीत गुनासो कर्ताहरूको फोटो सहित विवरण लिने कार्य सम्पन्न गरियो । उक्त कार्यक्रममा १५४ जना गुनासोकर्ताहरूको विवरण लिने कार्य सम्पन्न गरियो ।

२३. २०७५/०१/०२ महालक्ष्मी नगरपालिका, वडा नं.८ मा विपद् न्युनिकरण सम्बन्धी कार्यक्रम रेडक्रस, OX-FAM, ENPHO, FSCN, को संयुक्त प्रयासमा सम्पन्न गरियो ।

२४. लुभू, खानेपानी तथा सर सफाई उपभोक्ता संस्था र चसिडोल खानेपानी संस्थाको लागि खानेपानी श्रोत बढाउने उद्देश्यले मिति २०७५/०१/०२ मा महालक्ष्मी न.पा. वडा नं. ९ स्थित संस्थाहरू कै जग्जामा दुई वटा डिप बोरिङ्कार्य सम्पन्न गरियो ।

२५. ज:द्य: कृषि कुलो निर्माण कार्य गर्नको लागि उपभोक्ता समितिसँग सम्झौता कार्य नेपाल रेडक्रस जिल्ला ललितपुर शाखाको सहयोगमा सम्पन्न गरियो ।

२६. लुभू स्थित दंसीको सार्वजनिक पर्ती जग्गामा सिमांकन गरी वाल बनाउने कार्य रू ५० लाख बराबरको जिल्ला आयुक्तको कार्यालय ल.पु. को बजेटबाट सम्पन्न गरियो ।

२७. महालक्ष्मी नगरपालिका वडा नं. ८ का विभिन्न स्थानहरूमा पुरानो जीर्ण पोलहरू फेरी लाइन विस्तार गर्ने कार्यहरू लुभू नेपाल विद्युत प्राधिकरण संगको समन्वयमा सम्पन्न गरियो ।

क) महालक्ष्मी क्याम्पसबाट चसिडोल सम्म : लाइन विस्तार

ख) मगर टोल : ५ थान नयाँ पोल जडान

ग) लुभू विष्णुडोलमाः ४ थान

घ) यति आवस : ३ थान

ङ) घाफल देखि दंसी : ४ थान

२८. मिति २०७४/११/११ देखि आफ्नै वडाबाट ज्येष्ठ नागरिक परिचय पत्र वितरण कार्य सुरू गरेको ।

२९. लुभू खानेपानी डिप बोरीङ्ग कार्यको लागि लुभू खानेपानी, मुलपानी शंखादेवी खाने पानी, डिभिजन खानेपानीको आफ्नै पहलमा बैठक संचालन गरेको ।

३०. आ. व. २०७४/०७५ मा भौतिक पूर्वाधार तर्फ सम्पन्न भएका योजनाहरू ।

| क्र.स. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | लुभू खानेपानी सुधार तथा मर्मत | रू १२ लाख ५० हजार |
| २ | मुल पानी शंखादेवी खानेपानी आयोजना | रू १५ लाख |
| ३ | महालक्ष्मी मा.वि. को उकालो ढलान | रू रू ६ लाख २५ हजार |
| ४ | शंखादेवी बाट सौडेल बाटो सिमाकंन तथा ग्रावेलिङ | रू ६ लाख २५ हजार |
| ५ | तल चौताराबाट तल्लो गच्छेको बाटो मर्मत सुधार | रू ६ लाख २५ हजार |
| ६ | टाउन प्लान धनसार बाटो ग्रावेलिङ तथा पुल निर्माण | रू ६ लाख २५ हजार |
| ७ | खड्का गाँउबाट पौडेल गाउँ हुदै सिरूटार निस्कने बाटो | रू ६ लाख २५ हजार |
| ८ | यति आवास जाने बाटो | रू ६ लाख २५ हजार |

**आ.व. २०७४/०७५ मा अन्य सामाजिक विकाश तर्फका अन्य योजना समेत सम्पन्न गरियो ।**

३१. लुभु मा.वि भवन निर्माण प्राविधिक शिक्षा सिभिल इ. डिप्लोमा कार्यक्रम संचालन गर्न रू १ करोड बराबरको नेपाल हिल्फे व्राइलंग्रीसबाट सहयोग र ऋत्व्क्सम्बन्धमा इ. डिप्लोमा कार्यक्रम संचालन गरियो ।

३२. लुभु महालक्ष्मी मा.वि. प्राविधिक शिक्षामा सव ओभरसियर प्रोग्राम सञ्चालन रू २ करोड बराबरको भवन नेपाल हिल्फे व्राइलंग्रीसको सहयोगमा भवन निर्माण कार्य भैरहेको ।

३३. शाही टोलमा ड्रेन र ढलान शहरी विकास तथा भवन विभागको समन्वयमा रू १ करोडको टेण्डर आह्वाहनमा कार्य भईरहेको ।

३४. प्रदेश सरकारको बजेटबाट सञ्चालित कार्यक्रमहरू

| क्र.स. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | लुभू महालक्ष्मी क्याम्पसबाट पौडेल गाउँ सम्म सडक निर्माण | ५० लाख |
| २ | न्याठ विष्णुडोल सडक निर्माण | ५० लाख |
| ३ | सिद्धिपुर चारघरे सडक निर्माण | ५० लाख |
| ४ | टाउनप्लानिङ सडक पिच | ५० लाख |

३५. लाखे दो सार्वजनिक जग्गा सार्वजनिक जग्गा संरक्षण सिरूटार-घाफल ओरालो ग्रावेल रू ३० लाख बराबरको जिल्ला आयुक्तको कार्यालय ल.पु. को बजेटबाट कार्य भईरहेको ।

३६. लुभू- गोदावरी वखु देखि न्याठ नगरपालिका र प्रदेश सरकारको समपुरक वजेट रू १ करोड ९९ लाख बराबरको टेण्डर आवहान भएको ।

३७. लाईन विस्तार र ट्रान्सफर्मर जडान (डिप बोरिङ्ग सम्म) रू ४४ लाख बराबरको विद्युत प्राधिकरणसँगको समन्वयमा सम्पन्न गरियो ।

३८. विद्युत प्राधिकरणसँग समन्वय गरी थप ट्रान्सफर्मर संसम्भु, तुजोल, टाउनप्लानिङमा राख्ने कार्य भएको । बजार भित्र पुरानो काठको पोल फेर्ने काम-५५ ओटा, अण्डोल देखि सन्डोलमा नयाँ लाईन विस्तार-२० पोल ।

३९. ज:ध सिंचाई ठुलो भवन मर्मत रू ९ लाख बराबरको नेपाल रेडक्रस ललितपुर शाखाको सहयोगमा सम्पन्न ।

४०. लुभु मा.वि. व्यनथभ Order of Korean Buddhism को सहयोगमा रू २ करोड ५० लाखको भवन निर्माणकार्य भईरहेको ।

४१. पिगन पाटी निर्माण रू २० लाख बराबरको केन्द्रिय सांसद कोषबाट कार्य भईरहेको ।

**वडा नं. ८ का २०७५/०७६ मा सम्पन्न भएका भौतिक पूर्वाधार तर्फको योजनाहरु**

| क्र.स. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | तल्लो दोभान खानेपानी आयोजना मर्मत | रू ६ लाख २५ हजार |
| २ | माथिल्लो दोभान खानेपानी आयोजना मर्मत | रू ६ लाख २५ हजार |
| ३ | विष्णुडोल खानेपानी आयोजना मर्मत | रू ३ लाख २५ हजार |
| ४ | सिम्थली सौडोल सडक ग्राभेल | रू २ लाख ५० हजार |
| ५ | समथली लुभू खोला पाठशाला निस्कने भिरखोला बाटो ट्र्याक खोल्ने | रू ३ लाख ७५ हजार |
| ६ | यति आवस बाटो ढलान | रू ६ लाख २५ हजार |
| ७ | चसिडोल राउत गाँउ अण्डोल बाटो ग्राभेल तथा कुलो मर्मत | रू ६ लाख २५ हजार |
| ८ | टाउन प्लानिङ ढल मर्मत | रू ५ लाख |

| क्र.स. | योजनाको नाम | रकम |
|---|---|---|
| ९ | चारघरे सडक ग्रावेल | रू ५ लाख |
| १० | थापा गाँउ क्रियापुत्री भवन मर्मत | रू १ लाख २५ हजार |
| ११ | शंखादेवी भजन मण्डल ट्रस निमार्ण | रू २ लाख ५० हजार |
| १२ | फुलबारी टोल बाटो ढलान | रू २ लाख ५० हजार |
| १३ | वडा भरीका बाटो आकस्मिक मर्मत | रू ३ लाख |
| १४ | लुभू प्रहरी चौकी डाँडाथोक बाटो विस्तार | रू ३ लाख ७५ हजार |
| १५ | शंखादेवी चारघरे नयाँ ट्रयाक ग्राभेल | रू १ लाख २५ हजार |
| १६ | सुन्दर वस्ती बाटो ग्रावेल स्तरोन्नती | रू ३ लाख ७५ हजार |
| १७ | न्याठ ढोका अपुरो निर्माण | रू ३ लाख ७५ हजार |

### वडा नं. ८ का २०७५/०७६ मा सम्पन्न भएकासामाजिक तर्फका योजनाहरू

| क्र.स. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | जेष्ठ नागारिक दिवासेवा केन्द्र स्थापना | रू १ लाख |
| २ | दलित वर्गको रोजगारीका लागि  सीप विकास तालिम | रू ७५ हजार |
| ३ | जात्रा पर्व तथा कला संस्कृत संरक्षण, व्यवस्थापन तथा कार्यविधि निर्माण | रू २ लाख |
| ४ | सार्वजनिक स्थानहरूमा फोहोरमैला व्यवस्थापनको लागि डष्टविन राख्ने | रू १ लाख ५० हजार |
| ५ | एम्बुलेन्स मर्मत | रू ५० हजार |
| ६ | बसपार्क सामुदायिक शौचालय संचालन तथा मर्मत | रू ५० हजार |
| ७ | युवा खेलकुदका लागि साम्रागी खरिद | रू ३ लाख |
| ८ | स्वास्थ्य शिविर संचालन | रू १ लाख १५ हजार |
| ९ | विष्णुडोल गोतामे सामुदायिक भजन मण्डल वाद्यवादन खरिद | रू ५० हजार |

## वडा नं. ८ का २०७५/०७६ मा सम्पन्न भएकावडाको योजनाहरू

| क्र.स. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | टाउन प्लानिङ्को ढल मर्मत | रू ६ लाख २५ हजार |
| २ | तलेजु मन्दिर मर्मत | रू १ लाख ८७ हजार ५ सय |
| ३ | सांस्कृतिक सम्पदा संरक्षण | रू २ लाख |
| ४ | सरसफाई कार्यक्रम | रू १ लाख |
| ५ | प्राथमिक स्वास्थ्य केन्द्र तथा एम्बुलेन्स सचालन | रू ५० हजार |
| ६ | बसपार्क सामुदायिक शौचालय संचालन | रू २५ हजार |

## एकीकृत सम्पतिकर तर्फको योजनाहरू

| क्र.स. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | गीता मन्दिरको भऱ्याङ् छोप्ने तथा ट्रस निर्माण | रू २ लाख ५० हजार |
| २ | पिगन पाटी अपुरो निर्माण | रू २ लाख ५० हजार |
| ३ | देवि स्थान पाटी अधुरो निर्माण | रू २ लाख ५० हजार |
| ४ | ना:स धिमे बाजा खलः अपुरो निर्माण | रू १ लाख ८७ हजार ५ सय |
| ५ | दाफा मंका खलः मर्मत | रू १ लाख ८७ हजार ५ सय |
| ६ | धा खलः भवन निर्माण | रू १ लाख ८७ हजार ५ सय |
| ७ | देविस्थान पाटिमा ट्रष्ट निर्माण | रू १ लाख ८७ हजार ५ सय |
| ८ | लुभू विहार ढोका निमार्ण | रू १ लाख ८७ हजार ५ सय |

बालबालिकालाई पढ्न पठाऔं,
उनीहरूको सुखद भविष्यलाई सुनिश्चित गरौं ।

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ललितपुर, ३ नं. प्रदेश, नेपाल

## वडा अध्यक्षको अनुभव



# 'सेवाग्राहीको एउटा पनि गुनासो सुन्नुपरेको छैन'

**वासुदेव शर्मा गौतम**
वडा अध्यक्ष
वडा नम्बर ९, महालक्ष्मी नगरपालिका




वडाध्यक्ष निर्वाचित भएको दिनदेखि व्यस्तता अत्यधिक भयो । वडाबासीलाई दिनुपर्ने सेवा सुविधा चुस्त दुरूस्त बनाउने प्रयास गर्‍यौं । सेवाग्राहीको एउटा पनि गुनासो सुन्नुपरेको छैन । विकास निर्माणका कामहरूले पनि तीब्रता पाएको छ । हामीले नगरपालिकाले दिएको विकास बजेटबाट ८० प्रतिशतभन्दा बढी योजना पूरा गरेका छौं ।

हामीलाई खासगरी साँधसिमानाको समस्या थियो । अबको वर्षमा सायद अलि सहज होला । साँध सिमानाका विवाद मिलाउने समस्या र सार्वजनिक जग्गा संरक्षणका लागि नापजाँच गर्ने प्राविधिकको समस्या रह्यो । नापीमा एकजना करारको कर्मचारीमात्रै हुनुहुन्छ । जनशक्ति अभावले सार्वजनिक जग्गा संरक्षण चाँही अलि ढिला भयो भन्नेमात्रै मनमा रहेको छ, अरू काममा खासै गुनासो छैन । साविक लामाटार गाविसको ८ वटा मेरो वडामा पर्दछ । त्यो भनेका सिंगै गाविसजति नै हो । मतदातामा जाँदा एक घर एक धारा भन्ने नारा लिएर गएको थिएँ । १२ सय घरधुरीलाई खानेपानी पुर्‍याउन २ लाख लिटरको ट्यांकी निर्माण गरिरहेका छौं । सम्भवतः अबको ६ महिनाभित्र धारा पुर्‍याउँछौं । पर्यटनलाई जोड दिएका छौं । पैदल मार्ग र साइक्लिङ मार्ग बनाउने अभियानमा काम सुरू भएको छ । ज्येष्ठ नागरिक विश्राम निर्माणको काम यो वर्ष पूरा हुन्छ । हामीले बोलेका सबै एजेन्डा म ५ वर्षमा पूरा गर्छु । म वडाबासीलाई के भन्छु भन्ने, एकजनाले मात्रै गरेर केही हुँदैन । मलाई आजको दिनसम्म विश्वास दिनुभएको छ, म पनि इमान्दार भएर काम गरिरहेको छु । वडाले लिने नीति र योजनामा वडाबासीको साथ सधैंभरी पाइरहनेछु भन्ने विश्वास लिएको छु । उहाँहरूको अनुभव र सहयोगको अपेक्षा राखेको छु ।

# वडा नम्बर ९ का

## जनप्रतिनिधि निर्वाचित भएपछि गरेका गतिविधिहरू

१. वडा समितिको पहलमा ने.रे.सो. ललितपुरद्वारा गोमती खा.पा.यो. को सातवटा सार्वजनिक धारा सञ्चालनका लागि रू. ७ लाखको सहयोग । जसबाट मुहान मर्मत, पाइपिङ्ग र धारा जडान कार्य सम्पन्न भई ६० घरधुरीका ३०० जना लभान्वित भएका छन् ।

२. वडा समितिको पहलमा ने.रो.सो. ललितपुरको सहयोगमा रू. ८ लाख बजेटबाट ८० मिटर टाट सिंचाई कुलो निर्माण सम्पन्न । जसबाट २५ किसानका करिब ३० रोपनी जग्गामा सिंचाई हुने भएको छ ।

३. वडाको पलहमा ने.रो.सो. ललितपुर को सहयोगमा यस वडाका १३ विपन्न परिवारका रू. १३ वटा चर्पी निर्माण सम्पन्न ।

४. नेपाल रेयुकाईको सहयोगमा प्राचिन राम मन्दिर परिसर सरसफाई कार्यक्रम तथा डष्टविन सहयोग ।

५. वडा समितिको पहलमा ने.रे.सो.द्वारा यस वडाका ३०८ भूकम्प पीडित परिवारलाई आय आर्जनको कार्यक्रम अन्तर्गत रू. २० हजार (प्रत्येक घर) वितरण ।

६. वडाको पहलमा खानेपानी उपभोक्ता समितिलाई १५०० मि. पोलिथिन पाइप उपलब्ध गर इएको ।

७. वडाको पहलमा खानेपानी विभागको सहयोगमा भूमिगत मुहानको लागि ३८ लाख लगानीमा चिसापानी पाखामा डिप बोरिङ्ग गर्ने कार्य सम्पन्न गरिएको ।

८. वडा समितिको आफ्नै पहलमा धाराचौरमा डिप बोरिङ्ग गर्ने कार्य सम्पन्न गरी करिब ६०० घरधुरीलाई एक घर एक धाराको योजनाको शुरूवात गरिएको ।

९. वडाको पहलमा स्थानीय चन्दादाताहरूको सहयोगमा आरूबोटमा कार्यविनायक गणेश मन्दिर तथा पाटी पुनः निर्माण कार्य सम्पन्न गरी नगरप्रमुख श्री रामेश्वर श्रेष्ठद्वारा उद्घाटन गरिएको ।

१०. वडाको सक्रियतामा स्थानीय दाताहरूको आर्थिक सहयोगमा ठकुरी गाउँको कालीदेवी मन्दिरमा सिंढि निर्माण कार्य सम्पन्न गरिएको ।

११. वडाको सक्रियतामा ललित घुम्ती सडक अन्तर्गत तिनघल -पँदाली सडकमा ८० मि. रिटेनिङ्ग (९ मि. चौडा पारी) वाल र ग्राभेल गर्ने कार्य जिल्ला डिभिजन सडकको सहयोगमा सम्पन्न गरिएको ।

१२. वडाको सक्रियतामा ने.रे.सो. ललितपुरको आर्थिक सहयोग (१० लाख) मा ठकुरी गाउँमा ४० हजार लिटरको पानी ट्यांकी निर्माण सम्पन्न गरिएको, जसबाट ३० घरधुरीका १५० जना खानेपानी सुविधा प्राप्त गरेका छन् ।

१३. वडाको सक्रियतामा ने.रे.सो. ललितपुरको आर्थिक सहयोग (१७ लाख) मा विश्वमित्र मा.वि.को प्राङ्गणमा ४ कोठे अपाङ्गमैत्री शौचालय निर्माण सम्पन्न ।

१४. वडाको पहलमा गुम्बज खोलामा भू. तथा जलाधार कार्यालयद्वारा तटबन्ध निर्माण सम्पन्न । (बजेट ५ लाख)

१५. वडाको अगुवाईमा धाराचौरमा रहेको सार्वजनिक चौर संरक्षण अन्तर्गत १ करोड ४ लाख बजेटमा सिमाङ्कन गरी रिटेनिङ्गवाल निर्माण सम्पन्न ।

१६. भूकम्प पुनर्निर्माण शिक्षा इकाईद्वारा विश्वमित्र मा.वि.को ४ कोठे पक्की कक्षाकोठा भवन ६२ लाखमा निर्माण सम्पन्न ।

१७. वडाको पहलमा भूकम्प पुनःनिर्माण शिक्षा इकाईद्वारा सिस्नेरी मा.वि.मा चार कोठे कक्षा

कोठा भवन स्वीकृत भई निर्माण भइरहेको (बजेट ७२ लाख) ।

१८. वडाको पहलमा विदेशी दातृसंस्थाद्वारा दलितबस्ती तेह्रबिसेमा ५ हजार लिटरको ट्यांकी वितरण । जसबाट दलित बस्तीका २७ घरमा पिउने पानीको व्यवस्थापन गरिएको ।

१९. वडाको पहलमा विदेशी दातृ संस्थाद्वारा तेह्रबिसे टोलका महिला समूहलाई ३ वटा जुत्ता सिलाउने मेसिन वितरण गरिएको । जसले विपन्न वर्गका महिलाहरूको आय आर्जनमा सहयोग पुऱ्याई रहेको छ ।

२०. वडाको पहलमा विदेशी दातृसंस्थाद्वारा प्राचिन राम मिन्दरमा आउने भक्तजनहरूलाई खानेपानीको सहज व्यवस्थापनको लागि १००० लि. को ट्यांकी वितरण ।

२१. वडाको पहलमा विदेशी दातृसंस्थाद्वारा पानीको व्यवस्थापनको समस्या रहेको खोलाडिल टोलमा करिब ३० घरधुरीको लागि २ हजार लिटरको ट्यांकी वितरण ।

२२. वडाको पहलमा जिल्ला घरेलु कार्यलयद्वारा आरूबोटका विपन्न महिलाहरूको लागि (२० जनाको २ वटा समूह) लाई क्रिष्टल माला बनाउने तालिम र सिलाईकटाई तालिम सम्पन्न ।

२३. वडाको पहलमा ने.रे.सो. ललितपुर द्वारा श्रेङ्ग्री मा.वि.को खेल मैदानको पर्खाल निर्माण सम्पन्न । (बजेट १ लाख) ।

२४. वडाको सरसफाई समिति र वडाको संयुक्त आयोजनामा वडा परिसर, ढुङ्गिन खोला - दोभान खोला श्रृङ्गेरी चोकमा ३ पटक सरसफाई अभियान सम्पन्न ।

२५. वडाको सक्रियतामा राम मन्दिर भजन समूह र ससाम्बुमाई भजन समूहलाई वडाबाट नि:शुल्क हार्मोनियम र तबला वितरण ।

२६. उपत्यका सडक विस्तार आयोजनाद्वारा ग्वार्को - ढुङ्गिन सडक विस्तार गर्ने क्रममा आइपर्ने समस्याहरूलाई वडाको सक्रियतामा समाधान गरिएको ।

२७. वडाको पहलमा न.पा.को कृषि विकास शाखाको सिंचाई कुलो निर्माण बजेटद्वारा ६० मिटर सिंचाई पक्की कुलो तिह्रबिसे टोलमा निर्माण सम्पन्न ।

२८. वडाको पहलमा प्रदेश ३ सरकारद्वारा प्राप्त ५५ लाख बजेटबाट श्रृङ्गेरी तथा सिस्नेरी खोलामा तटबन्ध निर्माण सम्पन्न गरिएको ।

२९. वडा भित्र रहेका सार्वजनिक जग्गाहरूको संरक्षणमा विशेष रूपमा सक्रिय रहेको ।

३०. वडाभित्र रहेका जग्गाधनी घर को साँधसिमाना विवादमा करिब ५० वटा विवादहरूको सम्बन्धित पक्षहरूलाई वडामा छलफल गराई समाधान गरिएको ।

३१. भूकम्प पीडित लाभग्राहीहरूको विविध समस्याहरू तथा गुनासोहरूको सक्रितामा साथ नियमपूर्वक प्रक्रिया पुरा गरी प्राविधिकरणमा समयमा नै पठाउने काम सम्पन्न गरिएको ।

३२. आ.व ०७४/७५ मा ९ नं. बडाद्वारा विनियोजित बजेट रू. ५००,०००/-(पाँचलाख) बाट शहिदचन्द्र बयलकोटी मार्ग अन्तर्गत तिनचलहुदै शुभतारा सम्मको सडक विस्तार (२० फिट) गरि रिटेनिङवाल लगाउने कार्य सम्पन्नगरिएको

३३. बडाबाट विनियोजित बजेट र ५,००,०००/- बाट लामाटार चोक राममन्दिर हुदै पाठक टोल जाड्ने गोरेटो सडक विस्तार गर्नुका साथै ग्राभेल गर्ने कार्य सम्पन्नगरिएको ।

३४. बडाबाट विनियोजित रू. ५,००,०००/- (पाँच लाख) बाट तिल्पुखोला गणेशस्थान सडक विस्तार २० फिट गर्नुका साथै ग्राभेल गरिएको ।

३५. बडाबाट विनियोजित बजेट रू. १०,००,०००/- (दश लाख )बाट लुभु खोला ढुगेकोट नेपाल चौर सडक विस्तार (२० फिट) गर्नुका साथै ड्रेन निर्माण कार्य सम्पन्न गरिएको ।

३६. बडाबाट विनियोजित बजेट रू. ५,००,०००/- (पाँच लाख ) बाट ढुंगिन गैहिगाउँ बिरूवा सडक ढलान तथा ड्रेन निर्माण कार्य सम्पन्न गरिएको ।

३७. बडाबाट विनियोजित बजेट रू ५,००,०००/-(पाँच लाख) बाट काफले वन गैहिगाउँ तेस्रो बाटोमा रिटेनिङ वाल (५० मि.) निर्माण गर्ने कार्य सम्पन्न गरिएको ।

३८. बडाबाट विनियोजित बजेट रू. ५,००,०००/- (पाँच लाख) बाट डाडाथोक नेवार टोल जंगली खोला सडक ओरालो ढलान कार्य सम्पन्न गरिएको ।

३९. मेन सडक बुलालटोल शिवपार्वती चोक बस्नेत गाउँ सडक (करिव ३ कि. मि. )रू ६,००,०००/- (छ लाख) मा ग्राभेल गर्ने कार्य सम्पन्न गरिएको ।

४०. बडाबाट विनियोजित बजेट रू. ५,००,०००/- (पाँच लाख) द्वारा महालक्ष्मी क्याम्पस भुजुङे सडक स्तरोन्नती अन्तर्गत रिटेनिङ वाल तथा ग्राभेल गर्ने कार्य सम्पन्न गरिएको ।

४१. बडाबाट विनियोजित रू. ८,००,०००/- (आठ लाख) र न.पा. द्वारा थप १२,००,०००/- (बाहलाख) बाट करिब ६०० घरधुरीलाई १ घर १ धारा पुऱ्याउने लक्ष्यका साथ ज्यागटा आरूबोट खा.पा यो बो डिप बोरिङ गर्ने कार्य सम्पन्न धारा चौरमा जसबाट साविक लामाटार गा.वि.स को बडा नं. ३,४,७ को ७०० घरधुरी एक घर एक धारा बाट लाभान्वितहुने ।

४२. न.पा. द्वारा विनियोजित रू. ३०,००,०००/- (तिस लाख) बाट शसाम्बु बस्नेत गाउँ सडक स्तरोन्नती अन्तर्गत सडक विस्तार २० फिटे सहित रिटेनिङ वालनिर्माण तथा ग्राभेल गर्ने कार्य सम्पन्न गरिएको ।

४३. बडाको पहलमा खानेपानी बिभाग द्वारा ससाम्बु ठुलाघर खा.पा.यो अन्तर्गत चिसापानी पाखामा डिप बोरिङ गर्ने कार्य सम्पन्न गरिएको जसबाट साविक लामाटार गा.वि.स को वडा नं १,५,६,२,८ का करिव एक हजार घर धुरीलाई एक घर एक धाराको यस वर्ष प्रतिबद्धता पुरा हुने । हाल अन्य पूर्वाधार द्रुतगतिमा वडाको पहलमा निर्माण भई रहेको ।

४४. वडाको पहलमा रू ४,००,०००/- चार लाख बजेटद्वारा भैरवस्थान मन्दिरमा सिंढी निर्माण कार्य सम्पन्न गरिएको ।

४५. बडाको पहलमा बिभिन्न ब्यक्ति तथा सहयोगमा करिब ३ कि.मि. कच्ची सडक ग्राभेल गर्ने कार्य सम्पन्न गरिएको ।

४६. बडा दशैं २०७४ को उपलक्ष्यमा सम्पूर्ण वडाबासीहरूमा उप प्रमुख निर्मला थापाको प्रमुख आतिथ्यमा बिभिन्न राजनैतिक दलका प्रतिनिधि, बुद्धिजिवी, समाजसेवी तथा सम्पूर्ण मतदाताहरूको उपस्थितिमा वडा कार्यालय परिसरमा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम सम्पन्न गरिएको ।

४७. बडादशैं २०७४ को उपलक्ष्यमा बिभिन्न ४ वटा बाल क्लबहरूलाई पिङको लागि ४ वटा डोरी (लठारो )बितरण गरिएको ।

४८. महालक्ष्मी न.पा वडा नं. ०९ मा रहेको प्राचिन धार्मिक सम्पदा राममन्दिर २४७वर्ष पुरानो माआवागमन सहज गर्न सिंढि निर्माण कार्य सम्पन्न गरिएको ।

४९. सिस्नेरी मा.बि को शैक्षिक स्तर उन्नतीको लागि वडाको बजेट रू ३,००,०००/- (तिन लाख) बाट खेल मैदानमर्मत कार्य सम्पन्न गरिएको ।

५०. श्रृगेरी मा.बि को शैक्षिक स्तर उन्नतीको लागि वडाको बजेट रू ३,००,०००/- (तिन लाख) बाट खेल मैदान मर्मत कार्य सम्पन्न गरिएको ।

५१. ज्ञानज्योति आधारभूत विद्यालयको शैक्षिक स्तर उन्नतीको लागि बडाको रू ५०,०००/- (पचास हजार) बाट शैक्षिक सामाग्री खरिद गरी बितरण गर्ने कार्य सम्पन्न गरिएको ।

५२. साविक लामाटार ६ मा रहेको प्राचिन देवी मन्दिरमा बडाको बजेट रू ३,००,०००/- (तीन लाख) बाट मन्दिरमा प्लाष्टर, टायल छाप्ने लगायत अन्य मर्मत कार्य सम्पन्न गरिएको ।

५३. यस वडाको एक मात्र प्राविधिक विद्यालय विश्वामित्र गणेश मा. वि. को खेल मैदान

मर्मत सुधार बडाको बजेट रू १,००,०००/- (एक लाख) मा सम्पन्न गरिएको ।

५४. बडाको बजेट रू ३,००,०००/- (एक लाख) बाट सिर्जना टोल रातामाटे प्राचिनदुईवटा कुवा मर्मत गरिएको । जसबाट ६० घर परिवार खानेपानी बाट लाभान्वित भएका छन ।

५५. करिब १००० (एक हजार) घरधुरीलाई एक घर एक धारा पुऱ्याउने लक्ष्यका साथ हामी निर्वाचित भएर आएपछि शुरू गरिएको ससाम्बु ढुलाघर खा.पा. यो. को दुई लाख लिटर क्षमताको पानी टयांकी बडाको बजेट १५,००,०००/- मा निर्माण कार्य सम्पन्न गरिएको । साथै सोहि योजानमाप्रदेश सरकार को तिस लाख बजेटबाट मुहान संरक्षण अन्तर्गत कम्पाउण्डवाल निर्माण र गार्ड हाउस सांसद कोषको पचास लाख बजेटबाट पाईप खरिद तथा फिटिङ गर्ने कार्य अन्तिम भरणमा पुगेको ।

५६. करिब ६०० घर परिवारलाई एक घर एक धारा पुऱ्याउने लक्ष्यका साथ शुरू गरिएको जयागटा आरूबोट खानेपानी योजना अन्तर्गत बडको बजेट पन्ध्र लाखबाट दुई लाख लिटरको पानी टयांकी निर्माण सम्पन्न गरिएको । साथै प्रदेश सकारको ३० लाख सांसद कोषको २० लाख बजेटबाट सो योजनाको पाईप गाड्ने पुर्ने काम सम्पन्न गरिएको ।

५७. आ.व. ०७५/०७६ को वडाको पहलमा पाँच लाख बजेटमा गोमतीभुजुङे गोरेटो बाटोलाई विस्तार गरि २० फिट २ कि.मि. बनाउने कार्य सम्पन्न गरिएको ।

५८. वडाको विनियोजित बजेट तिन लाख बाट करिव ३० मि. ठकुर गाउँ सकड उकालो ढलान गर्ने कार्य सम्पन्न गरिएको ।

५९. वडाद्वारा विनियोजित बजेट तिन लाखबाट तृपिङ्केश्वर महादेव मन्दिरमा ढुगा छाप्ने र क्रियापुत्री भवनको प्लाष्टर गर्ने कार्य सम्पन्न गरिएको ।

६०. वडाद्वारा विनियोजित बजेट दुई लाखबाट गहते सडकको रिटेनिङ वाल निर्माण गर्ने कार्य सम्पन्न गरिएको ।

६१. आवागमनमा सहजताका लागि बडाको बजेट तिन लाखबाट गोमती खोलामा कल्भर्ट निर्माण कार्य सम्पन्न गरिएको ।

६२. वडाद्वारा विनियोजित बजेट दुई लाखबाट ससाम्बु माई मन्दिरको ट्रष्ट भवन निर्माण सम्पन्नगरिएको ।

६३. वडाद्वारा विनियोजित बजेट तिन लाखबाट ससाम्बु चेतनाचोक बुलालटोल सडक (१ कि.मि.) ग्राभेल गर्ने कार्य सम्पन्न गरिएको ।

६४. वडाद्वारा विनियोजित बजेट छ लाखबाट पण्डोल सिस्ने धारा सडक लुभुखोला ज्यागटा सडक र तिल्पुखोला आरूबोट सडक ४ कि.मि. ग्राभेल गर्ने कार्य सम्पन्न गरिएको ।

६५. वडाको तिन लाख बजेटबाट करिब ३० मिटर पाठक टोल सडक उकालो ढलान गर्ने कार्य सम्पन्न गरिएको ।

६६. वडाको बजेट दुई लाखबाट फुल्चोकी मन्दिर पाटी ढलान गर्ने कार्य सम्पन्न गरिएको

६७. स्वाथ्स्थ सूचना तथा सेवा केन्द्र लामाटार द्वारा संचालित एम्बुलेन्सलाई बडाको बजेट रू एक लाख मर्मत गरि पुन संचालनमा ल्याएको ।

६८. वडाको बजेट एक लाखमा वडा भित्रका ३० जनामहिलालाई स्वरोजगारको लागि सर्फ तथा साबुन बनाउने सिपमुलक तालिम सम्पन्न गरिएको ।

६९. संस्कृति संरक्षण अन्तर्गत वडाको बजेट एक लाखमा खैजेडी भजन तालिक सम्पन्न गरिएको ।

७०. खोला नियन्त्रण अन्तर्गत वडाको बजेट एक लाखमा तिल्पुखोलामा ढुंगा भर्ने कार्य सम्पन्न गरिएको।

७१. वडाको बजेट दुई लाख पचास हजारबाट बुलाल टोलमा रहेको गणेश मन्दिरको पाटी निर्माण गर्ने ।

## वडा अध्यक्षको अनुभव



# 'पर्यटनमा जोड दिएको छु'

**बलराम लामा**
वडा अध्यक्ष
वडा नम्बर १०, महालक्ष्मी नगरपालिका




दुई वर्षअघि म महालक्ष्मी नगरपालिका वडा नम्बर १० को वडाध्यक्ष निर्वाचित भएपछि जनतालाई सर्वसुलभ सरकारी सेवा दिने प्रयास गरिरहेको छु । नगरपालिकाको सबैभन्दा टाढा र विकट क्षेत्र भएकाले यहाँ विशेषगरी यातायात नै प्रमुख समस्या हो । त्यसको समाधानका लागि काम भइरहेको छ ।

जननिर्वाचित प्रतिनिधि आएपछि जनताका अपेक्षा धेरै छन्, तर बजेट कम छ । स्रोतको अभावमा पनि धेरै काम गर्न सकिएको छैन । अझै पनि हामीले सिस्टम बदल्न सकिएको छैन । अहिले पनि पानीमा भिजेर उपभोक्ता समितिले काम गरिरहेका छन्, असारे विकास रोक्न सकिएको छैन ।

सँगै मैले मेरो वडा लाँकुरी भञ्ज्याङ क्षेत्रमा पर्ने भएकाले त्यसलाई पर्यटकीय क्षेत्रकोरूपमा विकास गर्ने प्रयास गरिरहेको छु । मनमोहक हिमालका दृष्यले घेरेको काठमाडौंलाई देख्न सकिने भएकाले यहाँ आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन सकिन्छ भन्ने मेरो विश्वास छ ।

अहिले हामीले मनमोहन पार्कको सम्भाव्यता अध्ययन तथा निर्माण, श्रृगऋषि गुफा संरक्षण, सामुदायिक भवन निर्माणको काम गरिरहेका छौं । भँगेरीडोल कात्तिकेडाँडा पक्की गोरेटोबाटो निर्माण र मानेडाँडा सहुटोल कच्ची गोरेटो बाटो निर्माणको काम पनि भइरहेको छ ।

# वडा नम्बर १० का

## जनप्रतिनिधि निर्वाचित भएपछि गरेका गतिविधिहरू

१. सिगरटोल खानेपानी योजना सञ्चालन (सम्पन्न हुन बाँकी)

२. नारायणडाँडा-मानेदोभान खोलामा कल्भर्ट (निर्माण सम्पन्न)

३. सिर्धलीडाँडा सडक ट्र्याक निर्माण (सम्पन्न हुन बाँकी)

४. फेदीखोला कल्भर्ट निर्माण (सम्पन्न)

५. योञ्जनडाँडा खानेपानी मर्मत सुधार (सम्पन्न हुन बाँकी

६. भिमसेनडाँडा सडक ट्र्याक निर्माण (सम्पन्न)

७. हलिचौर खोलामा कल्भर्ट निर्माण (सम्पन्न)

८. श्रृंगऋषि गुफा जाने बाटो स्तरोन्नती (सम्पन्न हुन बाँकी)

९. ठोस्नोडोल-तिरतिरेडोल सडक ट्र्याक निर्माण (सम्पन्न हुन बाँकी)

१०. काँकडरीडाँडा चिहान तथा पर्यटकीय स्थल निर्माण तथा संरक्षण (सम्पन्न)

११. पाँचपोखरी डाँडा चिहान तथा पर्यटकीय स्थल निर्माण (सम्पन्न)

१२. बतासेडाँडा चिहान तथा पर्यटकीय स्थल निर्माण र संरक्षण

१३. भिमसेनडाँडा पर्यटकीय स्थल निर्माण तथा संरक्षण

१४. भिमसेनडाँडा खानेपानी विस्तार कार्य (सम्पन्न)

१५. कालिदेवी माविस कम्पाउण्ड वाल र जाली वाल निर्माण

१६. बासुकी मावि कम्पाउण्ड वाल निर्माण

१७. लाँकुरी कप खेलकुद सञ्चालन

१८. वासुकी माविको छत निर्माण

१९. बासुकी मन्दिर जाने बाटो ढलान तथा सिँढी निर्माण (सम्पन्न हुन बाँकी)

२०. मनमोहन पार्कको भ्यू टावर वाल निर्माण (सम्पन्न)

२१. हलिचौर खोलामा ग्याविल जाली भर्ने कार्य (सम्पन्न)

२२. विष्टटोल खानेपानी ट्याङ्की निर्माण (सम्पन्न)

२३. विष्टटोल सिंगरटोल पक्की पुल निर्माण (सम्पन्न)

२४. नारायणडाँडा खानेपानी ट्याङ्की निर्माण

२५. बतासेडाँडा सडक ट्र्याक निर्माण (सम्पन्न)

२६. भीमसेनडाँडा सडक स्तरोन्नती (सम्पन्न हुन बाँकी)

२७. भीमसेनडाँडा ट्रष्ट निर्माण सम्पन्न

२८. वासुकी मन्दिर ट्रष्ट निर्माण सम्पन्न

२९. लाँकुरीभञ्ज्याङ, गुम्बा मर्मत सम्हार (सम्पन्न हुन बाँकी)

३०. माने चैत्य मर्मत सम्हार (सम्पन्न हुन बाँकी)

३१. मातृशिशु संरक्षण तथा आमा पोषण कार्यक्रम (सम्पन्न)

३२. कालीदेवी मावि हुँदै फेदीखोला मानेदोभान सडक ट्र्याक निर्माण (सम्पन्न)

३३. लाकुरी भञ्ज्याङ मानेदोभान सडक ग्राभेल (सम्पन्न हुन बाँकी)

# आर्थिक वर्ष २०७४/७५ मा महालक्ष्मी नगरपालिकाभित्र सञ्चालन भएका योजनाहरुको प्रगति विवरण

१. नगरपालिका अन्तर्गत पर्ने सडकहरू थप व्यवस्थित र आवश्यकता अनुसार स्तरोन्नति गर्न वडाको सिफारिस अनुसार सडक क्षेत्र मा आ.व. ०७४/७५ मा भएको प्रगति ।

| क्र.सं. | योजना को प्रकार | लम्बाई प्रगति | एकाइ |
|---|---|---|---|
| १. | ग्रावेल तथा टेवा पर्खाल लगाई सडक स्तरउन्नति गर्ने कार्य | ५१३५ | मि. |
| २. | कालोपत्रे गर्ने कार्य | ३७४३ | मि. |
| ३. | ढल निर्माण तथा ड्रेन निर्माण कार्य | २०९९ | मि. |
| ४. | सडक ढलान तथा ब्लक छाप्ने कार्य | १३२८ | मि. |

२. खानेपानीलाई थप व्यवस्थित बनाउन वडा नं. १ र ४ मा खानेपानी ट्यांकी निर्माण कार्य सुरू गरेको र वडा नं. ९ अन्तर्गत पर्ने आरूबोट खानेपानी आयोजनाको लागि डीप बोरिङ गरिएको ।

३. वडा कार्यालयको कामकाजलाई थप व्यवस्थित बनाउन वडा नं. ६ को वडा कार्यालय निर्माणको काम भइरहेको । वडा अन्तर्गत पर्ने सामुदायिक भवनहरूको दे.छे. निर्माण, बौद्ध स्तुपा मर्मत, बौद्ध बिहार मर्मत, वडा नं. ५ अन्तर्गत पर्ने सामुदायिक भवन निर्माण कार्यहरू भएको ।

# आर्थिक वर्ष २०७५/७६ मा महालक्ष्मी नगरपालिकाभित्र सञ्चालन भएका योजनाहरुको प्रगति विवरण

| क्र.सं. | योजना को प्रकार | लम्बाई प्रगति | एकाइ |
|---|---|---|---|
| १. | ग्रावेल तथा टेवा पर्खाल लगाई सडक स्तरउन्नति गर्ने कार्य | १२४९३ | मि. |
| २. | कालोपत्रे गर्ने कार्य | ४३७८ | मि. |
| ३. | ढल निर्माण तथा ड्रेन निर्माण कार्य | ३५५० | मि. |
| ४. | सडक ढलान तथा ब्लक छाप्ने कार्य | १८२० | मि. |

१. नगरपालिका अन्तर्गत पर्ने सडक हरू थप ब्यबस्थित र आवश्यकता अनुसार स्तरउन्नति गर्न सम्बन्धीत वडाको सिफारिस अनुसार दोस्रो नगर सभाबाट स्वीकृत भएका योजनाहरू सम्बन्धीत स्थानको उपभोक्ताहरूको सहभागितामा उपभोक्ता समिति गठन गरी सडक क्षेत्र मा आ.व. ०७५/७६ मा भएको कार्यप्रगति ।

२. नगर भित्र रहेको खानेपानी ब्यबस्थापन गर्नको लागि आ.व. ०७५/७६ मा निम्नानुसारको काम भैरहेको छ ।

- ससंभु ठुलाघर खानेपानी आयोजना अन्तर्गत ट्यांकी निर्माण र पाइपलाइन बिस्तार भैरहेको ।
- आरूबोत ज्यागाता खानेपानी अन्तर्गत ट्यांकी निर्माण र पाइपलाइन बिस्तार भैरहेको ।
- वडा नं. २ मा भोजेपोखारी खानेपानी ट्यांकी निर्माण कार्य भैरहेको ।
- वडा नं १ मा खानेपानी ट्यांकी निर्माण गरिएको र पाइप लाइन बिस्तार कार्य भैरहेको ।
- वडा नं. ४ मा गलमभचनचयगलम र यखभचजभबम ट्यांकी निर्माण कार्या भैरहेको ।
- वडा नं. ४ अन्तर्गत पर्ने आनन्द निरंकार खानेपानी आयोजना को डिप बोरिंग कार्य भैरहेको ।

३. नगर भित्र रहेको सामुदायिक तथा वडा कार्यालय ब्यबस्थापन गर्नको लागि आ.व. ०७५/७६ मा निम्नानुसारको काम भैरहेको छ ।

- वडा नं ६ र ७ को वडा कार्यालय निर्माण कार्य भैरहेको र २ नं. वडा कार्यालय निर्माणको प्रक्रिया मा रहेको ।
- वडा नं. ८ मा रहेको लुभु पिंगनको भबन, वडा ६ मा रहेको सिद्दि मंगल भबन, वडा नं ५ मा रहेको हनुमन्ते सामुदायिक भबन लगाएत विभिन्न सामुदायिक भबन तथा ट्रष्ट निर्माण तथा स्तारून्नती गर्ने काम सम्पन्न भएको ।

४. नगर अन्तरर्गत पर्ने गोदावरी खोला पुल निर्माण, भिम्सेंनमार्ग कालोपत्रे, चंगाथाली क्लब देखि लुभु तल्लो चौतारा सडक निर्माण लगायतका योजनाहरूको लागि सम्फौता भै निर्माण कार्य अगाडि बढेको ।

५. नगरपालिकाको विभिन्न १६ स्थानमा भूमिगत पानिको श्रोत सम्भाब्याता अध्यान गर्ने कार्य खानेपानी बोर्डसँग समन्वयमा सम्भाव्यता अध्यान कार्य सम्पन्न भएको ।

६. वडा नं. १ - ४ सम्म मेलम्ची खानेपानी आयोजनाको लागि सर्भे गर्ने कार्य सम्पन्न भैसकेको र वडा ५ को लागि सर्भे प्रक्रियामा रहेको ।

७. वडा नं. ८ र ९ मा FSM System बिकास गर्नको लागि Bills Gate Foundation को सहयोग तथा भ्याली बोर्ड सँगको सहकार्यमा कार्य अगाडि बढिरहेको ।

८. लुभु र सिद्दिपुर सम्पदा बस्ति क्षेत्रमा UN Habitat को सहयोग र Lumant सँग को सहकार्य मा Haritage Recovery Plan तयार गर्ने काम अगाडि बढिरहेको ।

९. Ecocity निर्माणको लागि Ecocity Builders सँगको सहकार्यमा आध्यान कार्य अगाडि बढिरहेको ।

# यातायात सुधारमा साझालाई महालक्ष्मी नगरपालिकाको साथ
# ४० लाख रूपैयाँको शेयर खरिद



स्थानीय सरकार र प्रदेश सरकारसँग सहकार्य विस्तार गर्ने क्रममा रहेको साझा यातायातलाई महालक्ष्मी नगरपालिकाले पनि साथ दिएको छ । महालक्ष्मी नगरपालिकाले साझा यातायातको ४० लाख रूपैयाँको शेयर खरिद गरेको छ ।

मेयर रामेश्वर श्रेष्ठका अनुसार साझा यातायतमा नगरपालिकाले १० लाखको शेयर यसअघि नै लिएको थियो । अब ३० लाखको शेयर खरिद गर्नेछ । महालक्ष्मी नगरपालिकासँगै काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिका र गोदावरी नगरपालिकाले पनि शेयर खरिद गरेको साझा यातायातका व्यवस्थापक महेन्द्रराज पाण्डेयले जानकारी दिनुभयो ।

नगरवासीलाई सुविधा दिनका लागि नगरपालिकाले साझासँगको सहकार्यमा बस खरिद गर्ने र सञ्चालन गर्न चाहेको उहाँले बताउनुभयो । साझाले महालक्ष्मी नगरपालिकाको लामाटारबाट ७ वटा बसबाट सेवा सञ्चालन गरिरहेको छ ।

राष्ट्रिय सभा गृहमा आयोजना गरिएको 'युरो ४ मापदण्डका सहरी बस सेवा शुभारम्भ र बिद्युतीय बस सञ्चा(लनका लागि सहमति पत्रमा हस्ताक्षरु कार्यक्रममा मेयर रामेश्वर श्रेष्ठको पनि उपस्थिति थियो । कार्यक्रममा, काठमाडौं महानगरको ५ करोड तथा ललितपुर महानगरको १ करोड रूपैयाँ शेयर लगानीबाट प्राप्त भएको र कमबाट २० वटा युरो ४ मापदण्डका २० वटा सहरी सवारी सेवा पनि शुभारम्भ गरिएको थियो ।

# विद्युतीय यातायात र हरित सहर प्रवर्द्धन गर्ने सम्बन्धी सहयोग सम्झौतामा हस्ताक्षर




महालक्ष्मी नगरपालिकाले विद्युतीय यातायात र हरितसहर प्रवर्द्धन गर्नेसम्बन्धी सहयोग सम्झौतामा हस्ताक्षर गरेको छ । जीजीजीआई र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सहरी विकास मन्त्रालय, साझा यातायात र महालक्ष्मी नगरपालिका प्रतिनिधिबीच विद्युतीय यातायात र हरित सहर प्रवर्द्धन गर्नेसम्बन्धी सहयोग सम्झौतामा हस्ताक्षर भएको भएको हो ।

वन तथा वातावरणमन्त्री शक्तिबहादुर बस्नेतको उपस्थितिमा सम्झौतामा हस्ताक्षर भएको हो । कार्यक्रममा सरकारले विद्युतीय यातायात सञ्चालनलाई प्राथमिकतामा राखेको उहाँले बताउनुभयो । काठमाडौं र देशका अन्य सहरमा विद्युतीय यातायात सञ्चालन गर्ने गरी निर्णय प्रक्रिया नै अगाडि बढिसकेको मन्त्री बस्नेतले जानकारी दिनुभयो ।

बबरमहलस्थित वन विभागमा आयोजित कार्यक्रममा बोल्दै मन्त्री बस्नेतले जनताको स्वच्छ वातावरणमा बाँच्न पाउने हकको ग्यारेण्टी गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो । नेपालको विद्युतीय यातायात प्रवर्द्धनमा सहयोग गर्न विभिन्न मन्त्रालय, सरोकारवाला निकाय र विश्व हरित वृद्धि संस्था (जीजीजीआई) का प्रतिनिधिबीच सहयोग सम्झौतामा हस्ताक्षर गर्न उक्त कार्यक्रम आयोजना गरिएको थियो ।

# २ हजार ८ सय ५४ सँग अनुदान सम्झौता



महालक्ष्मी नगरपालिकाका भूकम्प पीडितमध्ये २ हजार ८ सय ५४ सँग सम्झौता भएको छ । नगरपालिकामा जम्मा लाभग्राही संख्या तीन हजार ६५७ रहेका छन् । तीमध्ये दुई हजार ८५४ सँग अनुदान सम्झौता भएको नगर प्रमुख रामेश्वर श्रेष्ठले बताउनुभयो ।

नगर क्षेत्रमा तीन हजार ८० जनाको घर अझै बनिसकेको छैन । कतिपयको अनुदान सम्झौता नै हुन बाँकी रहेको छ भने कतिको पहिलो किस्ता लिएर पनि बनाउन सुरु नगर्दा र कतिको नक्सापास हुन बाँकी रहेको छ । घर निर्माण सकेर तेस्रो किस्ता लिनेको संख्या ५७७ जना मात्रै छ ।

नगरपालिकामा रहेका जम्मा लाभग्राहीमध्ये १५ दशमलव छ प्रतिशत लाभग्राहीले मात्रै तेस्रो किस्ता लिएका छन् । दोस्रो किस्ता लिने लाभग्राहीको संख्या ६९० रहेको छ ।

आठ सय ३० जना लाभग्राहीसँग अनुदान सम्झौता हुन नै बाँकी छ । पहिले प्राविधिकले जाँच गर्दा छुटेकालाई नगरपालिकाले लाभग्राही सूचीमा पार्न सिफारिस गरिरहे पनि कार्यान्वयन भएको छैन ।

# सगरमाथा आरोहीलाई आर्थिक सहयोग

महालक्ष्मी नगरपालिकाले सगरमाथा आरोहीद्वय कल्पना महर्जन र प्रकाश राज पाण्डेलाई आर्थिक सहायता प्रदान गरेको छ । नगरपालिकाका मेयर रामेश्वर श्रेष्ठ, उपमेयर निर्मला थापा र प्रशासकीय अधिकृत ध्रुवबहादुर खड्काले आरोहीद्वय महर्जन र पाण्डेलाई जनही ५०-५० हजार रुपैयाँको चेक प्रदान गर्नुभयो । रकम हस्तान्तरण कार्यक्रममा मेयर श्रेष्ठले आरोहीहरु महर्जन र पाण्डेलाई सफलताको शुभकामना दिनुभयो । ◆

# महालक्ष्मी नगरपालिका खुला दिसामुक्त

ललितपुरको महालक्ष्मी नगरपालिका खुला दिसामुक्त घोषणा भएको छ।

लुभुमा फागुन २५ गते आयोजित कार्यक्रममा ललितपुर- २ का सांसद कृष्णलाल महर्जन, प्रदेशसभा सांसद माधव पौडेल र नगरपालिकाका मेयर रामेश्वर श्रेष्ठले संयुक्तरुपमा नगरपालिकाका १० वटै वडा खुला दिसामुक्त भएको घोषणा गर्नुभएको हो। वडा नम्बर ८, ९ र १० नम्बर वडालाई खुला दिसामुक्त भएको घोषणा गरेसँगै पूरै नगरपालिका दिसामुक्त भएको हो।

कार्यक्रममा ललितपुर- २ का सांसद महर्जनले घोषणालाई कार्यान्वयन गर्न चुनौतीपूर्ण रहेको भन्दै नगरपालिकाले सबै पक्षलाई सहभागी भएर अघि बढ्नु पर्ने बताउनुभयो।

नगरपालिकाका मेयर श्रेष्ठले पहिलो चरणमा नगरपालिका दिसामुक्त भएको उल्लेख गर्दै खानेपानी र सरसफाइको प्रबन्ध गर्न थप कार्यक्रम अघि सारिने बताउनुभयो।




नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ध्रुवबहादुर खड्काले सन् २०१७ मा नै दिसामुक्त घोषणा गर्ने प्रयास भए पनि भूकम्पले एक वर्ष पछाडि धकेलिएको जानकारी दिनुभयो। उहाँले नगरपालिकाका भण्डै २ लाख नगरबासीले चर्पी प्रयोग गरिरहेको बताउनुभयो।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयका प्रमुख हरिदत्त पौडेलले २०१८ को डिसेम्बरभित्र ललितपुर जिल्लालाई नै खुला दिसामुक्त घोषणा गरिने जानकारी दिनुभयो।

कार्यक्रममा महालक्ष्मी नगरपालिकाको 'महालक्ष्मी राजपत्र' विमोचन गरिएको थियो। त्यसक्रममा ललितपुर- २ का सांसद कृष्णलाल महर्जन, प्रदेशसभा सांसद माधव पौडेल र नगरपालिकाका मेयर रामेश्वर श्रेष्ठले 'महालक्ष्मी राजपत्र' विमोचन गर्नुभएको थियो। ◆

मिहिनेतको कमाइको सम्मान गर्ने बानी बसालौं
भ्रष्टाचारमुक्त समाजको निर्माणमा मद्दत पुऱ्याऔं

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ललितपुर, ३ नं. प्रदेश, नेपाल



## स्वस्थ्य महालक्ष्मी नगरपालिका अभियान

# किष्ट अस्पताल र नगरपालिकाको २० बुँदे सम्झौता

महालक्ष्मी नगरपालिकाले किष्ट मेडिकल कलेजको शिक्षण अस्पतालसँग ५ वर्षका लागि स्वास्थ्य सेवा दिने विषयमा सम्झौता २०७५ पुसमा गरेको छ ।

नगरपालिकाले सञ्चालमा ल्याएको 'स्वस्थ्य महालक्ष्मी नगरपालिका अभियानुलाई सफल बनाउन अस्पतालसँग सम्झौता गरेको हो । सम्झौता पत्रमा अस्पतालका तर्फबाट १४ र नगरपालिकाका तर्फबाट ६ बुँदे गरी २० वटा बुँदा छन् ।

नगरपालिकाले स्वथ्य नगर अभियानमा अस्पताललाई नगर सारथीको रूपमा लिएको नगरप्रमुख रामेश्वर श्रेष्ठद्वारा हस्ताक्षरित पत्रमा उल्लेख छ ।

सम्झौतापत्रमा अस्पतालका तर्फबाट अस्पतालका कार्यकारी अध्यक्ष आशिष थापाले हस्ताक्षर गर्नुभएको छ ।

## नगरपालिकाले गर्नुपर्ने ६ काम

क) जन समुदायलाई स्वास्थ्य सम्बन्धी विभिन्न विषयहरूमा चेतना जगाउन सूचनामूलक सन्देशहरू उपयूक्त सार्वजनिक स्थानहरूमा डिस्प्ले गराउने

ख) शिक्षण अस्पतालले जनस्वास्थ्यमा चेतना जगाउन आयोजना गर्ने कार्यक्रमहरूमा स्थानीयस्तरको एवं प्रचारात्मक सहयोग पुऱ्याउने

ग) लुभु प्राथमीक स्वास्थ्य केन्द्रमा शिक्षण अस्पतालले प्रदान गरेको डेन्टल चेयर सञ्चालन एवं दन्त रोगको उपचारमा आवश्यक पर्ने सामग्री नियमित रूपमा पूर्ति गर्ने

घ) सरूवा र नसर्ने जस्ता रोगहरूको संक्रमणबाट सर्वसाधारणलाई सुरक्षित राख्न किष्ट शिक्षण अस्पतालसंग समन्वय गरी जनस्वास्थ्य सम्बन्धी कार्यक्रमहरू संचालन गर्ने गराउने

ङ) शिक्षण अस्पतालसम्म आउन जान सहयोग पुग्ने गरी उपयूक्त स्थानहरूमा साइनबोर्डहरू डिस्प्ले गराउने

च) शिक्षण अस्पताल प्रवेश गर्ने चोकमा हुने ट्राफिक जामको व्यवस्था गर्न सम्बन्धित निकायसंग पहल गर्ने

## किष्ट शिक्षण अस्पतालले गर्नुपर्ने १४ काम

क) नगरपालिका स्थित १० (दश वटै) वडामा आलो-पालो गरी कम्तीमा महिनाको एक पटक विशेषज्ञ टोली सहितको हेल्थ क्याम्प आयोजना गर्ने ।

ख) माग भइ आएमा बिरामीहरूलाई नगर क्षेत्रबाट अस्पताल परिसरसम्म आउन र फर्कन यातायातको व्यवस्था गर्ने ।

ग) नगरक्षेत्रबाट अस्पताल सम्म बिरामी ल्याउन नि:शुल्क एम्बुलेन्सको व्यवस्था गर्ने ।

घ) लुभु प्राथमिक स्वास्थ्य केन्द्रलाई दन्त सेवा लगायत चिकित्सा विधाका अन्य विषयहरूमा आवश्यकता पहिचान गरी एवं नगरपालिकाको समन्वयमा प्राविधिक सहयोग पुऱ्याउने ।

ङ) नेपाल सरकारबाट प्रयोजित नि:शुल्क कार्यक्रमहरू: खोप कार्यक्रम, क्षयरोगको औषधि वितरण, प्रसूति सेवा/आमा सुरक्षा कार्यक्रम, विपन्न नागरिकका लागि डाईलासिस सेवा तथा परिवार नियोजन सेवालाई प्रभावकारी तरिकाले निरन्तरता दिई जनस्तरसम्म पुऱ्याउने ।

च) एउटै ओपिडी टिकटबाट विभिन्न बिधाका चिकित्सकहरूसँग स्वास्थ्य परीक्षण गराई आवश्यक परामर्श लिन सकिने व्यवस्था भएको बारे सर्वसाधारणलाई जानकारी गराई सेवा लिन प्रोत्साहित गर्ने ।

छ) छोटो समय अस्पतालमा भर्ना भई गरीने शल्यक्रिया सेवा लिन सकिने आधुनिक प्रविधि अस्पतालमा भित्राई गुणस्तरमा बृद्धि गर्ने र सो बारे जानकारी गराउने ।

ज) बृद्ध-बृद्धा एवं सिमान्तकृत जनसमुदायलाई अस्पतालले प्रदान गर्ने सेवामा पहुँच पुऱ्याउन नगरपालिका संग समन्वय गरी कार्यक्रमहरू तय गर्ने

झ) प्रत्येक वडामा स्थानीय संघ संस्था एवं विद्यालय संग समन्वय गरी सचेतनामूलक कार्यक्रमहरू आयोजन गर्ने

ञ) प्रशिक्षार्थी चिकित्सक एवं विद्यार्थीहरू समेत समावेस गरी वडा एवं नगरपालिका कार्यालयसंग समन्वय गरी चेतनामुलक घर–दैलो कार्यक्रम संचालन गर्ने ।

ट) बाल मृत्यु दर घटाउन सहयोग पुऱ्याउने स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू संचालन गर्ने ।

ठ) व्यक्तिको अस्वस्थ खानपान, प्रदुषित वातावरण एवं शारीरिक व्यायामको अभाव तथा मौसमी परिवर्तनका कारण हुन सक्ने विभिन्न रोगहरूबाट बच्ने उपायह जनस्तरसम्म पुऱ्याउने

ड) नसर्ने रोगहरू जस्तै विभिन्न प्रकारका क्यानसर, मधुमेह, मुटु तथा मृगौला सम्बन्धी रोगहरू दिनानुदिन बढिरहेको सन्दर्भमा यी रोगहरूबारे जनचेतना जोगाउन वडा एवं नगरपालिका कार्यालयसंग समन्वय गरी स्कूल हेल्थ प्रोग्राम तथा सामुदायिक स्वास्थ्य कार्यक्रम संचालन गर्ने ।

ढ) बहिरङ्ग तथा सम्पूर्ण अन्तरङ्ग सेवाहरूको कूल बिल रकममा स्थाई बसोबास भएका नगर बासीलाई १५५ छुट दिई उपचार सेवा लिन प्रोत्साहित गर्ने ।




## नगरपालिकाद्वारा केयुकेएलको शेयर खरिद

महालक्ष्मी नगरपालिकाले काठमाडौं उपत्यका खानेपानी लिमिटिडसँग ५६२५ कित्ता शेयर खरिद गरेको छ । केयुकेएलको साधारण सभामा खानेपानी मन्त्री श्री बिना मगरबाट नगर प्रमुख श्री रामेश्वर श्रेष्ठ प्रमाण पत्र ग्रहण गर्नुभएको छ । मेयर श्रेष्ठले नगरमा खानेपानीको अभाव अन्त्य गर्न पटक पटक खाने पानी मन्त्रीसँग छलफल गर्नुभएको थियो ।

BILL & MELINDA GATES foundation

## वातावरणमैत्री सहर बनाउने पहल

राम्रो र हरियाली महालक्ष्मी नगरपालिका बनाउने अभियान स्वरूप नगरपालिकाले ग्लोबल ग्रिन ग्रोथ इन्स्टिच्युट (जीजीजीआई) भन्ने संस्थासँग सम्झौता गरेको छ । नगरपालिकाको मानव मलमूत्रको प्रशोधन केन्द्र स्थापनाका लागि बिल गेट्स फाउन्डेसन, उपत्यका खाने पानी व्यवस्थापन बोर्ड र महालक्ष्मी नगरपालिको त्रिपक्षीय रुपमा नगर भित्र ट्रिटमेन्ट प्लान्ट स्थापना गर्ने सम्झौतामा हस्ताक्षर भएको छ ।

Global Green Growth Institute



# पानीको स्रोतको खोज्दै महालक्ष्मी नगरपालिका

वर्षौदेखि रहेको खानेपानीको समस्या समाधानका लागि महालक्ष्मी नगरपालिकाले नगरपालिका र आसपासका नगरपालिकामा रहेका पानीको स्रोतको खोजी सुरू गरेको छ ।

खानेपानीको समस्या समाधानका लागि अल्पकालीन र दीर्घकालीन दुबै समाधानको खोजी भइरहेको छ । नगरपालिकाभित्र रहेका स्रोतको परि चालन र सुधारलाई जोड दिइएको छ । अल्पकालीन योजनामा विभिन्न स्थानमा डिप बोरिङ र आकाशे पानी संकलन गरेर पानी निकाल्न लागिएको छ ।

दीर्घकालीन योजनामा दोस्रो चरणको मेलम्चीका लागि सरकारसँग अनुरो ध भइरहेको छ । अहिले धेरै नगर वासीले खानेपानीको समस्या चाँडो समाधान होस् भन्ने चाहेका मेयर र ामेश्वर श्रेष्ठले बताउनुभयो ।

नगरपालिकाभित्रै पर्ने सिंहऋषि मुहानमा रहेको पानीको स्रोतको विस्तृत परियोजना अध्ययन (डिपि( आर) भइसकेको छ। लाँकुर ाभञ्ज्याङमा रहेको स्रोतका लागि प्रदेश र संघ दुबैले बजेट विनियोजन गरेका छन्।

नगरपालिकाले ग्वालिन दह र चाप( ाखर्कमा रहेका पानीको स्रोत सुधार का लागि बजेट छुट्टाएको छ । महालक्ष्मी नगरपालिकाका धेरै वडामा खानेपानीको समस्या छ । नगरपालिकाभित्र भएका स्रोत पर्याप्त नभएको र भएका स्रोत समेत सुधार गर्नुपर्ने अवस्थामा भएकाले नगर वासीले खानेपानी अभाव झेल्दै आएका छन् ।

## महालक्ष्मी नगरसभाबाट स्वीकृत भएका ऐनहरू

१. महालक्ष्मी नगरपालिका नगरसभा सञ्चालन कार्यविधि ।

२. महालक्ष्मी नगरपालिका सहकारी ऐन ।

३. महालक्ष्मी नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन ।

४. नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन ।

५. नगरपालिकाको कृषि व्यवसाय प्रवर्धन ऐन ।

६. महालक्ष्मी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन ।

७. महालक्ष्मी नगरपालिकामा सञ्चालित व्यापारिक फर्म नियमन गर्ने ऐन ।

८. नगरकार्यपालिकाको आर्थिक ऐन ।

९. शिक्षा ऐन ।

१०. आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन ।

**महालक्ष्मी राजपत्र**

महालक्ष्मी नगरपालिकाद्वारा प्रकाशित

## घरेलु हिंसा–अपराधको जघन्य प्रकार
## सबै मिली गरौं यसको प्रतिकार

# महालक्ष्मी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

ललितपुर, ३ नं. प्रदेश, नेपाल

# महालक्ष्मी नगरसभाबाट स्वीकृत भएका नियमावली, निर्देशिका र कार्यविधि

१. नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली ।

२. नगरकार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि ।

३. नगरपालिकाको योजना तथा बजेट तर्जुमा दिग्दर्शन ।

४. नगर प्रहरी नियमावली ।

५. आर्थिक प्रशासन नियमावली, २०७४ ।

६. महालक्ष्मी नगरपालिकामा विद्यालय शिक्षा संचालन, व्यवस्थापन तथा नियमनका सम्बन्धमा बनेको कार्यविधि, २०७४ ।

७. आधारभूत तथा माध्यमिक शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७४ ।

८. महालक्ष्मी नगरपालिका भित्र निर्माण हुने भवन तथा संरचनाको मापदण्ड ।

९. ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि, २०७४ ।

१०. "घ" वर्ग निर्माण व्यवसाय ईजाजत जारी, नविकरण र खारेजी सम्बन्धी कार्यविधि ।

११. उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि ।

१२. महालक्ष्मी नगरपालिकामा विद्यालय सञ्चालन तथा नियमन कार्यविधि (संशोधन) ।

१३. टोल विकास संस्था संचालन कार्यविधि र टोल विकास संस्था समन्वय समिति गठन तथा परिचालन सम्बन्धी निर्देशिका ।

१४. विपद व्यवस्थापन कोष (सञ्चालन), कार्यविधि ।

१५. आर्थिक ऐन, (संशोधन) ,

१६. महालक्ष्मी नगरपालिकामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि ।

१७. महालक्ष्मी नगरपालिकाको अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि ।

१८. महालक्ष्मी नगरक्षेत्र भित्रको नदी तथा अन्य सार्वजनिक क्षेत्रको सरसफाई सम्बन्धी कार्यविधि ।

१९. कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका - २०७६ ।

# शिक्षा, युवा तथा खेलकुद विकासतर्फको विवरण
## २०७४/०७५

१. महालक्ष्मी नगरपालिकामा विद्यालय शिक्षा संचालन, व्यवस्थापन तथा नियमन कार्यविधि, २०७४ नगरकार्यपालिकाबाट स्वीकृत भएको ।

२. आधारभूत तथा माध्यमिक शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७४ पारित भई आधारभूत तह (कक्षा ८) को परीक्षाको सञ्चालन, व्यवस्थापन तथा नियमन भई नगरस्तरीय परीक्षा सम्पन्न भएको । साथै सो परीक्षामा डि र ई ग्रेड ल्याउने र ग्रेड वृद्धि परीक्षामा सहभागीहुन चाहने परीक्षार्थीहरूको ग्रेड वृद्धि परीक्षा समेत सञ्चालन गरिएको ।

३. नगरपालिकाभित्रका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूले नगरप्रमुख तथा उपप्रमुखको उपस्थितिमा नगरपालिकाका प्रमुख शिक्षा अधिकृतसँग विद्यालय मा शैक्षिक सुशासन कायम गर्ने, विद्यालयलाई शिक्षाको गुणस्तर र सान्दर्भिकता वृद्धि गर्न जिम्मेवार र जवाफदेही बनाउने कार्यसूची समेटिएको कार्य सम्पादन करार सम्झौता गरिएको ।

४. प्रधानाध्यापकहरूले नगरपालिकासँग गरेको कार्य सम्पादन सम्झौता कार्यान्वयन गर्न विद्यालयका शिक्षकहरूसँग पनि कार्यसम्पादन करार सम्झौता गर्ने व्यवस्था गरिएको।

५. विद्यालयलाई नगरपालिकाका शैक्षिक कार्यक्रमको बारेमा अभिमुखीकरण गर्न, आवश्यक सूचनाको सम्प्रेषण गर्न, विद्यालयका समस्या र गुनासाहरूको सम्बोधन गर्न समय समयमा सामुदायिक र संस्थागत विद्यालयका प्र.अ. तथा वि.व्य.स. अध्यक्षहरूसँग छलफल र अन्तरक्रिया गरिएको ।

६. विद्यालय शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउन समय समयमा नगर प्रमुख, उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रमुख शिक्षा अधिकृत, विद्यालय निरीक्षक, स्रोतव्यक्तिहरूबाट विद्यालयको अनुगमन भइरहेको ।

७. नगरपालिकाको पहलमा नगर क्षेत्र भित्रका संस्थागत विद्यालयहरूले विद्यालय मा अध्ययन गर्ने जेहेन्दार, गरिब, दलित तथा अन्य लक्षित वर्गका १० प्रतिशत विद्यार्थीलाई निशुल्क छात्रवृत्तिको व्यवस्थापन गरेको ।

८. नगरपालिकाको नगर शिक्षा समितिले शिक्षा सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने कार्य गरिरहेको ।

९. नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम बनाइएको महालक्ष्मी न.पा. मा विद्यालय शिक्षा सञ्चालन, व्यवस्थापन तथा नियमन कार्यविधि, २०७४ बमोजिम शैक्षिक सत्र २०७५ देखि नयाँ प्राथमिक बालविकास केन्द्र, नयाँ विद्यालय स्थापना, कक्षा थप, विद्यालयको नाम परिवर्तन, स्थान परिवर्तन लगायतका कार्यहरू सम्पन्न गरिएको ।

१०. महालक्ष्मी नगरपालिका भित्रका सबै संस्थागत विद्यालयहरूलाई नगरपालिकामा दर्ता अद्यावधिक गर्न लगाई अभिलेखीकरण गरिएको ।

११. सामुदायिक विद्यालयहरूलाई नेपाल सरकारबाट प्रदान गरिएका शसर्त अनुदान, निःशुल्क पाठ्यक्रम, छात्रवृत्ति, पूर्व प्राथमिक कक्षाका लागि अनुदान, निरन्तर विद्यार्थी मूल्याङ्कन अनुदान, शैक्षिक सामाग्री तथा बुक कर्नर अनुदान, विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान, सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण अनुदान विद्यालयको खातामा निकासा पठाइएको ।

१२. नगरपालिकाको आन्तरिक स्रोतबाट पनि विद्यालयको भौतिक पूर्वाधार विस्तार, छात्रवृत्ति वितरण लगायतमा विद्यालयलाई अनुदान दिइएको छ ।

१३. नगरपालिकाले देशकै नमूनाको रुपमा विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको तलव, भत्ता दोश्रो चौमासिकको सुरुबाटै सम्बन्धीत व्यक्तिकै बैंक खातामा जम्मा गरिदिने व्यवस्था मिलाइएको ।

१४. नगरपालिकाको पहलमा महालक्ष्मी एकाडेमीमा यसै वर्षदेखि कक्षा ११ को विज्ञान विषयमा पठाइ सुरु भएको ।

१५. महालक्ष्मी नगरपालिकाको पहलमा यस नगरक्षेत्र भित्र प्राविधिक तथा व्यवसायिक शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्न उच्च प्राथमिकता दिइएको । यसै वर्ष देखि नै महालक्ष्मी मावि लुभु, लुभु मावि लुभु, महेन्द्र आदर्श मावि इमाडोलमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट सम्वन्धन लिई प्राविधिक तथा व्यवसायिक शिक्षाका कार्यक्रमहरू सञ्चालन हुन गइरहेको ।

# शिक्षा, युवा तथा खेलकुद विकासतर्फको विवरण २०७५/०७६

**१) परीक्षाहरुको स्तरीकरण मार्फत शिक्षण सिकाई सुधारमा उल्लेख्य उपलब्धी हासिल**

गत शैक्षिक सत्रमा निर्माण गरिएको वार्षिक शैक्षिक क्यालेन्डरमा उल्लेखित विद्यालय तहका चारवटा परिक्षाहरु तथा आधारभूत तहको अन्त्यमा नगरस्तरीय परीक्षा सञ्चालन गरिएको थियो। उपरोक्त बमोजिम सञ्चालित परीक्षाहरुलाई मर्यादित, स्तरीकृति विश्वसनीय तथा वैध बनाई विद्यार्थीको वास्तविक सिकाई उपलब्धी मापन गरी शिक्षण सिकाईमा सुधारका लागि मार्ग प्रशस्त गर्ने तर्फ निर्दिष्ट गरिएको थियो । सोही प्रयासका कारण यस शैक्षिक सत्रमा विद्यार्थीको सिकाई उपलब्धी तथा उत्तीर्ण दर लगभग पच्चीस प्रतिशतले बृद्धि भएको तथ्याङ्क प्राप्त भएको छ। त्यसैगरी संस्थागत र सामुदायिक दुवै विद्यालयहरुमा स्तरीकृत परीक्षाको ज्ञान र सीप सम्बन्धी अनुभव प्राप्त भई विद्यार्थी मूल्याङ्कनमा सुधार आएको देखिएको छ । कक्षा ८ को अन्त्यमा सञ्चालन गरिएको नगरस्तरीय परीक्षाले राष्ट्रिय पाठ्यक्रम अनुरुप विश्वसनीय र वैध परिक्षा प्रणाली मार्फत नगरको वास्तविक शैक्षिक उपलब्धीको आधार तथ्याङ्क निर्माण गरेको छ। जसका आधारमा महत्वपूर्ण शैक्षिक नीतिगत पृष्ठपोषण समेत प्राप्त भएको छ।

**२)शैक्षिक संस्थाहरुको प्रभावकारी नियमन**

आ.व. २०७५/७६ मा सबै प्रकारका शिक्षण तथा शैक्षिक संस्थाहरुलाई नियमनको दायरामा ल्याइएको छ । स्थापित संस्थागत विद्यालयहरुले अनिवार्य रुपमा नगरको परीक्षा, कार्यपात्रो, अनुमति, तथा निर्देशनहरु पालना गर्नुपर्ने व्यवस्थालाई पूर्ण कार्यान्वयनमा ल्याईएको छ । अनुमति नलिई सञ्चालित पूर्व प्राथमिक विद्यालयहरुलाई नियमन गरी कानूनी दायरामा ल्याईएको छ।

**३) नगरलाई उत्कृष्ट शैक्षिक हबका रुपमा विकास गर्ने नीति लिइएको**

महालक्ष्मी नगरपालिकामा नगरको नीति नियम र निर्देशनको अधीनमा रही शैक्षिक उन्नयनमा संलग्न हुन चाहने शैक्षिक संस्थाहरुलाई आवश्यक सहजीकरण सहित आमन्त्रण गर्ने नीति लिइएअनुरुप उत्कृष्ट शैक्षिक संस्थाहरुको संख्या बृद्धि हुने क्रममा रहेको छ।

**४) सामुदायिक विद्यालयहरुमा सेनेटरी प्याड वितरण**

गत आ.व. मा सबै सामुदायिक माध्यमिक विद्यालयहरुमा छात्राहरुको लागि करिव रु ७ लाख बराबरको सेनेटरी प्याड वितरण गरिएको छ । महिनावारीको समयमा छात्राहरुको अनुपस्थिति दर तथा विद्यालय छाड्ने दर उच्च भएकोले सो सुविधा उपलब्ध गराईएकोमा छात्राहरुको उपस्थिति तथा सिकाई दरमा उल्लेखनीय रुपमा बृद्धि भएको पाइएको छ। यस कार्यक्रमको राष्ट्रिय रुपमा नै प्रशंशा तथा अनुकरण गरिएको पाइएको छ।

**५) सामुदायिक तथा संस्थागत विद्यालय साझेदारी कार्यक्रम**

महालक्ष्मी नगरपालिका भित्र सञ्चालित हरेक संस्थागत विद्यालय र कुनै एक सामुदायिक विद्यालयबीच साझेदारी कायम गरी शिक्षक आदान प्रदान तथा अनुभव र अन्य प्राविधिक सहयोग साझेदारी गर्नुपर्ने व्यवस्था गरिएकोमा उक्त कार्य प्रभावकारी भएको पाइएको छ।

**६) शिक्षकहरुको तलब भत्ता मासिक रुपमा व्यक्तिगत बैंक खातामा पठाईएको**

गत आ.व. देखि नै हरेक शिक्षकहरुको तलब मासिक रुपमा बैंक खातामा पठाउन थालिएकोमा उक्त कार्य निकै प्रभावकारी र प्रेरणादायी पाईएको छ। जसले वित्तीय सुशासनमा महत्वपूर्ण इट्टा थपेको छ।

**७) शैक्षिक सत्र २०७६/७७ को वार्षिक कार्यपात्रो निर्माण**

नगरभित्रका सवै सामुदायिक तथा संस्थागत विद्यालयहरुवीच शैक्षिक व्यवस्थापनमा न्यूनतम मापदण्ड तथा एकरुपता स्तरीयता र विश्वसनीयता कायम गर्नका लागि सवै सरोकारवालाहरुको उपस्थितिमा छलफल गरी वार्षिक शैक्षिक क्यालेण्डर निर्माण गरिएको छ । यसरी तयार गरिएको वार्षिक शैक्षिक क्यालेन्डर तथा शैक्षिक मार्गीचत्र २०७६विद्यालयहरुलाई पठाइएको छ।

**८) संस्थागत विद्यालयहरुको छात्रवृत्तिको प्रभावकारी कार्यान्वयन**

संस्थागत विद्यालयहरुले प्रदान गर्नुपर्ने न्यूनतम दश प्रतिशत छात्रवृत्तिलाई थप पारदर्शी र प्रभावकारी बनाई वास्तविक रुपमा आवश्यक भएका वर्ग र समूहका विद्यार्थीहरुलाई उपलब्ध गराउनका लागि छात्रवृति प्रकृयालाई पुनरावलोकन गरिएको छ। जसअनुसार सम्बन्धित विद्यार्थीहरुले आफ्नो स्थायी

# महालक्ष्मी नगरपालिकामा आ.व. ०७४/०७५ को स्वास्थ्यको प्रगति विवरण

१. महालक्ष्मी नगरपालिकाको वडा न. ८ र प्रा. स्वा. के. परिसरमा नगर प्रमुख, उपप्रमुख, ८ नं. वडा अध्यक्ष, सदस्यहरू, स्वास्थ्य शाखा, प्रा.स्वा.के.का कर्मचारीहरू तथा जनसमुदायहरूको उपस्थितीमा मिति २०७४/५/१७ गते सरसफाई अभियान कार्यक्रम सम्पन्न गरियो साथै अन्य ३, ७ र ५ नं. वडाहरूमा पनि बिभिन्न मितिमा सरसफाई अभियान कार्यक्रम सम्पन्न भएको थियो ।

२. मिति २०७४/०५/३१ गते लुभु प्रा.स्वा.के.मा तथा को परिसर मा महालक्ष्मी नगरपालिका मेयर श्री रामेश्वर श्रेष्ठज्यूको पहलमा इगवोसाका ४० जनाको टिमको सहयोगमा बिभिन्न रोगका बिशेषज्ञहरू तथा प्राथमिक स्वास्थ्य केन्द्रको व्यवस्थापनमा करीव १००० जना विरामीहरूलाई नि:शुल्क स्वास्थ्य उपचार तथा निशुल्क औषधि वितरण गरी प्रा.स्वा.के.,हे.प(ो.हरू तथा स्वास्थ्य शाखा, महालक्ष्मी नगरपालिकाका सम्पूर्ण कर्मचारीहरूको उपस्थितीमा बृहत स्वास्थ्य शिबिर संचालन गरी सम्पन्न गरियो । साथै अन्य वडाहरूमा पनि २, ३, ९, १०, ६ र १ वडामा पनि स्वास्थ्य शाखा, महालक्ष्मी नगरपालिकाका सम्पूर्ण कर्मचारीहरूको उपस्थितीमा स्वास्थ्य शिबिर तथा आँखा शिविर समेत संचालन गरी सम्पन्न गरियो ।

३. मिति २०७४/६/२ मा वडा नं ८ स्थित वडा अध्यक्ष श्री बिश्वराज श्रेष्ठको अध्यक्षतामा लुभु प्रा.स्वा.के.मा महिला स्वा.स्व.से. तथा स्वास्थ्यकर्मीहरू, डा. श्री अभिशेख सुमन लगायत सम्पूर्ण कर्मचारीहरू तथा स्वास्थ्य शाखाका प्रमुख तथा सहायकको उपस्थितिमा परिवार नियोजन तथा खोप कार्यक्रमकोबारे कभरेज बढाउने बारे करीव २ घण्टा छलफल गरी सुरक्षित मातृत्व र परिवार नियोजन दिवस भव्यताका साथ मनाईयो ।

४. मिति २०७४ पौष २८ गतेका दिन महालक्ष्मी नगरपालिकाका मेयर श्री रामेश्वर श्रेष्ठज्यूको अध्यक्षतामा सरकारी तथा गैर सरकारी संघ संस्थाको उपस्थितिमा नगर खोप समन्वय समितिको गोष्ठी गरियो । उक्त कार्यक्रममा राष्ट्रिय खोप कार्यक्रम बारे तथा पूर्णखोपलाई निरन्तरताको लागि गर्नुपर्ने प्रकृयाकोबारे जानकारी दिई प्रतिबद्धता समेत जनाउनु भयो ।

५. मिति २०७४/१०/१२ गते पँहुच नपुगेका र छुट बच्चाको खोजी तथा पूर्ण खोप दिलाउन म.स्वा.स्व. सेविकाहरूलाई अभिमुखीकरण र योजना निर्माण सम्वन्धी १ दिने गोष्ठी संचालन गरी बच्चाहरू १ वर्ष मुनिका तथा १२ महिना देखि २३ महिना सम्मका नाम तथा खोपको रेकर्ड पनि राख्ने । खोप लगाउन बाँकी छ भने खोप लगाउन खोप केन्द्रमा लैजान लगाउने । आफ्नो वडामा खोज र खोपको प्रकृया अपनाई खोप लगाउनको लागि सबै आमा समूहलाई अनुरोध गरी खोप लगा(उन लैजाने वातावरण बनाउने ।

६. लुभु प्रा.स्वा.के.मा महालक्ष्मी नगरपालिकाका मेयर श्री रामेश्वर श्रेष्ठज्यूको पहलमा प्रा.स्वा.के.मा ECG, Xray, USG, Dental सेवाहरू सञ्चालन भएको छ । प्रत्येक हप्ताको वुधवार चिनी रोग तथा थाईराईड रोगको विशेषज्ञ डा. दिपक मल्लबाट नै जाँच गर्ने व्यवस्था मिलाई सो कार्यक्रम प्रत्येक हप्ताको बुधवारको बिहान सेवाहरू संचालन भै रहेको छ। साथै स्त्री रोग विशेषज्ञबाट महिलाहरूलाई जाँच गरिन्छ।

७. महालक्ष्मी नगरपालिकाका पहलमा लुभु प्रा. स्वा.केन्द्रमा आ.व. उक्त केन्द्रमा हप्त(ाको ४ पटक खोप लगाउन अ.हे व.लाई खोप लगाउन लगाईएको छ बिहान ११ बजे देखि ३:०० बजे सम्म खोप सञ्चालन गरिरहेको छ।

८. ०७४/०७५ १ जना अ.न.मी.करार सिद्धिपुर स्वास्थ्य चौकीमा १ जना का.स. टिकाथली स्वास्थ्य चौकीमा १ जना का.स.लामाटार स्वास्थ्य चौकीमा १ जना का.स. करार गरी जम्मा ४ जना कर्मचारी करार सेवामा नियुक्ति गरिएको थियो ।

९. नगर खोप क्लिनिक प्रत्येक हप्ताको शुक्रबार महालक्ष्मी नगरपालिकाको पहलमा स्वास्थ्य शाखामा केन्द्र बनाई नियमित खोप कार्यक्रम अर्न्तगत जन्मे देखि २

वर्षको बालवालिकालाई खोप लगाईन्छ। उक्त केन्द्रमा हप्ताको ४ पटक खोप लगाउन अ.हे.ब.लाई खोप लगाउन लगाइएको छ। बिहान ११:०० बजे देखि ३:०० बजे सम्म खोप संचालन गरिरहेको छ।

१०. मिति २०७४/६/२ गते लामाटार स्वास्थ्य चौकीमा पाठेघर स्क्रिनिङ्ग शिविर संचालन गरियो ।

११. यसमहालक्ष्मी नगरपालिकाको अर्न्तगतका वडा १ देखि १० सम्म यही वैशाखको ६ र ७ गते भिटामिन ए र जुकाको औषधि र ८ र ९ गते पाखुराको नाप गरी वालभिटा वितरण गरियो । उक्त बितरण गरिएको प्रतिबेदन तपशिल अनुसार भएको छ।

१२. राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रमको क्षयरोग उपचा व्यवस्थापन सम्बन्धी निजी स्वास्थ्य संस्थाहरूसँग समन्वय गरी १ दिने गोष्ठी मिति २०७५/०२/१४ गते यस महालक्ष्मी नगरपालिकाको वडा नं. १ को हलमा औषधि पसलका ब्यवसायहरू, मेडिकल कलेज, नर्सिङ होम तथा क्लिनिकहरूको उपस्थितिमा क्षयरोग व्यवस्थापन गर्न सबैलाई जानकारी दिई सम्पन्न गरियो।

१३. लामाटार स्वास्थ्य चौकीको भवन निर्माण सम्पन्न गरी महालक्ष्मी नगरपालिकाका प्रमुख श्री रामेश्वर श्रेष्ठज्यूको प्रमूख आतिथी, बिशेष अतिथी प्रमुख जन स्वास्थ्य प्रशासक श्री भलक शर्मा पौडेल लगायत अन्य ब्यक्तिहरूको उपस्थीतमा स्वास्थ्य चौकीलाई प्रमाण पत्र तथा साँचो हस्तान्तरण गरियो।

१४. यस म.न. पा. अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा पूर्ण खोप सुनिश्चिता निर्देशिका वमोजिम वडा खोप समन्वय समिति गठन गरियो।

**समितिका पदाधिकारीहरू ७ जना**

- अध्यक्ष (वडा अध्यक्ष)
- सदस्य ५
- सदस्य सचिव (स्वास्थ्य सस्था प्रमुख)
- नगर प्रमुख (संरक्षक)

१५. सवै स्वास्थ्य संस्थाहरूमा पूर्ण खोप सुनिश्चिता दिवश तथा अन्य दिवशहरू मनाईयो पूर्ण खोप सुनिश्चितता घोषणा भएको मितिमा नै पूर्णखोप दिगोपनाको लागि म.स्वा.स्व.से., व्यवस्थापन समिति, आमा समुह लगायत स्वास्थ्यकर्मीहरू सबैको उपस्थितीमा छलफल गरी खोप कुनै बच्चाहरूलाई नछुटाई खोप लगाउन लगाउन अनुरोध गर्ने र हरेक बच्चाहरूको नाम उमेरको जनसंख्याको डाटा लिने भनी छलफल गरी यो दिवश मनाईयो। तपसिलको स्थान र मितिमा सबै स्वास्थ्य संस्थाहरूले दिवस मनाईयो ।

**तपशिल**

१. इमाडोल २०७१/०६/०६
२. टिकाथली २०७३/१०/१९
३. सिद्धिपुर २०७३/१२/१४
४. लामाटार २०७३/१२/३०
५. लुभु २०७३/१२/३०

मिति २०७४/१/१५ मा जिल्ला पूर्ण खोप घोषणा गरियो।

१६. यस महालक्ष्मी नगरपालिकाका अर्न्तगतका प्रत्येक स्वास्थ्य संस्थाहरूमा गई ३ वर्षको प्रगतीहरूको आ.व. ०७१/७२ देखि ०७३/७४ सम्मको Data Quality Self Assisment गर्दा खोप रजिष्टर, प्रतिबेदनहरू टैलीसिट तथा टोल टोलमा गएर बच्चाको खोप लगाएको कार्ड Verification गरी हेरियो जसमा खोप कार्ड र खोप रजिष्टरमा मिल्यो कि, मिलेन भनी रुजु गर्ने ।

१७. यस महालक्ष्मी नगरपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरूमा विभिन्न मितिमा म.स्वा. स्वयं सेविकाहरूको अर्ध वार्षिक समीक्षा गोष्ठी सम्पन्न गरियो ।

१८. मिति २०७५।०२।३० र ३१ गते यस महालक्ष्मी नगरपालिकाका अन्तर्गतका स्वास्थ्य संस्थाहरूको खोपको सुक्ष्म योजना तर्जुमा गोष्ठी सञ्चालन गरियो। सूक्ष्म योजना तर्जुमामा खोप संचालन गर्दा आवश्यक सामाग्रीको योजना खोप केन्द्र तथा सेसनहरूको योजना कभरेज सत प्रतिशत पुऱ्याउन अपनाउन पर्ने योजना खोप लगाउने स्वास्थ्य कर्मीहरूको योजना । उक्त सुक्ष्म योजनाको लागि जन प्रतिनिधिहरू - वडा अध्यक्षहरू तथा स्वास्थ्यकर्मीहरूको सहभागीतामा नगरपालिका स्तरीय राष्ट्रिय खोप कार्यक्रमको सुक्ष्मयोजना तर्जुमा तथा अध्यावधिक र पूर्णखोपको दिगोपनाको लागि २ दिने गोष्ठी सम्पन्न गरियो। साथै स्वास्थ्यकर्मीहरूको लागि भोला समेत बितरण गरियो।

१९. यस महालक्ष्मी नगरपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरूको लागि पटक पटक गरी जिल्ला जन स्वास्थ्य

कार्यालयबाट तथा म.क्षे.स्वा.नि.बाट पनि औषधिहरू ल्याई बितरण समेत गरियो त्यस्तै निःशुल्क बितरण गर्ने औषधि मिति २०७४ माघ महिन(ामा टेण्डर माग गरी खरीद गरियो । २०७५ आषाढ महिनामा कोटेशनबाट खरीद गरियो । महालक्ष्मी न.पा. अन्तर्गतका सबै स्वास्थ्य सस्थाहरूमा औषधि को अभाव हुन नदिएको ।

२०. हरेक वर्ष वैशाख महिनालाई नियमित खोप कार्यक्रम भै खोप महि(ना मनाउने भएकोले छुट भएक(ालाई खोप लगाउने र खोप सम्बन्धी प्रचार प्रसार गर्ने साथै खोपको सन्देशहरू समेत छपाई गरी स्वास्थ्य संस्थाहरूमा बितरण गरेको । बर्षाको समयमा म.स्वा.स्व.से.हरूलाई छाता बितरण गरी खोप तथा स्वास्थ्यको सम्पूर्ण कार्यक्रमलाई सहयोग पुऱ्याउनु मद्दत पुग्नेछ ।

२१. प्रत्येक स्वास्थ्य सस्थाले तथ्यांक सकंलन गर्न सुरु गरेको तथा टिकाथली स्वा. संस्थाले आधारभूत तथ्याक उतार गरीसकेको छ ।

२२. यस महालक्ष्मी नगरपालिका अन्तर्गतका विपन्न वर्गका बिरामीहरूका लागि यस आ.व. ०७४/०७५ मा ३२ जनाहरूलाई उपचारका लागि अस्पताल जान यातायात खर्च बापत रु ७,०००/- (सात हजार) का दरले बितरण गरियो ।

२३. यस महालक्ष्मी नगरपालिकाको वडा नं.१ देखि १० वडासम्म मिति २०७४ साल फाल्गण २४ गते महालक्ष्मी नगरपालिकाका प्रमुख श्री रामेश्वर श्रेष्ठज्यूको प्रमुख आतिथी, बिशेष अतिथि, अतिथीहरू तथा विधार्थीहरूको उपस्थितीमा खुल्ला दिसामुक्त घोषणा गरियो ।

२४. महालक्ष्मी नगरपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरू मातहतका सम्पूर्ण महिला स्वास्थ्य स्वयं सेबिकाहरूलाई हरेक वर्षको मुख्य चाड पर्बको अवसरमा पर्ब मनाउनको लागि महालक्ष्मी नगरपालिकाका प्रमुख श्री रामेश्वर श्रेष्ठज्यूको पहलमा यस आ.व. ०७५/०७६ देखि प्रत्येक म.स्व.स्व.से.लाई रु १०,०००/- (दश हजार) का दरले हरेक वर्ष पर्व खर्च भनेर दिइने निर्णय भयो ।

२५. जिल्ला जन स्वास्थ्य कार्यालयबाट यस महालक्ष्मी नगरपालिकाको स्वास्थ्य शाखालाई कम्प्यूटर, प्रिन्टर, १ सेट, सोफा सेट १ थान, घुम्ने कुर्सी ३ थान, स्टिल दराज ३ थान, टि टेबुल १ थान, टेबुल १ थान क्याबनेट दराज १, मोटर साइकल १ वटा, काठको कुर्सि २ थान पठाएको छ। सो मध्ये केहि सामानहरू प्रा.स्वा.के. हे.पो हरूमा पठाइएको छ।

२६. यस महालक्ष्मी नगरपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरूका सबै संस्था प्रमुख तथा किष्ट अस्पताल सहितको उपस्थितीमा हरेक महिनाको ०८ गते मासिक बैठक बस्ने गरेको उक्त बैठकमा प्रतिबेदन तथा आप(ऽना समस्याहरूको बारे छलफल तथा कार्यन्वन गर्ने समस्याहरू यस न.पा. का मेयर, उपमेयर, प्रमुख प्रशासकीय अधिकृत, लेखा, प्रशासन स्वास्थ्य शाखाका कर्मचारीहरू सहित बृहत छलफल गर्ने गरेको छ ।


## भूकम्प प्रतिरोधी घर बनाऔं

२०७२ वैशाखको जस्तो भूकम्प जुनसुकै बेला जहाँ पनि जान सक्छ ।
त्यसैले, घर निर्माण गर्दा सरकारले तोकेको मापदण्ड पूरा गरौं, इञ्जिनियरको सल्लाह लिऔं ।
निर्माणमा तालिम प्राप्त डकर्मी, सिकर्मीलाई मात्र लगाऔं । पुनःनिर्माण तथा नवनिर्माण गर्दा गुणस्तरीय सामाग्री मात्र प्रयोग गरौं ।

**महालक्ष्मी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ललितपुर, ३ नं. प्रदेश, नेपाल

# महालक्ष्मी नगरपालिकामा आ.व. ०७५/०७६ को स्वास्थ्यको प्रगति विवरण

१. महालक्ष्मी नगरपालिका अर्न्तगतका प्रा. स्वा. के., स्वा. चौकीहरुमा मिति २०७५/४/१६ गते देखि २२ सम्म स्तनपान सप्ताह विभिन्न कार्यक्रम गरी ७ दिन सम्म मनाइएकोथियो ।

२. मिति २०७५/०४/३१ गते राष्ट्रिय क्षयरोग कार्यक्रमको वार्षिक समिक्षा गोष्ठि गरेको ।

३. मिति २०७५/०५/१४ प्रा. स्वा.के., हे.पो.हरु अर्न्तगतका ४५ जना म. स्वा. स्व. से तथा स्वास्थ्य शाखा, महालक्ष्मी नगरपालिकाका सम्पूर्ण कर्मचारीहरुको उपस्थितिमा परिवार नियोजन बन्ध्याकरण अगाडि म.स्वा. स्व.से. हरुसँग छलफल गरी बन्ध्याकरण सफल पार्न सहयोग गर्ने निर्णय गरियो ।

४. मिति २०७५/०५/१४ गते उपमेयर, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृतहरु, म.स्वा.स्व.से.हरु लगायत महालक्ष्मी न.पा.का सबै कर्मचारीहरुको उपस्थितिमा तिज विशेष कार्यक्रम पनि मनाइएको थियो ।

५.मिति २०७५/०५/१८ गते क्षयरोग कार्यक्रमको प्रथम चौमासिक गोष्ठि ।

६. मिति २०७५/०५/२३गते महालक्ष्मी न.पा.को वडा नं. ९ र १० मा परिवार नियोजन सम्बन्धि बन्ध्याकरण शिविर सञ्चालन गरी साथै सेटलाइट सेवा पनि संचालन गरेको थियो ।

७. मिति २०७५/०५/२५ गते महालक्ष्मी न.पा.को वडा नं. ८ मा परिवार नियोजन सम्बन्धि बन्ध्याकरण शिविर सञ्चालन साथै सेटलाइट सेवा पनि संचालन गरेको थियो ।

८. मिति २०७५/०६/०२ गते महालक्ष्मी न.पाको वडा नं.६ मा परिवार नियोजन दिवसको विभिन्न कार्यक्रम गरी दिवस मनाएको ।

९. मिति २०७५/०७/१३ गते महलक्ष्मी न.पा. का ४५ जना महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई चाडबाड (तिहार)खर्च रु १०,०००/- दशहजार बितरण गरेको ।

१०. यस महालक्ष्मी नगरपालिकाको अर्न्तगतका वडा १ देखि १० सम्म कात्तिकको १४ र १५ गते राष्ट्रिय भिटामिन ए र जुकाको औषधि र १६ र १७ गते पाखुराको नाप गरी वालभिटा वितरण गरियो । उक्त वितरण गरिएको प्रतिवेदन तपसिल अनुसार भएको छ ।

११. मिति २०७५/०७/२६ गते महालक्ष्मी न.पा.का सम्पूर्ण स्वास्थ्यकर्मीहरु तथा म.स्वा.स्व.से.हरुलाई पानीजन्य रोग नियन्त्रण सम्बन्धि तालिम संचालन गरेको । सहयोगी सस्था ENDO Nepal ले सहयोग गरेको ।

१२. मिति २०७५ भाद्र देखि यस महालक्ष्मी नगर पालिकामा FIPV खोप सुरुवात गरेको ।

१३. अ.न.मि. तथा का.स.हरुको म्याद थप ।

१४. महालक्ष्मी न.पा.का अर्न्तगतका किष्ट अस्पताल, प्रा.स्वा.के. र स्वास्थ्य चौकीहरुका प्रमुखहरुसँग हरेक महिनाको ८ गते मासिक बैठक बसी कार्यक्रमको बारेमा छलफल ।

१५. मिति २०७५/०७/१९ गते महालक्ष्मी न.पा.को वडा नं. १ को प्राङ्गणमा पानिजन्य रोग सम्बन्धी सार्बजनीक सुनुवाई कार्यक्रम संचालन गरेको (युवा सरोकार युवालयहरुको सहयोगमा )

१७. मिति २०७५/०८/१५ Dec १ मा महालक्ष्मी न.पा.का अर्न्तगतका सबै म.स्व.स्व.से.हरु न.पा.का वडा अध्यक्ष, न.स.स. तथा न.पा.का सम्पूर्ण अन्य सहयोगी सस्था सहितको उपस्थितमा बिश्व एड्स दिवस मनाइयो ।

१८. मिति २०७५ मसिर १९ Dec. 5 मा १५औ म.स्वा.स्व.से.दिवस बिभिन्न कार्यक्रम गरी मनाइयो ।

१९. यस महालक्ष्मी नगरपालिकाका वडाहरुमा विभिन्न मितिमा सरसफाई

तथा स्वास्थ्य शिविर कार्यक्रम भएको।

२०. राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रमको क्षयरोग उपचार व्यवस्थापन सम्बन्धि निजी स्वास्थ्य संस्थाहरुसँग समन्वय गरी १ दिने गोष्ठी मिति २०७५/११/०६ गते यस महालक्ष्मी नगरपालिकाको वडा नं. १ को शभा हलमा अस्पताल, क्लिनिकहरु, औषधि पसलका ब्यवसायहरु, मेडिकल कलेज, नर्सिङ होम उस्थितिमा न.पा. सँग आवद्ध तथा क्षयरोगको ब्यवस्थापन गर्न सबैलाई जानकारी दिई सम्पन्न गरियो।

२१. प्रत्येक महिनामा सञ्चालन हुने नियमित खोप सेवा, गाउँघर क्लिनिक तथा अन्य नियमित सेवाहरु स्वास्थ्य संस्थाहरुबाट सञ्चालन भैरहेको छ।

२२. प्रत्येक महिना स्वास्थ्य शाखाबाट नियमित अनुगमन तथा सुपरीवेक्षण गर्ने गरेको।

२३. स्वास्थ्य संस्थाहरुको लागि आवश्यक औषधि खरिद गरी भै वितरण गरेको।

२४. पूर्णखोप सुनिश्चितता घोषणाको कार्यक्रम

२५. महालक्ष्मी न.पा.का अन्तर्गतका स्वास्थ्यकर्मीहरुलाई HMIS व्यवस्थापन सूचना प्रणाली सम्बन्धी तालीम ३ दिन सञ्चालन गरेको।

२६. यस महालक्ष्मी नगरपालिकाका सामुदायीक बिद्यालयका छात्राहरुलाई सेनेटरीप्याड बितरण गरेको।

२७. बिपन्न नागरिकलाई महालक्ष्मी नगरपालिकाले यातायात खर्च रु.७०००/- वितरण गरेको हाल सम्म १८ जनाले यातायात खर्च लिएको।

२८ आमा सुरक्षा कार्यक्रम प्रा.स्वा.के तथा किष्ट अस्पतालमा सेवा दिएको।

## प्रधानमन्त्री युवा स्वरोजगार कार्यक्रमले
## ५९ जना लाभान्वित

प्रधानमन्त्री युवा स्वरोजगार कार्यक्रमले महालक्ष्मी नगरपालिकामा ५९ जना लाभान्वित भएका छन्। वडा कार्यालयबाट प्रस्ताव आएबमोजिम वडा नम्बर १० को कुलो सफाईका लागि उहाँहरूलाई खटाइएको थियो । महालक्ष्मी नगरपालिकाका मेयर श्री रामेश्वर श्रेष्ठले कार्यक्रमको उद्घाटन गर्नुभएको थियो । रोजगार कार्यक्रम संयोजक विपुलकुमार यादवका अनुसार ५९ ले ११ दिनको रोजगार पाएका छन् ।



# फार्मको विवरण

| क्र.सं. | फार्मको किसिम | संख्या | फार्म रहेका पशु संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | गाई फार्म | २७ | ४०० | |
| २ | बाख्रा फार्म संख्या | १० | २५० | |
| ३ | कुखुरा फार्म | १४ | २५००० | |
| ४ | बंगुर फार्म | ४ | २५० | |

- साना डेरी पसल संख्याः ४९
- मासु पसल संख्याः ११८
- पशु औषधि पसल तथा भेटेरीनरी क्लिनिकः ४
- दुग्ध सहकारी संस्थाहरूः २
- कृषि सहकारी संस्थाहरूः १३
- गैर सरकारी संस्थाहरूः २

## नगरपालिकाबाट आ.व. २०७४/०७५ मा संचालन गरेका कार्यक्रमहरू र प्रगति विवरण

| क्र सं. | कार्यक्रमको नाम | इकाइ | परिमाण | वजेट हजारमा | प्रगति | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पशु बिकास सेवा कार्यक्रमहरू | | | | | | |
| १.१ | कृतिम गर्भाधान सेवा कार्यक्रमको लागि ट्रेबिज निर्माण तथा उपकरण खरीद | | १ | ४१२ | १ | १०० | |
| | पशुहरूमा सुत्केरी भत्ता बितरण कार्यक्रम | संख्या | १५ | ४२ | १५ | १०० | |
| १.२ | पशु प्रजनन सेवा कार्यक्रम तरल नाइट्रोजन खरीद ढुवानी र बितरण तथा कृतिम गर्भाधान सेवाको लागि सामानहरू खरीद र तथ्याङकहरू बिष्लेषण र प्रतिवेदन तयार | पटक | १ | १५० | १ | १०० | |
| १.३ | महिला तथा सीमान्तकृत विशेष कार्यक्रम | | | | | | |
| १.३.१.१ | महिलाहरूको लागि आय आर्जन बाख्रा पकेट बिस्तार कार्यक्रम प्याकेज कार्यक्रम २ वटा प्रति समुहमा १० सदस्य र प्रति सदस्य ८ वटा बाख्रा बितरण | | | | | | |
| १.३.१.२ | कार्यक्रम छनोटको लागि स्थान छनौट | पटक | १ | ३० | १ | १०० | |
| १.३.१.३ | समुह गठन र कार्यक्रम बारे अन्तरकृया | पटक | २ | २० | २ | १०० | |
| १.३.१.४ | बाख्रा खरीद र बितरण | संख्या | १६० | १६०० | १६० | १०० | |
| १.३.१.५ | ढुवानी तथा अन्य सेवा | पटक | २ | ८० | २ | १०० | |
| १.३.१.६ | ३ दिने बाख्रापालन तालिम | पटक | २ | ८० | २ | १०० | |
| १.३.१.७ | बोका खरीद तथा बितरण | संख्या | ४ | ८० | ४ | १०० | |
| १.३.१.८ | बाख्रा बितरण समारोह कार्यक्रम | पटक | १ | ५० | १ | १०० | |
| १.३.१.९ | बाख्रामा परजीबी नियन्त्रण | पटक | २ | ३० | २ | १०० | |
| १.३.१.१० | आकस्मिक एवं प्राथमिक उपचार सेवा | पटक | १ | ४० | १ | १०० | |

## प्रगति विवरण

| क्र सं. | कार्यक्रमको नाम | इकाइ | परिमाण | वजेट हजारमा | प्रगति | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १.३.१.११ | घासको बीउ बेर्ना बितरण | पटक | २ | ५० | २ | १०० | |
| १.३.१.१२ | कार्यक्रम अनुगमन तथा निरीक्षण | पटक | ३ | ५० | १ | ३३.३ | |
| १.३.२ | महिला तथा सिमान्तकृत कृषकहरूमा आयआर्जन कार्यक्रम कुखुरा | | | | | | |
| १.३.२.१ | कार्यक्रम छनोटको लागि स्थान छनौट | पटक | १ | १० | | | |
| १.३.२.२ | समुह गठन र कार्यक्रम बारे अन्तरकृया | पटक | १ | १० | | | |
| १.३.२.३ | कुखुराको चल्ला खरीद र बितरण | संख्या | ८०० | २०० | | | |
| १.३.२.४ | ढुवानी तथा अन्य सेवा | पटक | १ | ३५ | | | |
| १.३.२.५ | ३ दिने कुखुरापालन तालिम | पटक | १ | ५० | | | |
| १.३.२.६ | कुखुरा बितरण समारोह कार्यक्रम | पटक | १ | ५० | | | |
| १.३.२.७ | आकस्मिक एवं प्राथमिक उपचार सेवा | पटक | १ | २० | | | |
| १.३.२.८ | कार्यक्रम अनुगमन तथा निरीक्षण | पटक | ३ | ४५ | | | |
| २ | पशु स्वास्थ्य रोग अन्वेषण सेवा तथा क्योरेन्टाइन कार्यक्रमहरू | | | | | | |
| २.१ | सरोकारवालाहरू मासुपसल डेरी पसल व्यवसायीहरूसँग अन्तरकृया कार्यक्रम | पटक | १ | २९ | | | |
| २.२ | मासुपसल औषधि पसल ह्याचरी तथा फार्महरूको नियमित अनुगमन गरी प्रतिवेदन तयार गर्ने | पटक | ३ | ४५ | | | |
| ३ | पशु आहारा सेवा कार्यक्रम कार्यक्रमहरू | | | | | | |
| ३.१ | हिउदे घाँसको बीउ बितरण जै घाँसको बीउ खरीद ढुवानी र बितरण | के.जी. | २००० | २०० | २००० | १०० | |
| ३.२ | वर्षे घाँसको बीउ बितरण टियोसेन्टी घाँसको बीउ खरीद ढुवानी र बितरण | के.जी. | १००० | १५० | १००० | १०० | |
| ३.३ | बहुवर्षे घाँसहरू नेपियर मुलाटो आदि घाँसको स्लीप सेट्स खरीद ढुवानी र बितरण | हजारमा | २० | ६० | २० | १०० | |
| ३.४ | बहुवर्षे घाँस राइ बीउ खरीद ढुवानी र बितरण | के.जी. | ५० | २८।०४ | २५ | ५० | |
| ३.५ | डाले घाँसको बीरुवा खरीद ढुवानी र बितरण | हजार | ४ | ५० | १ | २५ | |
| ३.६ | घाँस खेती गर्ने कृषक सग अन्तरकृया छलफल | पटक | १ | ५० | | | |
| ४ | पशुपंक्षी वजार प्रवर्दन कार्यक्रम | | | | | | |
| ४ | मासु पसल सुधार | संख्या | १ | ४० | | | |
| ५ | पशु सेवा प्रसार कार्यक्रम कार्यक्रमहरू | | | | | | |
| ५.१ | कार्यालय संचालन तथा प्रशासनिक खर्च | | | | | | |
| ५.१.१ | मोटर साइकल खरीद | संख्या | १ | २५० | १ | १०० | |
| ५.१.२ | कार्यालयको फर्निचर र फर्निसिङ | पटक | १ | ७५ | १ | १०० | |
| ५.१.३ | कम्प्यूटर र प्रिन्टर खरीद फोटोकपी सहित | पटक | १ | १०० | १ | १०० | |
| ५.१.४ | घर भाडा | पटक | १ | १६५ | १ | १०० | |
| ५.१.५ | संचार महसुल टेलिफोन जडान इन्टरनेट जडान बिजुली | पटक | १ | १०० | १ | १०० | |
| ५.१.६ | कार्यालयको लागि इन्धन खर्च | पटक | १ | ५० | १ | १०० | |
| ५.१.७ | कार्यालय सामान | पटक | १ | १५० | १ | १०० | |
| ५.१.८ | विविध खर्च | पटक | १ | ५० | १ | १०० | |

प्रगति विवरण

| क्र सं. | कार्यक्रमको नाम | इकाइ | परिमाण | वजेट हजारमा | प्रगति | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ५.१.९ | इन्धन अन्य प्रयोजन कार्यक्रम | पटक | १ | ३० | १ | १०० | |
| ५.१.१० | मर्मत | पटक | १ | ५० | १ | १०० | |
| ५.२ | पशु बिकास सेवा कार्यक्रम | | | | | | |
| ५.२.१ | पशु स्वास्थ सेवा | | | | | | |
| ५.२.१.१ | प्रयेगशाला तथा रोग अन्वेशण कार्यक्रम | | | | | | |
| ५.२.१.२ | प्रयोगशालाको लागि आबश्यक सामाग्री खरीद | पटक | ३ | ६० | ३ | १०० | |
| ५.२.१.३ | नमुना संकलन तथा प्रेषण | पटकर/संख्या | ३ | ४५ | ३ | १०० | |
| ५.२.१.४ | पशु रोग सर्भलेन्स रिपोटिङ | पटक | १२ | ६० | १२ | १०० | |
| ५.२.१.५ | आकास्मिक उपचार सेवा | पटक | २ | ६० | २ | १०० | |
| ५.२.१.६ | इपिडेमियोलोजी रिपोटिङ तथा अन्वेशण सहित प्रतिवेदन तयार | पटक | ३ | ३० | | | |
| ५.२.२ | पशु उपचार सेवा कार्यक्रम | | | | | | |
| ५.२.२.१ | प्राथमिक उपचार सेवाको लागि औषधि  खरीद | पटक | ३ | १५० | ३ | १०० | |
| ५.२.२.२ | गाइनोकोलोजिकल उपचार सेवा | पटक | ३ | ४५ | ३ | १०० | |
| ५.२.२.३ | पशु स्वास्थ्य शिबिर | पटक | १ | १५० | | | |
| ५.२.२.४ | खोप खोरेत पी.पी.आर. र एच एस बि क्यू | पटक | २ | १४५ | २ | १०० | |
| ५.२.२.५ | परजिबी नियन्त्र ा सेवा ठुला पशु २०० र साना पशु १५०० | पटक | २ | ८० | २ | १०० | |
| ५.३ | जनचेतना अभिबृदि कार्यक्रम | | | | | | |
| ५.३.१ | ३ दिने कृषक स्तर तालिम कार्यक्रम गाई भैसीपालन कुखुरा पालन र बाख्रापालन | पटक | ३ | १५० | १ | ३३।३ | |
| ५.३.२ | जुनोटीक रोग बारे स्कुल शिक्षा | पटक | ६ | ३० | १ | १६।७ | |
| ५.३.३ | समस्यामा आधारित १ दिने स्थलगत तालिम | पटक | ३ | ३० | | | |
| ५.४ | गोष्ठी तथा बैठकहरू | | | | | | |
| ५.४.१ | पशु बिकास कार्यदल बैठक | पटक | ३ | ७५ | १ | ३३।३ | |
| ५.४.२ | पशु बीमा सम्बन्धी गोष्ठी | पटक | २ | ७० | २ | १०० | |
| ५.६ | तथ्याङ्क अध्यावधिक | | | | | | |
| ५.६.१ | पशु सेवासँग सम्बन्धीत तथ्याङ्क सहितको प्रोफाइल तयार | पटक | १ | ५० | | | |
| ५.६.२ | तथ्याङकहरू अभिलेखीकरण गर्ने | पटक | २ | २० | २ | १०० | |
| ५.६.३ | संचालित कार्यक्रमहरूको अनुगमन पदाधिकारीहरू सहित | पटक | १ | ५० | | | |
| ५.६.४ | कार्यक्रम नियमित रिपोटिङ गर्ने | पटक | १ | १०।९१ | १ | १०० | |

## पशु सेवा शाखाबाट मिति २०७५ श्रावण महिना देखि २०७५ साल चैत्र मसान्त सम्म भएका कामहरूको प्रगति प्रतिवेदन

| क्र.सं. | कार्यक्रम बिबरण | इकाइ | प्रगति परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | प्राथमिक उपचार सेवा | | | |
| | मेडिकल उपचार सेवा | संख्या | ४६८ | |
| | माइनर सर्जिकल सेवा | संख्या | ९५ | |
| २ | परजिवी नियन्त्रण सेवा | | | |
| | ठुला पशु | संख्या | ३०५ | |
| | साना पशु | संख्या | ६१५ | |
| ३ | पशु पंक्षिमा खोप सेवा | | | |
| | एच. एस. बि.क्यू.रोग बिरुद्ध खोप खोप | संख्या | २५० | |
| | खोरेत रोग बिरुद्ध खोप | संख्या | ४७५ | |
| | कुकुरहरुमा रेविज रोग बिरुद्ध खोप | संख्या | २१० | |
| ४ | बाखा पकेट कार्यक्रममा आकास्मिक उपचार सेवा | पटक | १ | |
| ५ | कृत्तिम गर्भाधान सेवा कार्यक्रम | संख्या | ८५० | |
| ६ | पशु आहारा सेवा (हिउदे जै घाँसको बीउ बितरण) | के.जी. | ३००० | |
| ७ | पशु आहारा सेवा (वर्षे टियोसेन्टी घाँसको विउ वितरण) | के.जी | १००० | |
| ८ | पशु रोग सर्भिलेन्स तथा इपिडेमियोलोजीकल कार्यक्रम | | | |
| ९ | पशु रोग सर्भिलेन्स कार्यक्रम | पटक | १८ | |
| १० | पशु रोग सर्भिलेन्स प्रतिवेदन तयार | पटक | २ | |
| ११ | इपिडेमियोलोजीकल रिपोटिङ | पटक | ९ | |
| १२ | संघ संस्थासँग सहकार्यको कार्यक्रम | | | |
| | पशु स्वास्थ्य शिविर कार्यक्रम | पटक | १ | |
| १३ | पशु पालन व्यवस्थापन तालिम १ दिने | पटक | ५ | |
| १४ | गाई भैसी पालन तालिम ३ दिने | पटक | १ | |
| १५ | कृषि / पशु विमा सम्बन्धी तालिम १ दिने | पटक | १ | |
| १६ | व्याडको बोका बितरण ५० प्रतिशत बोयर बोका वितरण | संख्या | निवेदन माग गरी अनुगमन प्रकृया पूरा भएको | |
| १७ | पशु आहारा श्रोत केन्द्र विकास सहयोग (हाइड्रोपनिक) | ,, | ,, | |
| १८ | व्यवसायिक पशु फार्म प्रर्वधन कार्यक्रम (काउ माट) ५० प्रतिशत अनुदान | ,, | ,, | |

# फोटो ग्यालेरी



प्रथम नगरसभा उद्घाटन कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओली ।



प्रथम नगरसभा उद्घाटन कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओलीलाई मायाको चिनो प्रदान गर्दै मेयर ।




प्रथम नगरसभा उद्घाटन कार्यक्रम ।



राष्ट्रपति रनिङ शिल्ड प्रदान गर्दै मेयर ।



लुभुमा भएको सरफाई कार्यक्रम ।



यातायात व्यवसायी सँगको छलफल ।




दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम ।



सहरी विकास योजना सम्बन्धी कार्यशाला गोष्ठी ।



तालिम कार्यक्रम ।




सामुदायिक मेलमिलाप कार्यक्रममा सहभागी ।



कार्यशाला गोष्ठी उद्घाटन गर्दै प्रदेशसभा सदस्य माननीय माधव पौडेल ।



वडा नम्बर ७ भवन शिलान्यास कार्यक्रम ।



सगरमाथा आरोहीलाई आर्थिक सहयोग गरेपछि ।



धुलिखेलमा भएको कार्यक्रमपछि ।




लैंगिक हिंसाविरुद्धको १६ दिने अभियानमा भएको कार्यक्रममा सहभागीहरु ।



बजेट प्रस्तुत गर्दै उपप्रमुख ।




खुला दिसामुक्त घोषणा कार्यक्रम ।




प्रतिनिधिसभा र प्रदेशसभामा निर्वाचितको सम्मान कार्यक्रम ।




व्यवसायिक योजना तर्जुमा तालिम ।




महालक्ष्मी नगर पर्यटन विकास अन्तर्क्रिया कार्यक्रम ।



लामाटारबाट हामी सबैको यातायात बस सञ्चालन गर्दै ।




राष्ट्रपति रनिङ शिल्ड खेलकुद कार्यक्रम ।

स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर

"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"


**महालक्ष्मी नगरपालिका**

ललितपुर

३ नं. प्रदेश, नेपाल

फोन नं. ०१-५२०३५९२, ५२०१६३३, ५२०१७३३

Email: mahalaxmimun@gmail.com, info@mahalaxmimun@gov.np

URL: www.mahalaxmimunlalitpur.gov.np